# बालमैत्री स्थानीय शासन प्रशिक्षक प्रशिक्षण सहजीकरण पुस्तिका

## २०७८



N-CFLG Forum
For the Children
बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

World Vision

| | | |
|---|---|---|
| **लेखन तथा सम्पादन** | : | तिलोत्तम पौडेल<br>राजेश शर्मा<br>हरिवोल आचार्य |
| **सम्पादन सल्लाहकार** | : | डिलाराम पन्थि (उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)<br>श्याम अधिकारी (वर्ल्ड भिजन इन्टरनेशनल)<br>देबकी आचार्य (विद्यावारिधि) |
| **सम्पादन सहयोगी** | : | सुमिक्षा खड्का |
| **प्रकाशन प्रति** | : | ४०० |
| **डिजाईन** | : | ईकिगाई टेक्नोलोजी  प्रा. लि. (९८४१३०२७०५) |
| **संयोजन** | : | जागृति बाल तथा युवा सरोकार नेपाल, नवलपरासी (बर्दघाट सुस्तापूर्व) सम्पर्क कार्यालय, सानेपा, ललितपुर |

# यस पुस्तकको बारेमा

बालबालिका हाम्रो समाजका विशेष उमेर समूह हुन् । राज्यलाई समुन्नति र दिगो विकासको लक्ष्यमा अग्रसर गराउन बाल्यावस्थामा विशेष ध्यान पुऱ्याउन जरुरी हुन्छ । यसै सन्दर्भमा बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ नोभेम्बर २० मा पारित भयो । जसलाई नेपालले १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी आफ्नो प्रतिवद्धता जनायो । २०७२ सालमा जारी भएको नेपालको संविधानले पनि पहिलोपटक बाल अधिकारलाई मौलिकहकको रूपमा अङ्गिकार गरेको छ । यस क्षेत्रमा थप गतिशील र अपेक्षाकृत उपलब्धि हासिल गरी बालबालिकाको मुद्धालाई शासकीय संरचनामा संस्थागत गर्ने बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ पश्चात परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ कार्यान्वयनमा ल्याएको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार अधिबढिरहेको स्थितिमा तय गरिएका सूचकहरूलाई आत्मसात् गर्दै केहि स्थानीय तहहरू बालमैत्री घोषणा भएका छन् भने अन्य स्थानीय तहहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार बालमैत्री अभियानलाई अगाडि बढाउने क्रममा छन् ।

बालमैत्री अवधारणा अगाडि बढिरहँदा यो क्षेत्रमा क्रियाशील नागरिक संघ-सङ्गठनहरूको पहलमा बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको स्थापना भयो । सन् २०१७ मा स्थापना भएको यस सञ्जालमा विगतमा बालक्लबमा रहेर बाल अधिकारका क्षेत्रमा क्रियाशील युवाहरू आवद्ध रहेका छन् । सञ्जालले बालमैत्री स्थानीय शासनलाई देशभर नै विस्तार गर्न भूमिका खेलिरहेको छ । तीन तहको सरकार गठन भएसँगै केही सुस्ताएको बालमैत्री अभियान पुन:सक्रिय भएको छ । परिवर्तित सन्दर्भमा केही संशोधन गर्नका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ लाई सहजीकरणका लागि केहि प्रावधान तथा सूचकहरूमा परिमार्जन र थपगरी २०७८ असार २७ मा बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्री स्तरीय निर्णय गरी कार्यान्वयनका निम्ति स्थानीय तहलाई परिपत्रसँगसँगै बालमैत्री अभियान थप सशक्त हुन थालेको छ ।

यसै सन्दर्भमा बाल अधिकार, बालमैत्री स्थानीय शासन र बाल सहभागिताका क्षेत्रहरूमा स्थानीय सरोकारवाला तथा बालमैत्री स्थानीय शासन प्रवर्धन गर्न क्रियाशील रहनु भएका बालमैत्री सहजकर्ता तथा सामाजिक अभियन्ताहरूका लागि बालमैत्री स्थानीय शासन, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बालबालिका सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रावधानहरूको विषयमा थप प्रष्ट पार्ने ध्येयका साथ यो प्रशिक्षक प्रशिक्षण सहजीकरण पुस्तिका प्रकाशन गरिएको हो । यस पुस्तकमा बाल अधिकार, बालमैत्री स्थानीय शासनको अवधारणा, सूचकहरू, संरचनागत व्यवस्था, योजना तर्जुमा प्रक्रिया र बाल भेला लगायतका विषयवस्तुहरूमा तालीम सहजीकरण गर्दा अपनाईने विधि तथा सन्दर्भ सामग्रीहरू समेटिएका छन् ।

पुस्तक तयार गर्ने क्रममा लेखन कार्य गर्नुहुने तिलोत्तम पौडेल, राजेश शर्मा, र हरिवोल आचार्यप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यस पुस्तिकालाई थप परिष्कृत बनाउन सल्लाह र सुझाव प्रदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव डिलाराम पन्थी र शाखा अधिकृत जनक शर्मा तथा पुस्तकको तयारीका क्रममा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने, भाषा सम्पादनका दृष्टिकोणबाट सहयोग गर्नु हुने देबकी आचार्य र रोशनी कार्की पुस्तक सम्पादनलाई सुझाव प्रदान गर्ने वर्ल्ड भिजन इन्टरनेशनल नेपालका श्याम अधिकारी, प्रतिष्ठा कोइराला र आशिश थापामगर, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चका पदाधिकारी र कार्यक्रम अधिकृत सुमिक्षा खड्का, प्रकाशनमा सहयोग गर्नुहुने वर्ल्ड भिजन इन्टरनेशनल नेपाल लगायत यस पुस्तकको प्रकाशनका क्रममा योगदान गर्नुहुने सबैप्रति विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछौं । यो पुस्तिकाले बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा केही योगदान पुग्ने अपेक्षा  गर्दै यहाँको सुझावलाई यस मञ्चले सधैं आत्मसात् गर्दै अगाडि बढ्ने विश्वास दिलाउन चाहन्छौं ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च परिवार ।

# सत्रहरूको बारेमा

यस पुस्तक बालमैत्री स्थानीय शासन सम्बन्धी तालीम सहजीकरण गर्ने सहजकर्ताहरूका लागि तयार गरिएको छ। यस पुस्तिकामा सकेसम्म सरल र बुझ्िने किसिमको भाषाशैली प्रयोग गर्ने प्रयास गरिएको छ ।

**यस पुस्तकमा ३ वटा खण्डहरू रहेका छन् ।**

### १) औपचारिक सुरुवात

यस खण्डमा तालीमको मुख्य विषयवस्तुमा प्रवेश गर्नु पूर्व सहभागीहरूलाई सहज वातावरण सिर्जना गर्नका लागि तयार गरिएको छ। यस खण्डमा सहभागीहरूले एक अर्कासँग परिचित हुने, तालीमको विधि, समय, उद्देश्य, आचारसंहिता, व्यवस्थापन लगायतका बारेमा जानकारी लिनेछन् ।

### २) विषयप्रवेश

यस खण्डमा तालीमको मुख्य छलफल गर्नुपर्ने विषयवस्तुहरू समावेश गरिएको छ। यो खण्ड आफैँमा लामो र मुख्य विषयवस्तुमा केन्द्रित हुने हुँदा सहभागीहरूले छलफलका विषयमा विषेश ध्यान दिन जरुरी छ ।

### ३) औपचारिक समापन

यस खण्डमा तालीममा भएका सिकाइहरूको संक्षेपीकरण गरी तालीमको प्रभावकारिता बारे छलफल गर्ने गरिन्छ । साथै सहभागीहरूको सुझाव र प्रतिक्रिया पनि यसै खण्डमा लिइने छ ।

### सत्रहरू

यस पुस्तिकामा सत्रहरूलाई उद्देश्य, अपेक्षित उपलब्धि, समय, पूर्व-तयारी, आवश्यक सामग्री, क्रियाकलाप र सन्दर्भ सामग्री गरी विभाजन गरिएको छ।

तालीम सञ्चालनको विधिलाई क्रियाकलाप अन्तर्गत वर्णन गरिएको छ भने छलफलका क्रममा छुटाउन नहुने विषयवस्तुलाई सन्दर्भ सामग्री अन्तर्गत राखिएको छ ।

## पूर्व-तयारी

### क. तालीम आयोजक

१. होटलमा बालश्रम नभएको सुनिश्चितता

२. समावेशी र सुरक्षित सहभागिताको सुनिश्चितता

३. विपद् जोखिम पूर्व-तयारी सम्बन्धी सहभागीहरूलाई जानकारी गराइएको,

४. सहभागीहरूको आपतकालीन सम्पर्क जानकारी,

५. स्यानीटरी प्याड सहितको प्राथमिक उपचार बक्स ।

### ख. सहजकर्ता

१. सन्दर्भ सामग्रीहरूको अध्ययन र सङ्कलन

२. सत्र अनुसारका पूर्व-तयारी

३. तालीम व्यवस्थापनलाई सहयोग र समन्वय

# विषयसूची

**शीर्षक** **पेज नं.**

**यस पुस्तकको बारेमा............ क**

**सत्रहरूको बारेमा............ ख**

**खण्ड "क" प्रशिक्षण औपचारिकता सत्र**

सत्र १ : उद्घाटन परिचय, अपेक्षा सङ्कलन र विषयवस्तुहरू............ १

सत्र २ : प्रशिक्षणका नियम र आचारसंहिता............ ४

सत्र ३ : पूर्व-परीक्षण............ ५

**खण्ड "ख" प्रशिक्षणको विषयवस्तु सत्र**

सत्र ४ : बालबालिकामा लगानी किन............ ८

सत्र ५ : बाल अधिकार र बालबालिका केन्द्रित नीति तथा कानूनी व्यवस्थाहरू............ ११

सत्र ६ : अर्थपूर्ण बाल सहभागिता............ १९

सत्र ७ : बालमैत्री स्थानीय शासनको अवधारणा ............ २३

सत्र ८ : बालमैत्री स्थानीय शासनका सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन र घोषणा............ २७

सत्र ९ : बालमैत्री स्थानीय शासनको प्रतिफल र चरणहरू............ ३३

सत्र १० : बालमैत्री स्थानीय शासनका सूचकहरू र सरोकारवालाको भूमिका............ ३६

सत्र ११: सूचकहरूको सरलीकरण, स्थानीयकरण र अवस्था विश्लेषण............ ४०

सत्र १२ : बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणा पूर्व-तयारी
(प्रोफाइल, लगानी योजना, रणनीतिक योजना र स्थिति पत्र)............ ४३

सत्र १३ : संरचनात्मक व्यवस्था र जिम्मेवार निकायहरू, जिम्मेवारी............ ४७

सत्र १४ : बालबालिकाका प्रमूख सवालहरू............ ५५

सत्र १५ : बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि ध्यान दिनुपर्ने विषयहरू............ ५८

सत्र १६ : बालक्लब गठन मार्गदर्शन............ ६१

सत्र १७ : बाल भेला (परिचय, विधि र सञ्चालन)............ ६८

सत्र १८ : स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता............ ७३

**खण्ड "ग" समापन औपचारिकता सत्र**

सत्र १९ : सहजीकरण सीप र गुण............ ७७

सत्र २० : सहजीकरण अभ्यास............ ७९

सत्र २१ : कार्ययोजना निमार्ण............ ८०

सत्र २२ : तालीम पश्चातको परीक्षण............ ८१

सत्र २३ : समग्र तालीमको पुनरावलोकन तथा मूल्याङ्कन............ ८३

**सन्दर्भ सामग्री ............ ८४**

# खण्ड "क"

# प्रशिक्षण औपचारिक सत्र

# सत्र १ : उद्घाटन परिचय, अपेक्षा सङ्कलन र विषयवस्तुहरू

**समय** : ४५ मिनेट

**उद्धेश्य** :

- सहभागीहरू बीच परिचय गराई सहज र मैत्रीपूर्ण वातावरण बनाउनु,
- प्रशिक्षणमा सहभागीहरूको अपेक्षा र तय गरिएका विषयहरूका बारेमा स्पष्ट पार्नु ।

**अपेक्षित उपलब्धि** :

- सहभागीहरू एकआपसमा परिचित भई सक्रिय सहभागिताका लागि तयार हुनेछन् ।
- सहभागीहरू प्रशिक्षणका उद्देश्य, विषयवस्तुको बारेमा स्पष्ट हुनेछन् ।

**पूर्व-तयारी** : सहजकर्ताले ह्यूम्यान बिंगो खेलका लागि आवश्यक सबै सहभागीहरूलाई पुग्ने गरेर प्रिन्ट गरेर राख्नुपर्छ ।

**आवश्यक सामग्री** : ह्यूम्यान बिंगो खेलको हातेपत्र

**विधि** : ह्यूम्यान बिंगो खेल, अन्तर्क्रियात्मक प्रस्तुति

**क्रियाकलापहरू** :

- आयोजकले कार्यक्रमको औपचारिक उद्घाटन गर्न सक्नेछन् । उद्घाटन सत्रले समग्र प्रशिक्षणमा प्रारम्भिक छाप पर्नेहुँदा छोटो, प्रभावकारी होस् भन्ने कुरामा सचेत हुनुपर्छ ।
- उद्घाटन सत्रमा हुने औपचारिक कार्यक्रममा कार्यक्रमको औपचारिक उद्घाटन, स्वागत मन्तव्य पछि आयोजकले कार्यक्रमको औचित्य तथा सान्दर्भिकता बारे प्रकाश पार्नुपर्छ ।
- अन्त्यमा अतिथिको शुभकामना पछि आयोजकले औपचारिक सत्रको अन्त्य गर्दै प्रशिक्षण सञ्चालनका लागि सहजकर्तालाई सत्र हस्तान्तरण गर्नुपर्छ ।
- सहजकर्ताले सबै सहभागीलाई स्वागत् गर्दै प्रशिक्षण कार्यक्रम सुरु गर्नलागेको जानकारी दिने ।
- सहभागीहरू सबैले एकअर्कालाई चिन्दछौं त ? भनेर सहभागीलाई प्रश्न गर्ने र सबै सहभागीले एक अर्कालाई चिन्नका लागि एक नयाँ विधिबाट परिचय गर्ने जानकारी गराउने ।
- ह्यूम्यान बिंगो खेलको नियम बताउँदै यस खेलका लागि प्रत्येक सहभागीलाई एकएक वटा बिंगो प्रश्नपत्र वितरण गर्ने र अधिकतम् १० मिनेटको समयमा उक्त प्रश्नमा भएका साथीहरूको खोजी गर्न अनुरोध गर्ने ।
- यसरी खेल खेल्दा सहजकर्ता र आयोजक, प्रतिनिधि पनि सहभागी हुँदा झनै राम्रो हुन्छ ।
- सहभागीहरूलाई हातेपत्र वितरण गर्नुहोस् र हातेपत्र सबै सहभागीहरूलाई एक पटक पढ्नको लागि अनुरोध गर्नुहोस् ।
- सहभागीले कुनै वाक्य नबुझ्मा बुझाइदिनुहोस् ।
- अब सहभागीहरूलाई हातेपत्रमा भने जस्तै कुरा मिल्ने साथी भेटाउनको निमित्त भन्नुहोस् । जस्तैः एउटा साथीको नाम एक पटक मात्र लेख्न पाइने पनि बताउनुहोस् ।
- सहभागीहरूलाई आफ्नो ठाउँबाट उठेर साथी खोज्नको लागि भन्नुहोस् । जसले सबै भनाइमा मिल्ने साथीहरू भेटाउँछ उसले बिन्गो भनेर ठूलो स्वरले कराउन भन्नुहोस् ।
- बिंगो खेलमा प्रथम हुनेबाट परिचय शुरु गर्दै उसको अपेक्षा बताउने र आफ्नो प्रश्नमा उल्लेख भएका साथीहरूलाई पालैपालो अगाडि बोलाइ परिचय दिन र अपेक्षा भन्न लगाउने । सबै जनाको परिचय नसकिएसम्म बिंगो खेलमा जितेका आधारमा यही क्रम निरन्तरता दिने ।
- सहजकर्ताले सहभागीहरूले भनेका अपेक्षाहरूलाई न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सहजकर्ताले यस तालीमको उद्देश्य र विषयवस्तुहरूबारे सङ्क्षिप्तमा बताउँदै समेट्न नसकिएका विषयहरूका बारेमा जानकारी दिने ।
- अन्तमा धन्यवाद सहित सत्र समापन गर्ने ।

**सन्दर्भ सामग्री** :

सन्दर्भ सामग्री १. ह्यूम्यान बिंगो खेल प्रश्नहरू

| **नाम**: | |
|---|---|
| (कृपया एउटा साथीको नाम एक पटक मात्र लेख्नुहोला ।) | |
| भनाइहरू | साथीको नाम |
| मैले नगरपालिकाको प्रमुख/उपप्रमुखलाई चिनेको छु । | |
| मेरो जन्मदिन असारमा पर्छ । | |
| मलाई नाच्न असाध्यै मन पर्छ । | |
| मेरो स्वर मिठो भएकोले म गीत गाउँछु । | |
| मैले बाल अधिकार महासन्धिको बारेमा सुनेको छु । | |
| म बालक्लबको पूर्व सदस्य हुँ । | |
| म जिब्रोले नाक छुन सक्छु । | |
| मलाई बाल अधिकार महासन्धिमा कतिवटा धारा छन् भन्ने थाहा छ । | |
| मैले बालमैत्री स्थानीय शासनको बारेमा सुनेको छु । | |
| मलाई बाल अधिकारका सिद्धान्तहरू के-के हुन् थाहा छ । | |
| मेरो पालिकामा योजना तर्जुमाको समयमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने गरिन्छ । | |

**सहजकर्तालाई सुझाव** : यस खेलमा सबै सहभागीहरूलाई सक्रिय सहभागिताको लागि सहजकर्ताले प्रोत्साहित गर्नुपर्छ । आवश्यकता अनुसार सहजकर्ताले खेलको लागि समय पनि तोक्न सक्नेछन् । कुनै वाक्यमा वर्णन गरे अनुसार कोहीपनि साथी नभेटिन सक्छन् यदि कोही पनि नभेटिए त्यो कोठा खाली राख्न सकिने छ भन्ने कुराको जानकारी सहजकर्ताले सहभागीलाई दिनुपर्दछ ।

**सन्दर्भ सामग्री २. प्रशिक्षणको उद्देश्य तथा विषयहरू**

**तालीमका उद्धेश्यहरू**

क) बालबालिकामा लगानी गर्नुको कारण, बाल अधिकार र नीतिगत व्यवस्थाका बारेमा जानकारी दिने ।

ख) बालमैत्री स्थानीय शासनको अवधारणा, रणनीति, संरचना, सूचक, घोषणा र प्रतिफलका बारेमा जानकारी दिने ।

ग) बाल सहभागिता, बाल भेला र स्थानीय तहको योजना तर्जुमा प्रक्रियाका सम्बन्धमा जानकारी दिने ।

घ) बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि स्थानीय सरोकारवालाको भूमिकाका बारेमा जानकारी दिने ।

# तालीमका विषयहरू

| क्र.स. | सत्र शीर्षक | समय |
|---|---|---|
| **खण्ड "क" प्रशिक्षण औपचारिकता सत्र** | | |
| १ | सत्र १ : उद्घाटन परिचय, अपेक्षा संकलन र विषयबस्तुहरू | ४५ मिनेट |
| २ | सत्र २ : प्रशिक्षणका नियम र आचारसंहिता | ३० मिनेट |
| ३ | सत्रः ३ पूर्व परीक्षण | १० मिनेट |
| **खण्ड "ख" प्रशिक्षणको विषयवस्तु सत्र** | | |
| ४ | सत्रः ४ बालबालिकामा लगानी किन | १ घण्टा २० मिनेट |
| ५ | सत्र ५ : बाल अधिकार र बालबालिका केन्द्रित नीति तथा कानूनी व्यवस्थाहरू | १ घण्टा ३० मिनेट |
| ६ | सत्र ६ : अर्थपूर्ण बाल सहभागिता | १ घण्टा १५ मिनेट |
| ७ | सत्र ७ : बालमैत्री स्थानीय शासनको अवधारणा | २ घण्टा |
| ८ | सत्र ८ : बालमैत्री स्थानीय शासनका सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन र घोषणा | १ घण्टा ३० मिनेट |
| ९ | सत्र ९ : बालमैत्री स्थानीय शासनको प्रतिफल र चरणहरू | २ घण्टा १५ मिनेट |
| १० | सत्र १० : बालमैत्री स्थानीय शासनका सूचकहरू र सरोकारवालाको भूमिका | १ घण्टा ३० मिनेट |
| ११ | सत्र ११ : सूचकहरूको सरलीकरण, स्थानीयकरण र अवस्था विश्लेषण | २ घण्टा १५ मिनेट |
| १२ | सत्र १२ : बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणा पूर्वतयारी (प्रोफाइल, लगानी योजना, रणनीतिक योजना र स्थिति पत्र) | १ घण्टा १५ मिनेट |
| १३ | सत्र १३ : संरचनात्मक व्यवस्था र जिम्मेवार निकायहरू, जिम्मेवारी | १ घण्टा ३० मिनेट |
| १४ | सत्र १४ : बालबालिकाका प्रमूख सवालहरू | १ घण्टा ३० मिनेट |
| १५ | सत्र १५ : बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि ध्यान दिनुपर्ने विषयहरू | १ घण्टा |
| १६ | सत्र १६ : बालक्ल गठन मार्गदर्शन | १ घण्टा २० मिनेट |
| १७ | सत्र १७ : बाल भेला (परिचय, विधि र सञ्चालन) | २ घण्टा ४० मिनेट |
| १८ | सत्र १८ : स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता | ४० मिनेट |
| **खण्ड "ग" समापन औपचारिकता सत्र** | | |
| १९ | सत्र १९ : सहजीकरण सीप र गुण | १ घण्टा ३० मिनेट |
| २० | सत्र २० : सहजीकरण अभ्यास | ३ घण्टा |
| २१ | सत्र २० : कार्ययोजना निमार्ण | १ घण्टा |
| २२ | सत्र २१ : तालीम पश्चातको परीक्षण | १० मिनेट |
| २३ | सत्र २२ : समग्र तालीमको पुनरावलोकन तथा मूल्याङ्कन | २० मिनेट |

# सत्र २ : प्रशिक्षणका नियम र आचारसंहिता

**उद्देश्य** : तालीमलाई व्यवस्थित र मर्यादित बनाउन सहभागीहरूबाट स्व-नियमका बुँदाहरू तयार गर्ने ।

**अपेक्षित उपलब्धि** : यस सत्रमा सहभागीहरूले तालीम अवधिभरको लागि आफ्नो लागि नियम बनाउनेछन् ।

**समय** : ३० मिनेट

**पूर्व-तयारी** : सबै साहभागीहरूलाई पुग्ने गरी रातो र नीलो रङको मेटाकार्ड

**आवश्यक सामग्री** : न्यूजप्रिन्ट, मार्कर

**विधि** : छलफल

### क्रियाकलाप

- ✓ प्रत्येक सहभागीलाई २ वटा रङ्गको (रातो र नीलो) मेटा कार्ड वितरण गर्नुहोस् ।
- ✓ प्रत्येक सहभागीलाई उक्त मेटा कार्डमा निम्न कार्य गर्न भन्नुहोस् ।
  रातो : हाम्रो के-कस्ता क्रियाकलापले यस प्रशिक्षण कार्यक्रममा अवरोध सिर्जना हुन सक्छ ? एउटा मात्र बुँदा ।
  नीलो : हाम्रो के-कस्ता क्रियाकलापले यस प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन सक्छ ? एउटा मात्र बुँदा ।
- ✓ ५ मिनेटको समय दिनुहोस् ।
- ✓ अब सहभागी मध्येबाट केहीलाई आफूले लेखेको कुरा भन्नलाई अनुरोध गर्नुहोस् । सहभागीले भनेका कुरा अगाडि टाँसिएको न्यूजप्रिन्टमा टिप्दै जानुहोस् ।
- ✓ केही सहभागीको भनाइ सुनीसकेपछि अरु कसैले यहाँ लेखिए भन्दा फरक लेखेको भए सुनाउन अनुरोध गर्नुहोस् ।
- ✓ अब सहभागीले भनेका कुरा नै यस तालीमको नियम भएको कुरा बताउनुहोस् । यो नियममा सबैजना सहमत हुनुहुन्छ भने ताली बजाएर पारित गर्न अनुरोध गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई पूर्व-परीक्षण प्रश्नावलीको उद्देश्य र उपयोगिताको बारेमा जानकारी दिई उक्त प्रश्नावली वितरण गर्नुहोस् । (समय १० मिनेट)

#### सन्दर्भ सामग्री १ : नमुना आचारसंहिता

- सहभागीले तालीम अवधिभर मोबाइल नचलाउने वा साइलेन्समा राख्ने ।
- आफ्नो कुरा राख्दा हात उठाएर मात्र पालैपालो राख्ने ।
- सहजकर्ता वा संयोजकको निर्देशन पालना गर्ने ।
- अरुको विचारलाई सम्मान गर्ने ।
- अरुको कुरा सुनिसके पश्चात मात्र आफ्नो कुरा राख्ने ।
- समयको पालना गर्ने ।
- ब्रेकको समय भन्दा अन्य समयमा सकेसम्म बाहिर भित्र नगर्ने ।
- तालीममा सक्रिय सहभागिता जनाउने ।

# सत्रः ३ पूर्व-परीक्षण

**उद्देश्य**: सहभागीहरूको बालमैत्री स्थानीय शासनका बारेमा रहेको बुझाइलाई परीक्षण गर्नु ।

**अपेक्षित उपलब्धि**: सहभागीहरूलाई तालीमले समेटने विषयवस्तुको बारेमा भएको ज्ञानका बारेमा जानकारी हासिल हुनेछ ।

**समय**: १० मिनेट

**पूर्व-तयारी**: सहजकर्ताले पूर्व-परीक्षण प्रश्नावली पहिले नै सबै सहभागीहरूलाई पुग्ने गरी तयारी गरी राख्नु पर्नेछ ।

**विधि**: प्रश्नोत्तर

**क्रियाकलाप**:

- ✓ सहजकर्ताले सहभागीहरूलाई यस तालीममा छलफल गरिने विषयवस्तुका बारेमा हामी सबैको बुझाई एउटै नहुन सक्छ । एक जनालाई थाहा भएको कुरा अर्कोलाई थाहा नहुन पनि सक्छ, त्यसैले यस विषयवस्तुमा हामीलाई के-कस्तो जानकारी छ भनी जान्नका लागि पूर्व-परीक्षण गर्न गईरहेको जानकारी दिनुहोस् ।
- ✓ सबै सहभागीहरूलाई सहजीकरण पुस्तिकामा भएजस्तै पूर्व-परीक्षणका प्रश्नहरू वितरण गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई प्रश्नपत्रको माथि आफूले चिन्ने कुनै संकेत वा चिन्ह राख्न सक्नुहुन्छ भनी बताउनुहोस् ।

**पूर्व-परीक्षण**

१. बाल अधिकार सम्बन्धी महासन्धि कहिले पारित भएको थियो ?

क) १९९० सेप्टेम्बर १४ ख) १९८९ सेप्टेम्बर २० ग) १९८९ नोभेम्बर २० घ) १९८९ नोभेम्बर २०

२. बाल अधिकार सम्बन्धी महासन्धिमा कतिवटा धारा छन् ?

क) ४३ ख) ५४ ग) ४ घ) १६

३. बाल अधिकार सम्बन्धी महासन्धिलाई कति पक्षमा विभाजन गर्न सकिन्छ ?

क) ९ ख) ५४ ग) ७ घ) ४

४. बालमैत्री स्थानीय शासनका कतिवटा सूचकहरू छन् ?

क) ४२ ख) २७ ग) ५१ घ) ३९

५. बालमैत्री स्थानीय शासनका कतिवटा सिद्धान्तहरू छन् ?

क) ७ ख) ४ ग) २ घ) ९

६. पूर्ण खोप कुन अधिकार अन्तर्गत पर्छ ?

क) बाल सहभागिता ख) बाल संरक्षण ग) बाल बचाउ घ) बाल विकास

७. तलका मध्ये कुन भनाइ सर्वोत्तम हित अन्तर्गत पर्छ ?

क) रामको छोरा मोबाईल नभइ खाना खान्न भनेपछि रामले उसलाई मोबाईलमा गेम खेल्न दिन्छ ।

ख) सीता आत्नी छोरी रुन्छे भनेर दादुराको खोप लगाउन नलैजाने विचारमा छिन् ।

ग) १४ जना मात्र विद्यार्थी भएर बन्द हुन लागेको विद्यालयलाई मेयरसाहेबले ती विद्यार्थी अर्को विद्यालयसम्म पुग्न गार्हो हुने भन्दै बन्द नगर्ने निर्णय गर्छन् ।

घ) कुनै पनि होइन ।

८)　बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि कति अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था छ ?

क) ७०%　ख) ८०%　ग) ९०%　घ) १००%

९) स्थानीय सरकार सञ्चालन ऐन, २०७४मा वडालाई बालमैत्री बनाउने कुरा कसको कर्तव्य अन्तर्गत राखिएको छ ?

क) जि. स. स.　ख) पालिका　ग) पालिका प्रमुख/अध्यक्ष　घ) वडा समिति

१०) पालिकालाई बालमैत्री घोषणा गर्नका लागि स्वीकृति दिने निकाय कुन हो ?

क) कार्यपालिका　ख) जि. स. स.

ग) प्रदेश सरकार सम्पर्क मन्त्रालय　घ) संघीय सम्पर्क मन्त्रालय

११.　बालमैत्री स्थानीय शासन भनेको के हो ?

.........................................................................................................................................................................

.........................................................................................................................................................................

..........................................

१२.　बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण भनेको के हो ?

.........................................................................................................................................................................

.........................................................................................................................................................................

..........................................

१३ आवधिक लगानी योजना र रणनीतिक योजनाबीचको भिन्नता के होला ?

.........................................................................................................................................................................

.........................................................................................................................................................................

..........................................

माथि उल्लिखित प्रश्नको उत्तर पेज नं. ८३ मा रहेको छ ।

# खण्ड ख

# प्रशिक्षणको विषयवस्तु

# सत्र

# सत्रः ४ बालबालिकामा लगानी किन ?

**उद्देश्य**ः यस सत्रमा सहभागीहरूलाई बालबालिकामा गरिने लगानीको महत्त्वको बारेमा जानकारी दिनु रहेको छ ।

**अपेक्षित उपलब्धि**ः यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालबालिकामा लगानी गर्नुपर्नाको कारण र तथ्यगत तर्कहरूको बारेको जानकारी पाउनेछन् ।

**समय**ः १ घण्टा २० मिनेट

**पूर्व-तयारी**:ः बालबालिकामा लगानी गर्न किन आवश्यक छ ? भनी लेखिएको हातेपत्र,

**आवश्यक सामग्री**ः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**ः छलफल, प्रश्नोउत्तर, प्रस्तुतीकरण ।

**क्रियाकलाप**ः

- ✓ सहजकर्ताले पूर्व-परीक्षण सकिएपछि सहभागीहरूलाई अब हामी बालबालिकामा लगानी किन गर्ने ? भन्ने विषयमा छलफल गर्दैछौँ भनी सत्रको सुरुवात गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई हामीले बालबालिकामा गरिने के-के कुराहरू खर्च अनि के-के कुराहरू लगानी होलान् भनी सोध्नुहोस् । सहभगीहरूलाई आफूले आ-आफ्ना बालबालिकालाई गरेको खर्च र लगानीका क्षेत्रहरू पनि भन्न सकिने बताउनुहोस् ।
- ✓ सबै सहभागीहरूले आफ्नो विचार प्रस्तुत गरेपछि अब सहजकर्ताले आफ्नो नजिकका २/२ जनाको समूह बन्नका लागि भन्नुहोस् ।
- ✓ अब सहभागीहरूको समूहलालाई खर्च र लगानीमा के फरक छ ? भनी प्रश्न गर्नुहोस् । केही सहभागीहरूको भनाइ सुनिसकेपछि हातेपत्रमा भएजस्तै सहजकर्ताले खर्च र लगानी बीचको भिन्नता बताउनुहोस् ।
- ✓ अब २/२ जनाको समूहबाट आफ्नो भन्दा फरक प्रस्तुतीकरण लागेको अर्को समूहसँग मिलेर ४/४ जनाको समूह बन्नका लागि भन्नुहोस् ।
- ✓ सहजकर्ताले हातेपत्रमा भए जस्तै बालबालिकामा लगानी गर्नुपर्ने तर्क र कारण बारे छलफल गरेर प्रत्येक समूहलाई ४/४ वटा तर्क वा कारण तयार गर्नका लागि भन्नुहोस् । यसका लागि १० मिनेट समय उपलब्ध गराउनुहोस् । अन्त्यमा सहभागीहरूले छुटाएका विषयवस्तुहरूलाई समेट्दै छलफलको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री**

## बालबालिकामा लगानी किन ?

नेपालले सन् १९९० मा अनुमोदन गरेको बाल अधिकार सम्बन्धी महासन्धिले  बालबालिका तथा किशोरकिशोरीका आधार भूत आवश्यकताहरूलाई आर्थिक, सामाजिक र मौलिक अधिकारको रूपमा अनुमोदन गरेको छ । राज्य तथा सरकारले यी अधिकारहरूलाई "स्रोत र साधन उपलब्ध भएसम्म" (धारा ४) सुनिश्चित गर्नुपर्ने भनी स्थापित गरेको छ ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पूजीमा लगानी गर्नु हो । गर्भाधानदेखि दुई वर्षसम्मको समयावधि, अर्थात बालबालिकाको सुनौंला हजार (शुरुका १०००) दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरीबीबाट उम्किन सक्ने क्षमतामा ठूलो प्रभाव पार्दछ । परिवारहरू, समुदायहरू र देशहरू कै गरीबीको चक्र भङ्ग गर्न यसले सहयोग गर्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, स्थिरता र समृद्धिमा पनि प्रभाव पार्दछ ।

छोटो समयमा नै  घटेको बाल मृत्युदर र बढेको औसत आयुको फलस्वरूप विगतका केहि दशकहरूमा नेपालले तीव्र जनसांख्यिक परिवर्तनको अनुभव गरिरहेको छ । देशमा सन् २०२८ मा "ढल्दो उमेरको समाज" र सन् २०५४ सम्ममा "वृद्ध" समाज बन्ने अनुमान गरिएको छ । नेपालसँग हाल एक सिमित समयावधि भएको "जनसांख्यिक अवसर" छ । जब देशको कामकाजी जनसंख्या अझै युवा र उत्पादनशील हुन्छ तव देशको मुहार फेरिन्छ ।  युवा जनसंख्या सीपमुलक र दक्ष हुनका लागि उनीहरूमा लगानी जरुरी छ । ती युवाहरू त्यो अवस्थामा पुग्न बालबालिकामा लगानी हुन आवश्यक छ । अहिलेका युवाहरू विगतमा बालबालिका हुँदा लगानीको अवसरबाट लाभान्वित हुन सकेको भए विकासको गति अझ बढ्न सक्थ्यो । अहिले भएको युवाहरूको जनसंख्या

पछिसम्म यही अवस्थामा रहन्न । अर्थात अहिले भएको युवाको संख्या विस्तारै घट्छ । तसर्थ नेपालले अत्याधिक जनसांख्यिक लाभांश सुनिश्चित गर्नका लागि आजका बालबालिका वयस्क हुने समयमा उनीहरूले वृद्धहरूको सेवा गर्दै समाजको पनि विकास गर्न सक्षम बनाउन त्यस समयसम्ममा उनीहरूको उत्पादकत्व बढाउनका लागि वर्तमान समयमा नै लगानी गर्न जरुरी छ ।

बालिकालाई ६ वर्ष वा त्यसभन्दा बढि शिक्षा दिनाले उनीहरूको गर्भावस्थाको स्याहार, प्रसुति अवस्थाको स्याहार र जन्म पश्चात शिशु जीवित रहने दरमा उल्लेखनीय र दिगो सुधार ल्याउँछ । आमाहरूलाई शिक्षा दिनाले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर उल्लेखनीय रूपमा घट्न जान्छ । शिक्षित बालिकाहरूको मनोबल उच्च रहन्छ भने एचआईभीको संक्रमण, हिंसा तथा शोषणबाट जोगिने सम्भावना उच्च रहन्छ र आफ्ना परिवार र समुदायमा सु-स्वास्थ्य र सरसफाईको चेतना फैलाउने सम्भावना पनि उच्च रहन्छ । यसका अतिरिक्त एक शिक्षित आमाले आफ्ना छोराछोरीलाई पनि विद्यालय पठाउने सम्भावना बढि हुन्छ ।

### केही तर्कहरू

### अधिकारको तर्क :

२०७२ सालमा जारी भएको नेपालको संविधानले पहिलो पटक बाल अधिकारलाई मौलिक हक अन्तर्गत राखेको छ । नेपालले बाल अधिकार महासन्धि (१९८९)लाई सन् १९९० मा अनुमोदन गरी बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता गरिसकेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका विषयवस्तुहरूलाई समेटेको छ । ऐनले संघमा बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति, स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको व्यवस्था उल्लेख गरेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको पंन्ध्रौं योजनाले पनि बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना गरेको छ । यस योजना अवधिमा बालबालिका तथा किशोरकिशोरीलाई हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरूको हकअधिकार संरक्षण तथा संवर्द्धन गरी राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्ने लक्ष्य लिएको छ । जसका लागि पोषणयुक्त खानामा सुधार, प्रजनन् स्वास्थ्य र शिक्षा, मानसिक स्वास्थ्य र शिक्षा, खेलकुद, सबै प्रकारका हिंसा विरुद्ध सुन्य सहनशीलता अप्नाउने, बाल विवाह र बाल श्रम न्यूनीकरण गर्ने, सामाजिक जीवनमा बाल सहभागिता बढाउने जस्ता विषयवस्तु समेटिएका छन् । साथै बालमैत्री भौतिक, सामाजिक र संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ ।

### केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरू :

### अन्तर्राष्ट्रिय दस्तावेजहरू :

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८

२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

३. दिगोविकास लक्ष्य, सन् २०१६-२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

### राष्ट्रिय कानूनी दस्तावेजहरू

१. नेपालको संविधान

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४. बालबालिका सम्बन्धी ऐन, २०७५,

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

८. बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८

९. बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

९. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

**सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्क** :

बालबालिका हाम्रो समाजका अभिन्न अङ्ग हुन् । समाजलाई समुचित विकास गरी समुन्नत समाज निर्माण गर्न बालबालिकालाई पर्याप्त लगानी गर्नु जरुरत हुन्छ । आजका बालबालिका भोलिका आफ्नो क्षेत्रका नेतृत्व पनि हुन् ।

**आर्थिक तर्क** :

बालबालिका भविष्यका मानवीय पूँजी हुन् । अहिले उनीहरूलाई गरिएको यथोचित र पर्याप्त लगानीले निकट भविष्यमा राज्य, समाज र परिवारले दक्ष जनशक्ति पाउछन् । जसबाट समग्र आर्थिक परिसूचकमा सकारात्मक सुधार आउँछ ।

**भौतिक तथा मनोसामाजिक तर्क** :

१८ वर्षको उमेरसम्म मस्तिष्कको एक भाग विकास भइसकेको हुँदैन । योजना बनाउने, मूल्याङ्कन गर्ने, समस्या समाधान गर्ने, निर्णय लिने र संवेगलाई नियन्त्रण गर्ने मस्तिष्कको यो भागको विकास हुने बेलामा बालबालिकामा विशेष लगानी आवश्यक छ । खेलकुद, अतिरिक्त क्रियाकलाप, अध्ययन र संगीतमा सहभागी हुनाले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पादर्छ । यातना, वेवास्ता, लागुपदार्थ र मदिराको लतमा परेकाहरूको मस्तिष्कमा नकारात्मक प्रभाव परेको हुन्छ ।

**सत्रको निष्कर्ष**

१) विकसित समाज र गुणस्तरीय जीवनयापनका लागि बालबालिकामा लगानी गरिनु जरुरी छ ।

२) बालबालिका खर्च हैनन् लगानी हुन् ।

३) सामाजिक सांस्कृतिक परम्परा, आर्थिक विकासको सूचक र नेपालले अनुसरण गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाका कारण पनि बालबालिकामा लगानी गरिनुपर्छ ।

# सत्र ५ : बाल अधिकार र बालबालिका केन्द्रित नीति तथा कानूनी व्यवस्थाहरू

**उद्धेश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बाल अधिकारका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बाल अधिकार र यसका सिद्धान्त, चार समूह र यसको वर्तमान अवस्थाका बारेमा जानकारी पाउनेछन् ।

बाल अधिकार महासन्धिलाई व्यवहारमा लागू गर्न विद्यमान कानूनी व्यवस्था, नीति, योजना र कार्यक्रमका बारेमा थाहा पाउनेछन् ।

**समय**: १ घण्टा ३० मिनेट

**पूर्व-तयारी**: हाजिरिजवाफका लागि आवश्यक प्रश्नपत्र

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड आदि ।

**विधि**: हाजिरिजवाफ

### क्रियाकलाप

- ✓ सहभागीहरूलाई हाजिरिजवाफ प्रतियोगिता आयोजना हुँदैछ जसका लागि हामी समूह विभाजन गरौँ भनी चारवटा समूहमा विभाजन गर्नुपर्छ ।
- ✓ यसरी समूह विभाजन गर्दा प्रत्येक फरक-फरक लिङ्ग, भूगोल र क्षेत्रका सहभागीहरूलाई समूहमा रहने गरी व्यवस्था गर्नुपर्छ ।
- ✓ सहि उत्तर दिने समूहलाई १० अङ्क र अर्को समूहबाट पास भएर आएको उत्तर सहि भएमा ५ अङ्क पाइने भनी नियम बताउनुहोस् । प्रत्येक समूहलाई उत्तर दिनका लागि ३० सेकेन्डको समय हुने र पास भएर आएको प्रश्नको उत्तर दिनका लागि २० सेकेन्डको समय हुने बताउनुहोस् ।
- ✓ प्रत्येक प्रश्नको उत्तरसँगै सम्बन्धित विषयवस्तुहरू पनि छलफल गर्दै जानुहोस् ।
- ✓ हातेपत्रमा भए जस्तै सबै विषयवस्तुहरूको छलफल सकिएपछि सत्रको अन्त्य गर्नुहोस् ।

### सन्दर्भ सामग्री १

प्रश्नहरू

१. कति वर्ष उमेर समूहलाई बालबालिका भनीन्छ ?

क) १६ वर्ष    ख) १४ वर्ष    ग) १८ वर्ष    घ) २० वर्ष

२. बालबालिकाको अधिकार उल्लेख गरिएको सन्धिलाई के भनिन्छ ?

क) बाल महासन्धि    ख) बालबालिका सम्बन्धी ऐन

ग) बाल अधिकार सम्बन्धी महासन्धि    घ) कुनै पनि होइन

३. बाल अधिकार सम्बन्धी महासन्धि कहिले पारित भएको थियो ?

क) १९९० सेप्टम्बर १४    ख) १९८९ नोभेम्बर १४

ग) १९८९ सेप्टेम्बर २०    घ) १९८९ नोभेम्बर २०

४. राष्ट्रिय बाल दिवस कहिले मनाईन्छ ?

क) भदौ ४    ख) भदौ २९    ग) असोज ४    घ) मंसिर २९

५. अन्तर्राष्ट्रिय बाल दिवस कहिले मनाईन्छ ?

क) सेप्टेम्बर १४ ख) सेप्टेम्बर २० ग) नोभेम्बर १४ घ) नोभेम्बर २०

६. बाल अधिकार महासन्धिलाई छोटकरीमा के भनीन्छ ?

क) CRC ख) RCR ग) ROC घ) CCC

७. बाल अधिकार महासन्धिमा कतिवटा धाराहरू छन् ?

क) १४ ख) ४४ ग) ५४ घ) ५६

८. बाल अधिकार सम्बन्धी कुराहरू महासन्धिको धारा कतिदेखि कतिसम्म व्यवस्था गरिएको छ ?

क) १४-२० ख) ४४-४५ ग) ५०-५४ घ) १-४०

९. बाल अधिकार महासन्धिलाई सहज ढङ्गबाट बुझ्न कति भाग (पक्ष)मा बाढ्न सकिन्छ ?

क) ३ ख) ४ ग) ५ घ) ६

१०. बाल अधिकार महासन्धिका ४ वटा पक्षहरू के-के हुन् ?

क) बाल बचाउ ख) बाल संरक्षण ग) बाल विकास घ) बाल सहभागिता (ङ) माथिका सबै

११. बाल अधिकार महासन्धिका सिद्धान्तहरू कति वटा छन् ?

क) ६ ख) ५ ग) ४ घ) ३

१२. बालबालिकाले संघसंस्था खोल्न पाउने अधिकार बाल अधिकार महासन्धिको कुन धाराले सुनिश्चित गरेको छ ?

क) धारा २ ख) धारा १५ ग) धारा ४१ घ) धारा २२

१३. बाल अधिकार महासन्धिमा हस्ताक्षर नगर्ने एक मात्र देश कुन हो ?

क) अमेरिका ख) सोमालिया ग) चिन घ) भारत

१४. बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था भए अनुसार तलका मध्ये कुन संरचना स्थानीय तहमा हुन्छ ?

क) बाल कल्याण समिति ख) बाल अधिकार परिषद्

ग) बाल अधिकार समिति घ) बाल विकास समिति

१५. बालबालिका सम्बन्धी ऐन, २०७५ को अनुसार बालबालिका सम्बन्धी विषय हेर्ने जिम्मेवारी कसको हुने व्यवस्था छ ?

क) महिला विकास अधिकारी ख) बाल कल्याण अधिकारी

ग) शिक्षा अधिकृत घ) सामाजिक विकास अधिकृत

माथि उल्लिखित प्रश्नको उत्तर पेज नं. ८३ मा रहेको छ।

## सन्दर्भ सामग्री २

### बालबालिका

बालबालिका वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन्; भोलिको सुन्दर देश निर्माण गर्ने आधार स्तम्भहरू पनि हुन् । बालबालिकाप्रतिको बुझाईमा विविधता पाइन्छ । बालबालिका हुर्कने वातावरण, परिपक्वता, उनीहरूले पाएको सेवा सुविधा तथा हेरचाह, शिक्षाको स्तर, समाजको अवस्था, बालबालिकालाई समाजले हेर्ने दृष्टिकोण, सामाजिक चलन र मानिसहरूको बुझाइ, सामाजिकीकरणको प्रक्रिया आदि कारणले पनि बालबालिकालाई हेर्ने दृष्टिकोणमा फरक पार्दछ । बालबालिकाप्रति गरिने व्यवहार र उसको हुर्कने प्रक्रियामा उसको परिवार, समाज, सामाजिक मूल्य मान्यता आदिले फरक पार्दछ । बालबालिकाले पाएको अवसर, वयस्कहरूले उनीहरूलाई हेर्ने दृष्टिकोण, राज्यले प्रदान गर्ने सेवा सुविधा आदिले बाल्यकाल निर्भर हुने भएकाले बाल्यकालमा विविधता भेटिन्छ । तसर्थ हाम्रो समाजमा बालबालिका फरक-फरक परिवेशमा हुर्कने भएकाले बाल्यकालमा विविधता भेटिन्छ । शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रूपमा विकासवान मानवलाई बालबालिका भनेर व्याख्या गर्ने गरिन्छ । हाम्रा विद्यमान कानून, नीति र नेपालले हस्ताक्षर गरेका राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा प्रतिवद्धताका आधारमा हेर्ने हो भने उमेरका आधारमा बालबालिकालाई यसरी परिभाषित गरेको पाइन्छ ।

१. 'बालक भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्छ' भनेर नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ ले परिभाषित गरेको छ ।

२. 'बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ' भनी बालमैत्री स्थानीय शासनको राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि, २०६८ साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले परिभाषित गरेको छ ।

३. सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघबाट जारी बाल अधिकार महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा हस्ताक्षर गरेको थियो । उक्त महासन्धीले 'कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा वाहेक बालबालिका भनेका १८ वर्षभन्दा कम उमेरका सबै बालक वा बालिका हुन्' भनी परिभाषित गरेको छ । बालबालिका सम्बन्धी विभिन्न बुझाइ र कानूनी प्रावधान भए पनि हामीले बालबालिका सम्बन्धी साझा बुझाइ राख्नुपर्दछ । अन्तर्राष्ट्रिय मान्यता पाएको बाल अधिकार महासन्धि र नेपाल सरकारले पछिल्लो समय जारी गरेको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिलाई आधार मान्दै हामीले शारीरिक, मानसिक र संवेगात्मक रूपमा विकासवान १८ वर्षभन्दा कम उमेरका मानिसहरू नै बालबालिका हुन् भनेर बुझ्नुपर्छ । अर्थात समग्रमा भन्नुपर्दा बालबालिका भन्नाले गर्भावस्थादेखि १८ वर्षमुनिकालाई सम्झनुपर्छ । उनीहरूलाई विशेष संरक्षणको आवश्यकता हुन्छ । यस्तो अवस्थामा उनीहरूको उचित हेरचाह पुऱ्याउनु वयस्कहरूको दायित्व रहन्छ ।

### बाल अधिकार र कर्तव्य

नेपालको संविधान, बाल अधिकार सम्बन्धी ऐन, २०७५ र बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार आमाको गर्भमा आएको दिनदेखि १८ वर्षसम्मका मानव जातिलाई बालबालिका भनिन्छ । कुनै पनि बालबालिकालाई आमाको गर्भमा आएदेखि नै भेदभाव रहीत ढङ्गबाट, सुरक्षित रूपमा विकास हुन पाउने र सुरक्षित रूपमा आमाको दूध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बच्नका लागि हौसला सहित् नभई नहुने कुराहरू प्राप्त गर्न पाउनु पर्छ । यसै गरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, हिंसा, पिटाई, अपहेलना, बेचबिखन, अपहरण, कूलत, विभेद, वेवास्ता, बाल विवाह लगायतका कुराहरूबाट संरक्षित भई बाच्न पाउनु उनीहरूको अधिकार हो । सबै बालबालिकाले एकै प्रकारको वातावरणमा हुर्किन पाएका हुदैनन् तर परिवार तथा समाजबाट आ-आफ्नो क्षमता र अवस्था अनुसार प्राप्त स्रोत साधनको उपयोग गरेर हुर्काउनु र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरागर्नु नै बाल अधिकार हो ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिका ५४ वटा धाराहरू मध्ये चारवटा धारामा बाल अधिकारका चार मुख्य सिद्धान्त उल्लेख गरिएको छ । त्यसैका आधारमा बालबालिकाले आफ्नो अधिकारको उपभोग गर्न पाए नपाएको विषयमा निर्क्योल गर्न सक्छन् । ती सिद्धान्तहरू यस प्रकार रहेका छन्:-

**विना भेदभाव (धारा २)**

बच्न र विकास गर्न पाउने अधिकार (धारा ३)

**सर्वोत्तम हित (धारा ६)**

विचार र भावनाको कदर (धारा १२)

**बच्न पाउने अधिकार** :

- ✓ दीर्घजीवन जन्मसिद्ध अधिकार
- ✓ सुरक्षित जन्म
- ✓ खोप तथा स्वास्थ्य स्याहार
- ✓ पोषणयुक्त खाना
- ✓ सफा पानी
- ✓ गर्भवती महिलालाई विशेष स्याहार, आदि ।

**संरक्षणको अधिकार**

- ✓ बाल विवाह, भेदभाव, दुर्व्यवहार, विभेद, उत्पीडन्, हेला, अपमान, कुटपिट, यातना, यौन तथा श्रम शोषण, हानिकारक प्रथा, हानिकारक काम, युद्ध, बेचबिखन, ओसारपसार, कुलत लागुपदार्थ एसिड आक्रमण, बलात्कार आदिबाट संरक्षण,
- ✓ अभिभावक नभएकालाई संरक्षण
- ✓ अपाङ्गता भएकाहरूलाई विशेष स्याहार
- ✓ अनलाइन तथा डिजिटल माध्यममा हुने जोखिम तथा दुर्व्यवहारबाट संरक्षण
- ✓ कानूनी संरक्षण
- ✓ जन्मदर्ता र नागरिकता (पहिचानको अधिकार) आदि ।

**विकासको अधिकार**

- ✓ स्वच्छ वातावरणमा असल शिक्षा
- ✓ खेल र मनोरञ्जन
- ✓ आराम
- ✓ शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासका अवसरहरू
- ✓ माया ममता, उचित मार्गदर्शन र
- ✓ राम्रो पारिवारिक वातावरण ।

**सहभागिताको अधिकार**

- ✓ सामाजिक क्रियाकलापमा भागलिन पाउनुपर्ने,
- ✓ जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागी हुन पाउनुपर्ने,
- ✓ रचनात्मक कार्यहरूमा सहभागिता,
- ✓ जीवनका बारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार,
- ✓ संघ-संस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार,
- ✓ आस्था अनुसारको धर्ममा संलग्नता,
- ✓ बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने । अधिकारका कुरा गरिरहदा बालबालिका तथा वयस्क सबैले ध्यान दिनुपर्ने पक्ष भनेको अधिकार सँगसँगै कर्तव्य पनि जोडिएको हुन्छ ।

| अधिकार | कर्तव्य |
|---|---|
| उपयुक्त वातावरणमा गुणस्तरीय शिक्षाको उपलब्धता प्रदान गर्नु । | नियमित र अनुशासित ढङ्गले शिक्षा आर्जन गर्नु/सिक्न खोज्नु |
| बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विषयवस्तुमा अर्थपूर्ण र समान सहभागिता हुने अधिकार ।<br>यथार्थ र समयमा सूचना प्राप्त गर्नु । | कसैलाई गाली नगर्नु, सही सूचना दिनु, सक्रिय सहभागी हुनु र अरु साथीहरूको विचार सुनि विचारको कदर गर्नु बालबालिकाको कर्तव्य हो । |
| हरेक बालबालिका भेदभाव रहीत वातावरणमा हुर्कन पाउनु । | आफूले पनि अरुलाई भेदभाव नगर्नु, वयस्कलाई सम्मान गर्नु, सर-सल्लाह लिनु बालबालिकाको कर्तव्य हो । |
| बालबालिकाले पर्याप्त समय खेलकुद तथा मनोरञ्जन र व्यक्तित्व विकासको अवसर पाउनु ।<br>बालश्रमबाट सुरक्षा । | फुर्सद भएको समयमा परिवारका सदस्यलाई आफूले सक्ने काममा सघाउ पुऱ्याउनु । |
| सुरक्षित जन्म तथा पहिचान । | सामाजिक स्वयंसेवा तथा सेवाभाव राख्नु । |

**बालबालिका सम्बन्धी ऐन, २०७५**

बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकूल बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू (दफा ३ देखि १५ सम्म)

**परिच्छेद-२ बालबालिकाको अधिकार**

३. बच्न पाउने अधिकार अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था छ ।

४. नाम, राष्ट्रियता र पहिचानको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने कुरा उल्लेख गरेको छ ।

५. भेदभाव विरूद्धको अधिकारले कुनै पनि बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

६. बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार अन्तर्गत कुनै पनि बालबालिकालाई उनीहरूको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्न नपाईने व्यवस्था छ ।

७. संरक्षणको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

८. सहभागिताको अधिकारले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकारको व्यवस्था छ ।

९. अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारले प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्न पाउने अधिकारको प्रत्याभूत गरेको छ ।

१०. संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारले प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था गरेको छ ।

११. गोपनीयताको अधिकारमा व्यवस्था भए अनुसार बालबालिकालाई आफ्नो शरीर, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क,

पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने कुरा उल्लेख छ ।

१२. अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारले अपाङ्गता भएका बालबलिकालाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ ।

१३. पोषण तथा स्वास्थ्यको अधिकारले प्रत्येक बालबालिकालाई उचित पोषण, खोप, निःशुल्क आधारभूत स्वास्थ्य उपचार, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार सुनिश्चित गरेको छ ।

१४. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारमा प्रत्येक बालबालिकालाई आफ्नो उमेर र रूची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ ।

१५. शिक्षाको अधिकारमा प्रारम्भिक बाल विकासको अधिकारको साथै प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकारको व्यवस्था छ ।

यस बाहेक बालबालिका सम्बन्धी ऐनको दफा १६ मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक संघसंस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व, दफा १९ मा सञ्चार क्षेत्रको बालबालिकाप्रतिको दायित्व, परिच्छेद ४ मा बालन्याय, परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनःस्थापना, दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाह लगायतको व्यवस्था गरेको छ ।

साथै ऐनले प्रत्येक स्थानीय तहमा एक बाल कल्याण अधिकारिको व्यवस्था गरेको छ । स्थानीय तहमा बाल अधिकारको पृष्ठपोषण गर्न स्थानीय तहमा बाल अधिकार समिति हुनुपर्ने समेत उल्लेख छ । साथै प्रदेश तहमा प्रदेश बाल अधिकार समिति र संघमा राष्ट्रिय बाल अधिकार परिषद्को समेत व्यवस्था गरिएको छ ।

साथै यस ऐनको कार्यान्वयनको प्रयोजनका लागि स्थानीय तहले बालबालिका सम्बन्धी कार्यविधि वा नीति तर्जुमा गर्न सक्नेछन् ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का निम्न विषयवस्तुहरू बालबालिकासँग प्रत्येक्ष सम्बन्धित रहेका छन् ।

### अनुसूची ८ अनुसार एकल अधिकार सम्बन्धी व्यवस्था

ङ) स्थानीय सेवाको व्यवस्थापन

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन

च) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

- आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन

ज) आधारभूत र माध्यमिक शिक्षा

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- आधारभूत तहको परीक्षा व्यवस्थापन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।

झ) आधारभूत स्वास्थ्य र सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन,

- स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण,
- सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन ।

## अनुसूची ९ अनुसार संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार सम्बन्धी व्यवस्था

- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
- व्यक्तिगत घटनाको अभिलेख, व्यवस्थापन र प्रतिवेदन

गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ (बाल कोषको विशेष व्यवस्था गर्न सक्ने ।)

## वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत निम्न अधिकारहरू व्यवस्था गरिएको छ ।

- बाल उद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गर्ने,
- बालक्लब तथा बालसंजालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकालाई बि.सि.जि., पोलियो, भिटामिन ए. को व्यवस्था गर्ने
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा बालक्लब मार्फत् खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटनादर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

## वडालाई बालमैत्री बनाउने

- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- बाल विवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,
- प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

यसका साथै नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन सम्झौतामा समेत बालबालिकाको विभिन्न सवालका साथै बालमैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ ।

## राष्ट्रिय योजना २०७६/७७-८०/८१

परिच्छेद ७ को उप-शीर्षक ७ मा बालबालिका तथा किशोरकिशोरीको विषय उल्लेख छ ।

पन्ध्रौं योजनाका परिमाणात्मक लक्ष्य

- ✓ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता १०० प्रतिशत पुऱ्याउने,
- ✓ कम तौल भएका बालबालिकाको प्रतिशत १५ सम्ममा झार्ने,
- ✓ मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या ३२४ (योजनाको शुरु वर्षमा २७०) पुऱ्याउने लिएको छ ।

✓ मातृशिशु मृत्युदर प्रतिलाख २० मा झार्ने,
✓ बाल मृत्युदर ८ मा झार्ने,
✓ माध्यमिक तहको खूद भर्नादर ९५% पुऱ्याउने ।

### पन्ध्रौं योजनाका बालबालिका सम्बन्धी कार्यनीति

- सरकारका तीनै तहमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने,
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने,
- बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने,
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भएको हुने,
- सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिकाप्रतिको दायित्व अभिवृद्धि भएको हुने र
- बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ प्रभावकारी रूपमा सञ्चालन भएको हुने ।

### दिगो विकास लक्ष्य, २०३०

- दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् ।
- कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू छन् ।
- यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखन पीडित र जन्मदर्ताजस्ता विषयहरू छन् ।
- जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।

### बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने ।
- आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने ।
- बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने ।
- बालन्याय प्रणालीलाई सुदृढ गर्ने ।

### सत्रको निष्कर्ष

१. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, नेपालको संविधान, (मौलिक हक अन्तर्गत), बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएकाले बालबालिकाको बचाउको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित गर्नु परिवार, समाज र राज्यको दायित्व हो ।

२. बाल अधिकारको सुनिश्चिततासँगै बालबालिकालाई परिवार समाज र राज्यप्रतिको दायित्व समेत सिक्ने सिकाउने अवसर दिनुपर्छ ।

३. नेपालका विभिन्न नीति, आवधिक योजना तथा लक्ष्यले बाल अधिकार प्रवर्द्धनलाई प्राथमिकता दिएको छ ।

# सत्र ६ : अर्थपूर्ण बाल सहभागिता

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई अर्थपूर्ण बाल सहभागिताका बारेमा बुझाउनु हुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बाल सहभागिता भित्र पनि कसरी अर्थ पूर्ण बाल सहभागिता हुन्छ भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा १५ मिनेट

**पूर्व-तयारी**: सहभागिताका न्यूनतम मापदण्ड लेखिएको मेटाकार्ड ।

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा काड ।

**विधि**: स्टल खेल

### क्रियाकलाप

- ✓ यस सत्रमा हामी अर्थपूर्ण सहभागिताको बारेमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् । सबैलाई दुई वटा मेटाकार्ड दिनुहोस् । एउटामा सहभागी र अर्कातर्फ अर्थपूर्ण सहभागिता भनेको के हो ? लेख्नका लागि अनुरोध गर्नुहोस् । सहभागीहरूलाई स्वःइच्छिक रूपमा आफूले लेखेको कुराहरू प्रस्तुत गर्ने अवसर दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई एकातिर सहभागी र अर्कातिर अर्थपूर्ण सहभागिता लेखिएको न्यूजप्रिन्ट टाँस्नुहोस् ।
- ✓ सहभागीहरूलाई सहभागी लेखिएको तिर सोको परिभाषा लेखिएको र अर्कोतर्फ अर्थपूर्ण सहभागिताका बारेमा लेखिएका कुराहरू टाँस्नका लागि भन्नुहोस् ।
- ✓ सहभागीहरूको प्रस्तुतिलाई प्रोत्साहन गर्दै सन्दर्भ सामग्रीको आधारमा प्रस्तुतीकरण र छलफल गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई एउटा खेलखेलाउन गईरहेका छौं भनी जसका लागि ९ जना सहभागीहरूलाई स्वत स्फूर्त रूपमा अगाडि आउन अनुरोध गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई अब करिव २/२ मिटरको दुरिमा बस्नका लागि भन्नुहोस् । सहभागीहरूलाई अर्थपूर्ण सहभागिताका न्यूनतम मापडण्दहरू लेखिएका मेटाकार्ड दिनुहोस् । तपाईहरू एउटा/एउटा स्टल भएको कुरा बताउनुहोस् ।
- ✓ उक्त सहभागीहरूलाई आफूलाई प्राप्त मेटाकार्डमा लेखिएका विषयवस्तु अध्ययन गर्नका लागि ५ मिनेटको समय दिनुहोस् । अन्य सहभागीहरूलाई सबै स्टल घुम्नका लागि भन्नुहोस् ।
- ✓ अब सहभागीहरूलाई आफूलाई परेको विषयवस्तु अन्य सहभागीहरूलाई बुझाउनुपर्ने कुरा बताउनुहोस् । यसका लागि प्रत्येक स्टललाई ३ मिनेटको समय रहेको बताउनुहोस् ।
- ✓ सबैले सबै स्टल घुमिसकेपछि खेलको अन्त्य गर्नुहोस् ।
- ✓ सबै सहभागीले सबै स्टल घुमिसकेपछि सहजकर्ताले आफूले अर्थपूर्ण सहभागिताको मापडण्डहरू के-के हुन् र के-के बुझियो भनी छलफल गर्नुहोस् ।
- ✓ सहभागीहरूको भनाइ सुनिसकेपछि सहजकर्ताले आवश्यक भएमा थप प्रष्टिकरण गर्दै सत्रको अन्त्य गर्नुपर्छ ।

### सन्दर्भ सामग्री

### बाल सहभागिता

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरूमा आफ्नो कुरा सुनुवाई गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू नै बालबालिकाको सहभागिताको अधिकार हो । बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागी गराउँदै सिक्ने, अनुभव गर्ने, अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसात् गर्दै आफूलाई परिपक्व र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो । विकासका लागि बनाईएका योजनामा पनि बालबालिकाको आवाज राख्न र बालबालिकालाई सुहाउने राष्ट्र बनाउन पनि उनीहरूको सहभागिता महत्त्वपूर्ण पक्ष हो । नेपालको संविधानको मौलिक हकको धारा ३९ को उपधारा ३ अनुसार कुनै पनि बालबालिकालाई बाल सहभागिताको हक हुनेछ भन्ने कुरा उल्लेख समेत गरिएको छ ।

### बालबालिकाको सहभागिता के हो ? के हैन ?

| बाल सहभागिता के हो ? | बाल सहभागिता के होइन ? |
|---|---|
| कुनै पनि बालबालिकाले आफ्नो मनमा लागेका विचारहरू व्यक्त गर्न पाउनु, त्यसबारेमा आफ्नो धारणा राख्न पाउनु बाल सहभागिता हो । | कुनै पनि बालबालिकाले आफ्नो मनमा लागेका विचारहरू व्यक्त गर्न पाउनु, त्यसबारेमा आफ्नो धारणा राख्न पाउनु बाल सहभागिता हो भन्दैमा जे पायो त्यही बोल्नु र गर्नु बाल सहभागिता होइन । |
| घर, परिवार, समुदाय, राज्य र वयस्क मानिसहरूले बालबालिकाले राखेका विचारहरूलाई ध्यानपूर्वक महत्त्वका साथ सुनिदिनु बाल सहभागिता हो । | घर, परिवार, समुदाय, राज्य र वयस्क मानिसहरूले बालबालिकाले राखेका विचारहरूलाई ध्यानपूर्वक नसुनी तिनीहरूको कुराहरूलाई वेवास्ता गर्नु बाल सहभागिता होइन । |
| घर, परिवार, समाज, राज्य तथा अन्य सरोकारवालाहरूले बालबालिकाको पक्षमा गरिने कुनै पनि निर्णयमा बालबालिकाको विचार लिनु बाल सहभागिता हो । | घर, परिवार, समाज, राज्य तथा अन्य सरोकारवालाहरूले बालबालिकाको पक्षमा गरिने कुनै पनि निर्णयमा उनीहरूको सहभागिता विना आफूखुसी निर्णय गर्नु बाल सहभागिता होइन । |
| बालक्लब, बाल समूह जस्ता सङ्गठनहरूमा स्वतन्त्र रूपमा भेला हुन पाउनु र कार्यक्रमहरू सञ्चालन गर्न पाउनु बाल सहभागिता हो । | बालक्लब, बाल समूह जस्ता सङ्गठनका कार्यक्रमहरूमा सहभागी हुनबाट वञ्चित गर्नु  बाल सहभागिता होइन । |
| बालबालिकाका लागि सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा उनीहरूको आफ्नै अग्रसरतामा सक्रिय भएर भाग लिन पाउनु बाल सहभागिता हो । | बालबालिकाका लागि सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा वयस्कहरूको सक्रियता र बालबालिकाको निस्क्रियता बाल सहभागिता होइन । |
| बालबालिकाका लागि गरिने कुनै पनि कार्यक्रममा बालबालिकालाई थाहा दिएर, बालबालिका त्यसबारे जानकार भएर सहभागी हुन बाल सहभागिता हो । | बालबालिकाका लागि गरिने कुनै पनि कार्यक्रममा बालबालिकालाई देखाउनका लागि मात्र सहभागी गराउनु बाल सहभागिता होइन । |

### अर्थपूर्ण बाल सहभागिता

अर्थपूर्ण बाल सहभागिता बाल अधिकार महासन्धि, १९८९ को अभिन्न अङ्ग हो । महासन्धिको धारा १२ मा हरेक बालबालिकाले आफ्नो भावना र विचार राख्ने र त्यसको कदर गर्ने विषयलाई जोड दिएको छ । त्यसैगरी बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५, १३, १४, १५, १६, १७ र ३१ ले पनि बालबालिकाको सहभागितालाई सुनिश्चित गरेको छ । अर्थपूर्ण बाल सहभागितालाई व्यक्ति, संस्था आदिले फरक-फरक किसिमले बुझ्ने गरेको र अभ्यास गर्ने गरेको साथै सहभागितालाई नाम मात्रको र देखाउनका लागि मात्र बालबालिकालाई संलग्न गराउने गरेको हुँदा सन् २००९ मा बाल अधिकार समितिले अर्थपूर्ण बाल सहभागिताका लागि न्यूनतम मापदण्ड अघि सारेको थियो । जुन निम्न अनुसार छन् :

**१. सु-सूचित र पारदर्शिता** : बालबालिकालाई सहभागी गराउने क्रममा जुन विषयमा सहभागी गराउन लागिएको हो सो विषयमा पहिले नै पूर्णरूपमा जानकारी दिनुपर्छ । यसरी जानकारी दिदा ढिलो नगरी समयमै दिनुपर्छ ।

**२. स्वयंसेवी** : कुनै पनि विचार व्यक्त गर्न, सहभागी हुन बालबालिकालाई दवाव दिन पाइदैन । सहभागिताको नाममा उसको गोपनियता हनन् हुनेगरी बोल्नका लागि करबल प्रयोग गर्न पाइदैन ।

**३. सम्मानपूर्ण** : कुनै पनि बालबालिकाले व्यक्त गरेका विचारलाई सम्मान गर्नुपर्दछ । यसको अर्थ बालबालिकाले भनेका गलत कुरालाई पनि आत्मसात् गर्नुपर्छ भन्ने होइन तर गलत नै भएपनि विचार भने व्यक्त गर्न दिनुपर्छ ।

**४. समावेशी** : बालक्लब वा बालबालिका सम्बन्धी कार्यक्रममा कुनै समूह वा समुदायका माथै नभई बालबालिकालाई समावेशी तरिकाले सहभागी गराउनुपर्छ ।

**५. तालीम दिएर सहयोग गर्ने** : बालबालिकासँग काम गर्ने व्यक्तिलाई कसरी बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने

भन्ने बारेमा क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसरी तालीम नपाएका, अर्थपूर्ण बाल सहभागिताको मापदण्डबारे थाहा नभएका व्यक्तिहरूबाट अर्थपूर्ण बाल सहभागिताको अभ्यास हुँदैन । त्यसैगरी बालबालिकालाई पनि कसरी आफ्नो विचारहरू प्रस्तुत गर्ने, अर्थपूर्ण बाल सहभागिताका मापदण्डहरू के हुन् ? भन्ने जस्ता विषयमा क्षमता अभिवृद्धि गरिनुपर्दछ ।

**६. जोखिम र सुरक्षा बारे संवेदनशील** : सहभागिता सँगसँगै बालबालिकाले स्वतन्त्रपूर्वक र निर्धक्कसँग विचार व्यक्त गर्नसक्ने वातावरणको निर्माण गर्नुपनि आवश्यक हुन्छ । उनीहरू आफूलाई डर लाग्ने, अप्ठेरो महशुस हुने, असुरक्षित महशुस गरेको अवस्थामा आफ्ना विचारहरू व्यक्त गर्न सक्दैनन् ।

**७. जवाफदेही** : बालबालिकासँग विचार लिइसकेपछि सो विचारको प्रयोग कसरी हुन्छ ? कहाँ-कहाँ हुन्छ ? सम्पूर्ण विचार सम्बोधन गर्न सकिन्छ की सकिदैन भन्ने जस्ता विषयमा बालबालिकालाई जानकारी गराउनु वयस्कको दायित्व हो ।

**८. बालमैत्री** : जहाँ बालबालिका रमाइलो मान्छन्, त्यहीं उनीहरू निर्धक्कसँग आफ्ना विचार राख्न सक्छन् । त्यसका लागि हाम्रो तरिका, विधि, प्रक्रिया, व्यवहार शासन प्रणाली सबै बालमैत्री हुनुपर्छ ।

**९. सम्बन्धित** : बाल सहभागिता भनेको हरेक विषयमा बालबालिकालाई सहभागी गराउनु नभई उनीहरूसँग सम्बन्धित विषयमा मात्र सहभागी गराउने हो ।

## बाल सहभागिताका सम्भावित स्थानहरू

### घर परिवार :

घर परिवारभित्र छोरा र छोरीमा विभेद नगरी उनीहरू दुवैलाई समान अवसर प्रदान गर्नुपर्छ । अभिभावकले बालबालिकासँग सरोकार राख्ने घरायसी कुराहरू (जस्तो : खानेकुरा, नयाँ लुगा, विद्यालय छनौट आदि)मा उनीहरूलाई छलफल र निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ । यस प्रकारको सहभागिताले बालबालिकाको आत्म विश्वासलाई बढाउँछ । बालबालिकालाई घर परिवारमा उनीहरूसँग सम्बन्धित सवालमा सहभागी गराउँदा बालबालिका पारिवारिक वातावरणमा घुलमिल हुने, घरबाट नटाढिने र घर परिवारलाई नै आफ्नो अनुकूल ठान्ने अवस्थाको सिर्जना हुन्छ । त्यसैगरी घरपरिवार र अभिभावकले बालबालिकालाई उनीहरूको उमेर र क्षमता अनुसारको अवसर पनि प्रदान गर्नुपर्छ । घरपरिवारले बालबालिकालाई कर्तव्यका साथै असल संस्कार पनि सिकाउनुपर्छ । बालबालिकाले पनि आफ्नो क्षमताले भ्याएसम्मका घरायसी काममा परिवारलाई सघाउनुपर्छ ।

### समुदाय :

बाल सहभागितालाई प्रवर्द्धन गर्ने काममा समुदायको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकाको निम्ति आयोजना गरिने कार्यक्रमहरूमा बालबालिकाको क्षमता, उमेर र स्तर अनुसार उनीहरूलाई सहभागी गराउनु र बालबालिकाको विचार लिनु समुदाय तथा समुदायभित्र रहेका संघ-सङ्गठनहरूको दायित्व हो । यसरी बालबालिकालाई सहभागी गराउँदा उनीहरूको उच्चतम हितलाई पनि वयस्कहरूले ध्यान दिनुपर्दछ । समुदायले बालबालिकाका समग्र विकासका लागि उनीहरूलाई सहभागी गराउन बालक्लब तथा बाल समूहको स्थापना तथा त्यसको परिचालनमा सहयोग गर्नुपर्छ । समुदायले बालबालिकालाई निर्णय प्रक्रिया तथा सामाजिक गतिविधि, सांस्कृतिक गतिविधि आदिमा सहभागी गराउनुपर्छ ।

### बालक्लब :

बालक्लब बालबालिकाको आवाजलाई मुखरित गर्ने र व्यक्तित्व विकास र सामाजिकीकरण गर्ने महत्त्वपूर्ण थलो हो । यसका साथै बालक्लब बालबालिकाभित्र रहेको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गरी बालबालिका स्वयम् तथा समाजको परिवर्तन गर्ने थलो पनि हो । बालक्लबमा उनीहरूको सहभागिताले उनीहरूको अधिकार प्राप्ति मात्रै होइन कर्तव्यबोध पनि गराउँछ । बालक्लबका सबै क्रियाकलापहरूमा बालबालिका सहभागी हुने अवसरका साथै सबै सदस्यहरूको विचारलाई महत्त्व दिने परिपाटीको विकास हुनुपर्छ ।

**विद्यालय व्यवस्थापन समिति** :

विद्यालय बालबालिकाको घरपरिवारपछि लामो समयसम्म रहने स्थान हो । विद्यालयमा हुने क्रियाकलापहरू बालबालिकासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालयमा हुने हरेक क्रियाकलापहरूमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनुपर्छ । विद्यालयमा हुने सिकाई प्रक्रिया, अतिरिक्त क्रियाकलाप जस्ता कुराहरूमा बालबालिकाको सहभागिता जरुरी हुन्छ । सिक्ने, सिकाउने प्रक्रियामा क्रियाकलापमा आधारित सिकाई प्रक्रिया सञ्चालन गरी बाल केन्द्रित विधिबाट सिकाई गराउँदा राम्रो हुन्छ । विद्यालयमा दण्डरहीत वातावरणमा शिक्षा आर्जन गर्न पाउने बालबालिकाको अधिकारलाई सुरक्षित गरिनुपर्छ । विद्यालयमा बालबालिकाको जिज्ञासा र उत्साहलाई प्रोत्साहन गर्नुपर्छ । त्यसैगरी विद्यालयका हरेक निर्णय प्रक्रियाहरू तथा विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता हुन जरुरी छ । बालमैत्री स्थानीय शासनको सूचकमा पनि विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिताको कुरा भएकाले बालमैत्री स्थानीय तह बनाउन व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता आवश्यक छ । स्थानीय तहले नीतिगत व्यवस्था गरेर विद्यालय व्यवस्थापन समितिमा १ जना बालिका नघट्ने गरी दुई जनाको सहभागिता गर्न सकिन्छ ।

**स्वास्थ्य व्यवस्थापन समिति**

गर्भाधारणदेखि सुरक्षित प्रसुती गराउनेसम्मका काममा स्वास्थ्य संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकालाई खोप दिने, पोषणको ज्ञान दिने, बालबालिका र आमाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन भूमिका खेल्ने, बाल विवाह न्यूनीकरणका क्रियाकलाप गर्ने जस्ता काममा स्वास्थ्य संस्थाले काम गरिरहेका छन् । बालबालिकाका स्वास्थ्य सम्बन्धी समस्या के-के छन्; खोप कार्यक्रम कुन स्थान र समयमा चलाउँदा बालबालिकालाई अनुकूल हुन्छ, गाउँघरमा स्वास्थ्य संस्थामा जाने प्रचलन कस्तो छ ? जस्ता कुरामा बालबालिकासँग छलफल गर्नु राम्रो हुन्छ । बालबालिकाको स्वास्थ्य सम्बन्धी नीतिगत निर्णय गर्दा आफ्ना विचार राख्न पाउनु बालबालिकाको अधिकार पनि हो । स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता हुनुपर्ने कुरा बालमैत्री स्थानीय शासनको सूचकमा पनि पर्छ । त्यसकारण बालमैत्री स्थानीय तह घोषणा गर्न यो सूचक पूरा गर्नैपर्छ ।

**योजना तर्जुमा प्रक्रिया** :

स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता बालमैत्री स्थानीय शासनले परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिका तथा लक्षित वर्गको सहभागितात्मक विधिबाट गर्नुपर्ने कुरा उल्लेख छ ।

**बालमैत्री स्थानीय शासन समिति**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले बालमैत्री स्थानीय शासन जिल्ला, नगर, गाउँपालिका र वडा तथा समुदाय स्तरीय समितिमा बालबालिकाको सहभागितालाई सुनिश्चित गरेको छ । पालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिमा पालिका स्तरीय बाल सञ्जालबाट कम्तिमा एक बालिकासहित दुई जना, गाउँ बालमैत्री समितिमा गाउँ बाल सञ्जालका अध्यक्ष र समुदाय स्तरीय समितिमा स्थानीय बालक्लबबाट कम्तिमा एक बालिकासहित दुई जना सहभागी गराउनुपर्ने व्यवस्था छ। कार्यविधिमा उल्लेख भए अनुसार बालबालिकालाई बालमैत्री समितिमा सहभागी गराई बालमैत्री नीति निर्माण, बालमैत्री अभियान सञ्चालन, बालबालिकाका सवाल पहिचान जस्ता कुरामा बालबालिकाको भूमिका स्थापित गर्न जरुरी छ ।

**बाल भेला** :

बाल भेला स्थानीय तहमा बालबालिकाका योजना छनौटका लागि गरिने बालबालिकाको भेला हो । यो वर्षमा एक पटक स्थानीय तहको योजना छनौटको दोस्रो चरणपछि गर्ने गरिन्छ । बालभेला पालिका वा वडा तहमा (भौगोलिक अवस्था हेरेर) गर्ने गरिन्छ । बालबालिका भेला भएर आफ्ना समस्या पहिचान गरी आवश्यक योजनाहरू छनौट गर्ने गर्दछन् ।

**सत्रको निष्कर्ष**

१) बालबालिकाको सरोकारका विषयमा बालबालिकाको सहभागिता हुनु बालबालिकाको अधिकार हो ।

२) बालबालिकाको सहभागिता गराउँदा उनीहरूलाई उच्चतम प्राथमिकता दिई अर्थपूर्ण सहभागिता भएको सुनिश्चित गरिनुपर्छ ।

३) स्थानीय स्तरमा परिवार, सामुदायिक छलफल, नीति योजना तर्जुमा प्रक्रिया, बालक्लब र सञ्जाल, विद्यालय जस्ता संरचनामा बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिनुपर्छ ।

# सत्र ७ : बालमैत्री स्थानीय शासनको अवधारणा

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणाका बारेमा जानकरी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको अवधारणाको सुरुवात भयो र कसरी निरन्तर अगाडि बढ्यो भन्ने बारेमा जानकारी पाउनेछन् ।

बालमैत्री स्थानीय शासनको आवश्यकता किन छ ? यसको औचित्य के हो ? संघीय प्रणालीमा कसरी बालमैत्री स्थानीय शासन अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा सहभागीले जानकारी पाउनेछन् ।

**समय**: २ घण्टा

**पूर्व-तयारी**: बालमैत्री स्थानीय शासनको अवधारणागत विकासको सूची

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: जोडि छलफल

### क्रियाकलाप

- ✓ सहभागीहरूलाई हामी बालमैत्री स्थानीय शासनका बारेमा छलफल गर्दछौं भनी जानकारी दिनुहोस् ।
- ✓ अब सहभागी मध्ये केहिलाई बालमैत्री भनेको के बुझ्नुहुन्छ र बाँकीलाई स्थानीय शासन भित्र के-के कुराहरू पर्दछन् ? भनी मेटाकार्डमा लेख्नका लागि समय दिनुहोस् । तपाईंहरूले दिएको उत्तरलाई अङ्क पनि दिइने जानकारी दिनुहोस् । यसको लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- ✓ समय सक्किएपछि आफूले लेखेको मेटाकार्ड सहजकर्तालाई दिनका लागि भन्नुहोस् सहजकर्ताले सबैको मेटाकार्ड जम्मा गरेपछि सबैलाई एउटा/एउटा छान्नका लागि भन्नुहोस् । यसरी छान्न दिँदा आफैंले लेखेको परेमा अर्को छान्नका लागि भन्नुहोस् । अब आफूलाई परेको मेटाकार्ड अध्ययन गरी १० पूर्णाङ्कमा जाँच गरी अङ्क दिनका लागि अनुरोध गर्नुहोस् ।
- ✓ सहभागीहरूले अङ्क दिईसकेपछि बालमैत्री शासनका सम्बन्धमा कसले सबैभन्दा बढी अङ्क दिनुभयो पढेर सुनाउन भन्नुहोस् । यसरी क्रमशः केही सहभागीको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै बालमैत्रीका बारेमा छलफल गर्नुहोस् । यसरी छलफल गर्दा सहजकर्ताले के बालमैत्री हो ? के बालमैत्री होइन भनी उदाहरण सहित गर्नुपर्छ ।
- ✓ अब सहजकर्ताले स्थानीय शासनका विषयमा कसले सबैभन्दा धेरै अङ्क दिनुभयो पढेर सुनाउन अनुरोध गर्नुहोस् । केही सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै स्थानीय शासन भनेको के हो ? भनी छलफल गराउनुहोस् ।
- ✓ सहभागीहरूलाई हामीले बालमैत्री र स्थानीय शासनका बारेमा पनि जानकारी पायौं अब यसको आधारमा बालमैत्री स्थानीय शासन भनेको के बुझ्नुभयो भनी प्रश्न गरी छलफल गर्नुहोस् ।
- ✓ सहभागीहरूको कुरा सुनिसकेपछि बालमैत्री स्थानीय शासनको बारेमा हाते पत्रमा भए जस्तै प्रश्तुतीकरण गर्नुहोस् ।
- ✓ सहजकर्ताले बालमैत्री स्थानीय शासनको विकासक्रम मेटाकार्डमा मुख्य-मुख्य घटनाका मितिहरू क्रमशः १/१ मिटरको दुरीमा राख्नुहोस् । पहिलेनै तयार गरिएको बालमैत्री स्थानीय शासनको विकासक्रमका बारेमा लेखिएको मेटाकार्ड सहभागीहरूलाई दिनुहोस् ।
- ✓ सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको विकासक्रमका सन्दर्भमा मुख्य-मुख्य घटनाका मितिहरूसँग मिल्ने गरी बुँदागत रूपमा लेखिएका घटनाहरूको मेटाकार्ड दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई कुन घटना कहिले भएको हो ? सोही अनुसार उभिनका लागि गर्नुहोस् । यसका लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- ✓ अब सहजकर्ताले हातेपत्रमा भए जस्तै सुरुदेखि बालमैत्री स्थानीय शासनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा छलफल गर्दै जानुपर्छ । यसरी छलफल गर्दा सहभागीहरू राखेको क्रम नमिलेको पनि हुन्छ त्यसैले क्रमशः क्रमबद्ध रूपमा राखी छलफल गर्दै जानुपर्छ ।
- ✓ सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले बालमैत्री स्थानीय शासनको सारभूत कुरा र लक्ष्य तथा उद्देश्य प्रस्तुतीकरण र छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।

## सन्दर्भ सामग्री १

### बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो । अर्को अर्थमा भन्नु पर्दा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ । जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी झैं व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु आदि । यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा, धर्म आदिको आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनीन्छ ।


### शासन

शासनको परिभाषा यहि नै हुन्छ भन्ने नभए तापनि यो सबैतिर हुन्छ । शासन असल वा खराव पनि हुनसक्छ । शासन असल भए सु-शासन अर्थात असल शासन हुन्छ भने खराब भएको शासन कु-शासन हो जसलाई निरंकुश शासन पनि भनीन्छ । शासन हुनका लागि योजना, बजेट(रकम) नीति, नियम र कार्यक्रम (काम) विभिन्न पद र संरचना आवश्यक हुन्छ । शासन तपाईं हाम्रो घरमा पनि हुन्छ जहाँ हजुरबुवा, हजुरआमा, आमाबुबा, दाइ, दिदी, भाइ, आदि भन्ने पद हुन्छ घर सञ्चालन गर्ने योजना हुन्छ भने काम र घर सञ्चालनका लागि पैसा पनि हुनुपर्दछ । यस्तै विद्यालय, विभिन्न समूह, सस्थाहरूमा पनि शासन हुन्छ । अर्को शब्दमा भन्नुपर्दा शासन भनेको कुनैपनि काम वा जिम्मेवारीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नु हो । यसका लागि नियमहरू बनाउने, बनेका नियमहरू पालना भयो की भएन हेर्ने अनुगमन गर्ने, कामगर्नको लागि योजना बनाउने तथा सम्बन्धित सबै व्यक्ति वा पक्षहरूको कुरा सुनेर कार्यसम्पादन गर्नु नै शासन हो । शासन हुनका लागि विशेषतः सङ्गठन, संरचना, पद, योजना, नीति नियम र बजेटहरू आवश्यक हुने गर्दछ । शासन राज्यका तिनै तहका संरचनामा मात्र हैन घरपरिवार, समुदाय, बालक्लबमा पनि हुन्छ ।

### बालमैत्री स्थानीय शासन

बालबालिकाको आवाजको सुनुवाई हुने, बालबालिकाको पहुँचमा सबै संरचनामा हुने तथा बाल अधिकारको सुनिश्चितता भएको शासन व्यवस्थालाई बालमैत्री शासन भएको मानिन्छ । स्थानीय सरकारको माध्यमबाट हाम्रो गाउँ टोल छिमेक सबै स्थानहरूमा बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गर्ने गाउँघरमा हुने कार्यक्रम छलफल योजना निर्माणमा बालबालिकाको अधिकारका क्षेत्रहरू बच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकारलाई केन्द्रविन्दुमा राखेर सञ्चालन गरिने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो । त्यस्तै बालमैत्री स्थानीय शासन भन्नाले स्थानीय स्तरमा भएका भौतिक संरचना स्थानीय स्तरमा बन्ने योजना कार्यक्रम नीति र विनियोजन हुने बजेट सबैले बालबालिकालाई विशेष ध्यानमा राखी गरिने कार्य प्रक्रिया हो । यस अन्तर्गत बाल अधिकारको सुनिश्चितता स्थानीय तहको नेतृत्वमा हुने गर्दछ भने त्यस्तो अवस्थालाई बालमैत्री स्थानीय शासन भएको मान्न सकिन्छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ का अनुसार "बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।" बाल अधिकार महासन्धि अन्तर्गतका बालबालिकाका अधिकारहरू अझ विशेषगरी बाल अधिकारका मुलभूत चार क्षेत्रहरू बचाउ, विकास, संरक्षण र



सहभागिता जस्ता सवालहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको हो। यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन, गाउँ तथा नगर सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ।

## सन्दर्भ सामग्री २

### लक्ष्य

बालमैत्री स्थानीय शासनको सुनिश्चितताबाट बाल अधिकार प्राप्त भै बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी सेवाको सुनिश्चतता प्रदान गर्नु नै बालमैत्री स्थानीय शासनको लक्ष्य हो। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले नेपाललाई वि.सं. २०८७ सम्म बालमैत्री बानाउने लक्ष्य लिइएको छ।

बालमैत्री स्थानीय शासनका उद्देश्यहरू:

(१) बालबालिका सुरक्षित भई बच्न पाउने हकको प्रवर्द्धन गर्ने,

(२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह,

(५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने र

(६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउनु। बालमैत्री स्थानीय शासनको आवश्यकता

नेपालको शासकीय पद्धति र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए। यस्ता कार्यक्रमलाई निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधानको अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरुपता कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न अत्यावश्यक छ। तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता छ।

### बालमैत्री स्थानीय शासनको औचित्य

- स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालबालिकाको सवाललाई समेट्न,
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रममा अन्तर सरकार समन्वय स्थापित गर्न,
- निर्माण हुने पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउन,
- विपद् तथा जोखिममा बालबालिकालाई प्राथमिकतामा राख्न,
- संस्थागत क्षमता र मानवीय संशाधन तयार गर्न,
- सरकारी तथा गैर सरकारी निकायबीच समन्वय गर्दै बाल अधिकार र बालमैत्री अवधारणालाई प्रवर्दन गर्न।
- नेपालले प्रतिवद्धता गरेको, अवलम्बन गरेको कानूनी व्यवस्था अनुसार बालबालिकामा सेवा प्रवाह सुनिश्चित गर्न।

## सन्दर्भ सामग्री ३

बालमैत्री स्थानीय शासनको विकासक्रम (मुख्य घटनाहरू)

| क्र.स. | मिति | घटना |
|---|---|---|
| १. | २०४७ | बाल अधिकार महासन्धि १९८९ को अनुमोदन |
| २. | ऐन २०४८ र नियमावली २०५१ | बालबालिका सम्बन्धी ऐन, २०४८ र यसको नियमावली २०५१ |
| ३. | २०५५ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| ४. | २०५७/५८-२०६७/६८ | सामाजिक परिचालन र बालमैत्री स्थानीय शासनको अवधारणाको विकास |
| ५. | ऐन २०५६ र नियमावली २०६२ | बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ र यसको नियमावली, २०६२ |
| ६. | २०५७/५८ बाट | महिला र बालबालिकाका लागि विकेन्द्रिकृत कार्यक्रम (डकाउ) |
| ७. | २०६१ | बालबालिका सम्बन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना, २०६१ |
| ८. | २०६३ | नेपालको अन्तरिम संविधान, २०६३ |
| ९. | २०६५/६६ | बालमैत्री स्थानीय शासन समिति गठन |
| १०. | २०६५/६६ | बालबालिका लक्षित बजेट |
| ११. | २०६६ | नमुनाका रूपमा ५ वटा जिल्लामा बालमैत्री अवधारणाको सुरुवात |
| १२. | २०६७ | बालमैत्रीको पहिलो तालीम |
| १३. | २०६७/६८ | योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताको सुरुवात |
| १४. | तेह्रौं योजना | तेह्रौं योजनामा बालमैत्रीको विषय समावेश |
| १५. | २०७१/७२ | स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा बाल भेला संस्थागत भएको |
| १६. | २०६७ | गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ |
| १७. | २०६८ | बालमैत्री स्थानीय शासन राष्ट्रिय राणनीति, २०६८ र यसको कार्यान्वयन कार्यविधि |
| १८. | २०६९ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ |
| २०. | २०६९ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| २१. | २०७० | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० |
| २२. | सन् २०१५ | सहश्राब्दी विकास लक्ष्य सन्, २००० र दिगो विकास लक्ष्य सन्, २०१५ |
| २३. | गा.वि.स. २०७१ र नगरपालिका, २०७२ | बालमैत्री गा.वि.स. घोषणा (२०७१ सालमा तत्कालीन नवलपरासीको प्रगतिनगर गा.वि.स.) र सुनवल नगरपालिका बालमैत्री नगर घोषणा, २०७२ |
| २४. | २०७२ | नेपालको संविधान |
| २५. | २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| २६. | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| २७. | २०७८ | बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ |

## सत्रको निष्कर्ष

१) बालमैत्री स्थानीय शासन नेपाल सरकारको अवधारणा हो ।

२) शासकीय पद्धतिमा बाल अधिकार प्रवर्द्धन गरी आधारभूत बाल अधिकारको अवस्थालाई सुधार गर्नु यसको उद्देश्य हो ।

३) यसको प्रभावकारी कार्यान्वयनका लागि बहु-मन्त्रालय, सरोकारवालाको भूमिका आवश्यक छ ।

# सत्र ८ : बालमैत्री स्थानीय शासनका सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन र घोषणा

**उद्धेश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको सिद्धान्त, स्थानीय तह छनौट, अवलम्बन र घोषणाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको सिद्धान्त के हो ? यसले कस्तो रणनीति तय गरेको छ ? यो कसरी लागू हुन्छ । स्थानीय तह कसरी छनौट गर्ने, बालमैत्री स्थानीय शासन कसरी अवलम्बन गर्ने र घोषणा कसरी हुन सक्छ भन्ने विषयमा सहभागीले जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा ३० मिनेट

**पूर्व-तयारी**: बालमैत्री स्थानीय शासनको सिद्धान्तहरू लेखिएको हातेपत्र

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूह छलफल

## क्रियाकलाप

- ✓ सहभागीहरूलाई यस सत्रमा हामी बालमैत्री स्थानीय शासनका सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन र घोषणा बारेमा छलफल गर्दैछौँ भनी छलफलको सुरुवात गर्नुहोस् ।
- ✓ सहभागीलाई तीनतीन जनाको समूह बनाउनुहोस् । प्रत्येक समूहलाई बालमैत्री स्थानीय शासनका सिद्धान्तहरू लेखिएको मेटाकार्ड दिनुहोस् ।
- ✓ प्रत्येक सिद्धान्तले के भन्न खोजेको होला समूहमा छलफल गरी प्रस्तुत गर्नका लागि भन्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- ✓ पालैपालो प्रत्येक समूहको प्रस्तुतीकरणका लागि अनुरोध गर्नुहोस् । प्रत्येक समूहको प्रस्तुतीकरणपछि अन्य सहभागीहरूलाई त्यसमा आफ्नो भनाइ वा जिज्ञासा भए राख्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ अब सहभागीहरूलाई बालमैत्री स्थानीय शासनले तय गरेका रणनीतिहरूका बारेमा छलफल गर्दैछौँ भन्ने जानकारी दिनुहोस् ।
- ✓ प्रत्येक रणनीतिहरूका बारेमा चार्ट पेपर वा प्रोजेक्टर प्रस्तुतीकरण र छलफल गर्नुहोस् ।
- ✓ सहभागीहरूलाई नजिकको दुई/दुई जनाको समूह बन्नका लागि भन्नुहोस् ।
- ✓ अब सहभागीहरूलाई मेटाकार्डमा बालमैत्री स्थानीय तह छनौटका आधारहरू, बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाका आधारहरू लेखिएको मेटाकार्ड दिनुहोस् ।
- ✓ सहभागीहरूलाई तपाईंलाई प्राप्त मेटाकार्डमा लेखेय अनुसारको कुरा कहाँ, कसरी र कसले गर्नुपर्ने हुन्छ भनी छलफल गर्नका लागि भन्नुहोस् ।
- ✓ सहभागीहरूको प्रस्तुतीकरण सकिएपछि सहजकर्ताले सत्रको संक्षेपीकरण गर्दै सत्र अन्त्य गर्नुपर्छ ।

### सन्दर्भ सामग्री १

बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्तहरू

### १) गैरविभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समूह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन भन्ने सिद्धान्त अंगिकार गरेको छ ।

### (२) बालबालिकाको सर्वोत्तम हित

यस सिद्धान्त अनुसार शासन सञ्चालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिने कुरा उल्लेख छ । साथै सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ भन्ने कुरा उल्लेख छ ।

### (३) बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने (बच्न पाउने अधिकार) र उनीहरूको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम, नामाकरण र जन्मदर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हित सर्वोपरी हुनुपर्ने अवधारणा लिएको छ ।

### (४) बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धित सवालहरूमा स्थानीय तहको योजना चक्रका हरेक चरण र स्थानीय स्तरमा हुने संरचनाहरूमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको सुनिश्चित गरिने कुरा उल्लेख छ ।

### (५) सन्निकटताको सिद्धान्त

बालबालिकाको हितको लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय तह, स्थानीयस्तरका विषयगत निकाय/शाखा तथा गैरसरकारी संघ–संस्थाहरू, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्नुपर्ने कुरा उल्लेख छ ।

### (६) समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकालाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरूमा समान रूपमा समावेश हुन पाउने अधिकार सुनिश्चित गरी स्थानीय शासन र विकाससम्बन्धी गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अंगीकार गर्ने कुरा उल्लेख छ ।

### (७) समुदायमा आधारित विकासको सिद्धान्त

यो रणनीतिको कार्यान्वयन समुदायमा आधारित विकासको सिद्धान्त अनुसार हुने र समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा यसको सञ्चालन हुने साथै यस रणनीतिमा आधारित भई स्थानीयस्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तहले आफै मिलाउन सक्ने कुरा उल्लेख छ ।

### सन्दर्भ सामग्री २

बालमैत्री स्थानीय शासनका रणनीतिहरू

### (१) मूलप्रवाहीकरण

- बाल अधिकारको षियलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।
- बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

### (२) नीतिगत वकालत पैरवी र सचेतना

- नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने गराउने ।
- विद्यमान कानूनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।
- स्थानीय, प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास मञ्चहरूमा बालमैत्री शासनको अवधारणालाई रूपान्तरण गर्न पहल गर्ने ।
- यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि, सम्झौता, कानून एवं नीतिगत प्रावधानहरूको सम्प्रेषण गर्ने ।

### (३) संस्थागत विकास

- बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिका, नगरपालिका र तिनका वडाहरूलाई प्रमुख उत्तरदायी संस्थाको रूपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।
- स्थानीय तह र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । वडा बाल संरक्षण समिति, गाउँ/नगर बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन समुदाय, वडा, गाउँपालिका र नगरपालिका तहका समितिहरूको संस्थागत क्षमता विकास गर्ने ।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाइहरूमा बालमैत्री साङ्गठनिक व्यवस्था मिलाउने ।
- बालक्लबको सूचीकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरूलाई प्रकाशमा ल्याउने ।
- स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला/नगर/गाउँपालिका/वडास्तरीय बाल संजाल, खानेपानी, सामुदायिक वन, सामुदायिक संस्था जस्ता समूहहरू र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरूको बीचमा सामन्जस्य कायम गरी सूचकहरू प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली एंव संस्थाहरूलाई यस प्रक्रियामा आबद्ध गर्ने ।
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

### (४) क्षमता विकास

- विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत संजाल निर्माण गर्ने ।
- बालमैत्री योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- कुनै कठिन सूचक भएमा सोको प्प्तिको लागि बालबालिकाको पहिला कार्यक्रम सञ्चालन गर्ने ।
- अध्ययन, अनुसन्धान, तालीम, गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्ने र तालीम, अवलोकन र अनुभव आदानप्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।
- संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरूको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिका, अनलाईन, सामाजिक सञ्जाल जस्ता संचार माध्यमहरूको उपयोग गर्ने ।
- राष्ट्रियस्तरमा विज्ञ, स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामग्री तयार गरी केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहमा समेत प्रशिक्षक तयार गरी सूची (Roster) तयार गर्ने ।

- स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय र प्रदेश सर्म्पक मन्त्रालय, गाँउपालिका र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेभ साइटहरूमा बालमैत्री उपयोगी सामग्री राखी व्यापक प्रचारप्रसार गराउने ।
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन सिकाई स्रोत केन्द्र स्थापना गरी यस्ता केन्द्रको संस्थागत विकास गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।

**(५) सहकार्य र साझेदारी प्रवर्द्धन**

- बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।
- विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

**(६) सामुदायिक परिचालन**

- स्थानीयस्तरमा बाल अधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।
- बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालनका लागि समुदायस्तरका समूह तथा सङ्गठनलाई परिचालन गर्ने ।
- समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

**(७) सामाजिक जवाफदेही र पारदर्शिता**

- बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट सञ्चालित कार्यक्रम तथा तत्सम्बन्धी स्रोत साधन परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।
- बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

**(८) सामाजिक समावेशीकरण**

- स्थानीय सीमान्तकृत समुदाय, गरीब र विशेष गरी बालिकाहरूको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय तहका वार्षिक तथा आवधिक योजनामा अनिवार्य रुपले बालबालिका सम्बन्धी योजना तथा नीतिलाई समावेश गर्ने ।

**(९) सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन**

- बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचारप्रसार गर्ने ।
- स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गराउने ।

**(१०) अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक जवाहदेहिता**

- बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतीजा अनुगमन गर्ने ।
- स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गर्ने ।
- बालबालिकाको लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गर्ने ।
- बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन तथा विनियोजित रकमको खर्च गरे नगरेको लेखाजोखा गर्ने संयन्त्र निर्माण गर्ने ।
- बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने ।

- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बनाई कार्यान्वयन गरी सार्वजनिक जवाहदेहिता पुरा गर्ने ।
- संघ, प्रदेश तथा जिल्लाबाट स्थानीय तहमा हुने कुनैपनि मूल्याङ्कनमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समावेश गरी मूल्याङ्कन गर्ने ।
- अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालक्लब, सामुदायिक संस्था, वडा, गाउँपालिका, नगरपालिका, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।
- बालबालिका र बालबालिकाका लागि सेवा प्रवाह गर्ने संस्थाहरूको सहभागितामा सहभागितामुलक लेखाजोखा तथा विश्लेषण विधि अवलम्बन गरी यसलाई स्थानीय योजनासँग आवद्ध गर्न स्थानीय तहलाई अभिप्रेरित गर्ने ।

### सन्दर्भ सामग्री ३

बालमैत्री वडा स्थानीय तह अवलम्बनका लागि छनौटका आधारहरू

१) राजनैतिक इच्छा शक्ति र प्रतिवद्धता जनाएको ।

२) गाउँ/नगरपालिका र वडा, संघसस्था, नागरिक समाजको चाहना, प्रतिवद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता ।

३) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालक्लब साथै तिनको सञ्जाल क्रियाशील भएको ।

४) बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट पूजीँगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको ।

५) गरीबी सूचकांङ्क र विपन्न नक्साङ्कनमा पछि परेको गाउँ/नगरपालिका र वडा तथा भौगोलिक रूपमा विकट भएको ।

६) दलित, आदिवासी जनजाती, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको ।

७) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता ।

### सन्दर्भ सामग्री ४

बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

(१) साझेदार संस्थाहरूलाई अभिमूखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त ।

(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा ।

(३) आफ्नो पूाजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचक सहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रिया र सूचक प्राप्तिको सुनिश्चित गर्ने गरी आवश्यक रकम विनियोजन सहितको लगानी योजना तर्जुमा ।

(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरूको निर्धारण र स्थानीयकरण ।

(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (महाशाखा/शाखा/ईकाई बनाउने वा सम्पर्क विन्दु तोक्ने) ।

(६) सम्बन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

### सन्दर्भ सामग्री ५

बालमैत्री स्थानीय तह घोषणा

- बालमैत्री स्थानीय शासन घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत अङ्क हासिल गरेको हुनुपर्नेछ ।
- सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल विवाह, बाल शोषण तथा एच्.आई.भि.एड्स. न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ ।

- यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ ।
- निर्धारित सूचक प्राप्त भए, नभएको सम्बन्धमा सर्म्पक संघीय मन्त्रालय, सर्म्पक प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ ।

### स्थानीय तहको वर्गीकरण

| स्थानीय तह | आधारभूत सूचक | घोषणाका लागि स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडाको सिफारिसमा सम्बन्धित न.पा../गा.पा.को कार्यपालिका | |
| बालमैत्री उन्मुख वडा | ७०%-७९% सम्म | वडाको प्रतिवेदनका आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्र उन्मुख स्थानीय तह | ७०%-७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकका लागि तोकिएको अङ्‌कभारका आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री तथस्ट स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |

(बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्न सक्नेछ र बालमैत्री वडा घोषणा हुँदा स्थानीयतहले पुरस्कृत गर्न सक्नेछन् ।)

### सत्रको निष्कर्ष

१) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले ७ वटा सिद्धान्तलाई अंगिकार गरेको छ ।

२) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री स्थानीय शासन घोषणा र अवलम्बन गरेका पालिकाहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा रहेका १० वटा रणनीति र त्यसलाई कार्यान्वयन गर्नका लागि कार्यनीति अनुसार कार्य गर्नुपर्छ ।

३) बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयनका लागि इच्छाशक्ति र प्रतिवद्धता महत्त्वपूर्ण हो भने घोषणा गर्नुअघि बालबालिकाको अवस्थामा तात्विक सुधार आएको सुनिश्चित गर्नुपर्छ ।

# सत्र ९ : बालमैत्री स्थानीय शासनको प्रतिफल र चरणहरू

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको प्रतिफल र चरणहरूका बारेमा जानकारी दिनुहुनेछ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको प्रतिफल र यसको चरणहरूका बारेमा जानकारी पाउनेछन्।

**समय**: २ घण्टा १५ मिनेट

**पूर्व-तयारी**: बालमैत्री स्थानीय शासनका चरणहरू लेखिएका मेटाकार्ड

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूह छलफल

**क्रियाकलाप**

- ✓ सहभागीहरूलाई यस सत्रमा हामी बालमैत्री स्थानीय शासनका चरणहरू र बालमैत्री स्थानीय शासनका प्रतिफलहरू के-के हुन सक्छन् भनी छलफल गर्दैछौं भनी जानकारी दिनुहोस्।
- ✓ सहजकर्ताले चरण १, चरण २, गरी लेखिएको मेटाकार्ड क्रमशः राख्नुहोस्।
- ✓ अब सहभागीहरूलाई गोलो घेरामा बस्नका लागि अनुरोध गर्नुहोस्। उनीहरूलाई सो घेरामा हिड्नका लागि अनुरोध गर्नुहोस्।
- ✓ सहभागीहरू गोलो घेरामा कुद्दै गर्दा आफूले जति जनाको भन्छु त्यतिनै जनाको समूह बन्नुपर्ने बताउनुहोस्। जो कुनै पनि समूहमा पर्दैन ऊ खेलबाट बाहिरिने बताउनुहोस्।
- ✓ अब सहभागीहरूलाई २, ४, ३, ५ गर्दै अन्त्यमा सबै सहभागीहरूलाई गोलो घेरामा बस्नका लागि अनुरोध गर्दै ५ वटा समूह हुनेगरी समूह बनाउनुहोस्।
- ✓ अब सहभागीहरूलाई मेटाकार्डमा विभिन्न चरणहरूमा गर्नुपर्ने कामहरूको बारेमा लेखिएको मेटाकार्ड दिनुहोस्।
- ✓ अब सहभागीहरूलाई आफूलाई परेको क्रियाकलाप कुन चरणमा पर्छ सोहि अनुसार चरणको भर्‍याङ्मा टाँस्नका लागि अनुरोध गर्नुहोस्।
- ✓ आफ्नो समूह बस्नका लागि अनुरोध गर्नुहोस्। साथै उक्त चरणमा गर्नुपर्ने कुराहरू र भूमिकाका विषयमा समूहमा छलफल गर्नका लागि अनुरोध गर्नुहोस्। यसरी प्रस्तुत गर्दा प्रत्येक चरणलाई पालैपालो गर्नुपर्छ र कोहि सहभागी समूह अनुसार मिलेर नबसेको भए चरण अनुसार सहजकर्ताले छलफलको समयमा क्रमशः मिलाउदै जानुपर्छ।
- ✓ सबै चरणमा गर्नुपर्ने काम र जिम्मेवारीको बारेमा छलफल गरिसकेपछि सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका चरणहरूको बारेमा केहि जिज्ञासा भए सोध्नका लागि भन्नुहोस्।
- ✓ अब हामी बालमैत्री स्थानीय शासनको प्रतिफलका बारेमा छलफल गर्दैछौं भनेर जानकारी दिनुहोस्।
- ✓ अब नजिकको दुईदुई जनाको समूह बनेर बालमैत्री स्थानीय शासन हुँदा बालबालिका, समुदाय र राज्यमा के-के फाइदा वा के प्रतिफल प्राप्त गर्न सकिन्छ भनी छलफल गर्नका लागि ३ मिनेटको समय दिनुहोस्।
- ✓ अब सहभागीहरूलाई २ जनाको छलफलमा महत्त्वपूर्ण लागेको १ वटा प्रतिफल भन्नका लागि अनुरोध गर्नुहोस्।
- ✓ सबै सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै बालमैत्री स्थानीय शासनका प्रतिफलहरूको प्रस्तुतीकरण गरी सत्रको अन्त्य गर्नुहोस्।

**सन्दर्भ सामग्री १**

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त स्रोत साधन हुँदैमा मात्र हुने विषय होईन यसका लागि निरन्तर र नियमित रूपमा काम गर्नुपर्ने हुन्छ। बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि ५ चरण पुरा गर्नुपर्ने हुन्छ।

**१) पूर्व-तयारी चरण**

- कार्यपालिकाबाट आफ्नो गाउँपालिका/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने।

- बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँपालिका/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमूखीकरण ।
- कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने ।
- बालमैत्री स्थानीय शासनको अवधारण र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन गर्ने ।
- बालमैत्री स्थानीय शासनको सूचकको स्थानीयकरण गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक नीति/रणनीति/कार्यविधि र आचारसंहिता तर्जुमा गर्ने ।

**२) तयारी चरण**

- नगरपालिका/गाउँपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रवन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने, जिम्मेवारी प्रदान गर्ने) गर्ने ।
- बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडा छनौट ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार पार्ने ।
- बाल अधिकार तथा बाल संरक्षण कार्यविधि, बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडामा आवश्यकता अनुसार बालक्लब, बालक्लब सञ्जाल टोल विकास संस्था/समुदायमा आधारित संस्थाको स्थापना र परिचान गर्ने ।

**३) नीति योजना तर्जुमा र कार्यान्वयनको चरण**

- लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरू गर्ने ।
- छनौट भएका क्षेत्रगत क्रियाकलापहरूका लागि आवश्यक बजेटको विनियोजन गर्ने ।
- साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने ।
- स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासनको सूचक अनुसारको नतीजा प्राप्तिको सुनिश्चितता गर्ने ।

**४) अनुगमन मूल्याङ्कन र प्रतिवेदन चरण**

- वडा समिति गाउँ/नगर समितिबाट सूचक प्राप्ति भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन समीक्षा गरी प्रतिवेदन तयारी गर्ने ।
- बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने ।
- बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने ।
- वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणित गर्ने ।
- बालमैत्र वडा/तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्राप्त गर्ने ।

**५) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरण**

- बालमैत्री वडा/गाउँपालिका/नगरपालिक घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने ।
- बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/गाउँपालिका घोषणा गर्न सम्बन्धित गाउँ/नगर सभाको निर्णय ।

- बालमैत्री वडा/गाउँ/नगरको घोषणा ।
- बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन ।
- वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन ।
- बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता ।

**सन्दर्भ सामग्री २**

बालमैत्री स्थानीय शासनका प्रतिफलहरू

**(१) बालबालिकाको लागि स्थानीय विकास योजना**

बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय तहहरूले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरू समावेश भएको विकास योजना दस्तावेज तयार गर्नेछन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार गर्नेछ । यस्तो योजनालाई स्थानीय तहको आवधिक एवं दीर्घकालीन योजनामा समेत समेटिने हुँदा बालबालिकाको दिगो विकास हुन्छ ।

**(२) बालबालिकाको लागि लगानी योजना**

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय तहले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । संघीय तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण तथा ससर्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र अन्य स्रोतबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रूपमा विनियोजन गरी स्थानीय तहले कार्यान्यन गर्नेछन् ।

**(३) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरू तर्जुमा एवं परिमार्जन**

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासको लागि नीति नियम तर्जुमा र विद्यमान ऐन नियममा आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त स्थानीय तहहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ को परिधिभित्र रही आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्नेछन् ।

**(४) बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन**

बालबालिका सम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरूद्वारा विगतका वर्षहरूमा भए गरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानून, योजना र कार्यसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको चित्रण गरी नियमित रूपमा प्रकाशन गर्नेछन् ।

**(५) बालबालिकाको सहभागिता**

स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा, बालबालिकाको क्षेत्रमा बजेट विनियोजन र त्यसको अनुगमन, मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित हुनेछ । त्यसका साथै बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि बालबालिकाको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित हुनेछ ।

**सत्रको निष्कर्ष**

१) बालमैत्री स्थानीय शासन अवलम्बनदेखि कार्यान्वयन र घोषणासम्म आइपुग्दा पाँच चरणहरू क्रमबद्ध रूपमा पुरा गर्नुपर्छ ।

२) बालबालिकाको विचारको सुनुवाई, बालबालिकाको सहभागिता, बालबालिकाको लागि नीति र योजना तथा बालबालिकाको स्थिति बारेमा जानकारी बालमैत्री स्थानीय शासनका प्रमुख प्रतिफलहरू हुन् ।

३) सबै चरणहरू पुरा गरेपछि सबै सूचकहरू पुरा भइ दिगोपनाको समेत सुनिश्चितता गरेर मात्र बालमैत्री घोषणा गर्न सकिन्छ ।

# सत्र १० : बालमैत्री स्थानीय शासनका सूचकहरू र सरोकारवालाको भूमिका

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका सूचक र सरोकारवालाहरूको भूमिकाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा समेटिएका सूचकहरू र यी सूचकहरूलाई कार्यान्वयन गर्न सरोकारवालाहरूको भूमिकाका बारेमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा ३० मिनेट

**पूर्व-तयारी**: बालमैत्री स्थानीय शासनका सूचकहरूले लेखिएको हातेपत्र ।

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूह छलफल, प्रस्तुतीकरण

### क्रियाकलाप

- ✓ यस सत्रमा सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका सूचकहरूको बारेमा छलफल गर्दैछौँ भनेर जानकारी दिनुहोस् ।
- ✓ सहभागीहरूलाई नेपालमा बालबालिकाको प्रमुख १०/१० वटा सवालहरू के-के होलान् आफूलाई लागेको लेख्नका लागि अनुरोध गर्नुहोस् । जसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई आफ्नो नजिकमा रहेका ३/३ जनाको समूह बन्न भन्नुहोस् र सबैको भनाइहरूलाई एकीकृत गरेर तयार गर्नका लागि भन्नुहोस् ।
- ✓ यसरी तयार गरिएको सूचीबाट समूहमा छलफल गरी सबैभन्दा महत्त्वपूर्ण लागेका १० वटा सवालहरूलाई प्राथमिकीकरण गरी प्रस्तुतीकरण गर्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ सबै समूहको प्रस्तुतीकरण गरिसकेपछि सहजकर्ताले सहभागीहरूलाई बालमैत्री स्थानीय शासन एक वृहत र बहूपक्षीय विषय हो जसलाई मापन गर्नका लागि बालमैत्री स्थानीय शासनले बालबालिकाको सवाललाई शासकीय प्रक्रियामा स्थापित गराउन निश्चित सूचकहरू निर्धारण गरेको छ भनी जानकारी गराउनुहोस् ।
- ✓ अब सहजकर्ताले बालमैत्रीका सूचकलाई सेवा प्रवाह र संस्थागत विकास गरी दुई समूहमा विभाजन गरिएको बताउनुहोस् ।
- ✓ अब सहजकर्ताले बालमैत्री स्थानीय शासनले तय गरेका सूचकहरू क्रमशः प्रस्तुत गर्दै छलफल गर्नुपर्छ ।
- ✓ सहजकर्ताले प्रत्येक सूचकले समेटेको क्षेत्र, जिम्मेवार निकाय, सूचक पुरा गर्न गर्नुपर्ने क्रियाकलापका विषयमा सहभागीहरूसँग छलफल गर्नुपर्छ ।
- ✓ परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासनका सूचकहरूलाई सोहि अनुसार नयाँ सन्दर्भलाई समावेश गरी प्रस्तुतीकरण गर्नुपर्छ ।

### सन्दर्भ सामग्री

| क्र.स. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| | **बाल बचाउ** | |
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ |
| २. | गर्भवती महिलाले टिटी विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | ९५ |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |

| | | |
|---|---|---|
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० |
| ६. | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनेछन् । | १०० |
| ७. | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |
| ८. | एच् आई भी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis पाएको हुनेछन् । | १०० |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १०. | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १०० |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अगाडि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० |
| | **बाल संरक्षण** | |
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । | १०० |
| १६. | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १०० |
| १७. | स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ । | १०० |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चार्डपर्व, भेला)मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्था र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | १०० |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कु-प्रथा नरहेको हुनेछ । | ९५ |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन् । | १०० |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ । सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने) | १०० |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० |
| २४. | कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० |
| | **बाल विकास** | |
| २५. | ३ देखि ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) | १०० |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन् । | १०० |
| २७. | प्रत्येक विद्यालयमा पानीको सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | १०० |
| २८. | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |

| | | |
|---|---|---|
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलगअलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० |
| | **बाल सहभागिता** | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३२. | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० |
| | **संस्थागत विकास** | |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् । | १०० |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन । | १०० |
| ३९. | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४०. | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भइ कार्यान्वयन भएको हुनेछ । | १०० |
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | १०० |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | १०० |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । | १०० |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५. | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालीम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० |

| | | |
|---|---|---|
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० |

(स्थानीय तहहरूले आवश्यकता अनुसार सूचकहरू थप गर्न सक्नेछन् । जस्तै, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सवालहरू, बालमैत्री संरचना, आदि)

### सत्रको निष्कर्ष

१) बालमैत्री स्थानीय शासनका सूचकहरू संस्थागत विकास र सेवाप्रवाह गरी जम्मा ५२ वटा छन् । जसमध्ये धेरैजसो स्थानीय तहले पुरा गर्नुपर्ने छ ।

२) बालमैत्री स्थानीय शासनका सूचकहरूले बाल बचाउ, संरक्षण, विकास र सहभागिताको क्षेत्रका आधारभूत विषयहरूलाई समेटेको छ ।

३) समग्रमा ८० प्रतिशत अङ्क हासिल गर्ने स्थानीय तह/वडाले आफूलाई बालमैत्री घोषणा गर्न सक्छ ।

# सत्र ११ : सूचकहरूको सरलीकरण, स्थानीयकरण र अवस्था विश्लेषण

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका सूचकहरूलाई स्थानीयकरण, सरलीकरण र अवस्था विश्लेषण कसरी गर्ने भन्ने जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनका सूचकहरूलाई सरलीकरण, स्थानीयकरण र स्थानीय आवश्यकता अनुसारको विश्लेषण गर्न सक्षम हुनेछन् ।

**समय**: २ घण्टा १५ मिनेट

**पूर्व-तयारी**: सूचकहरू लेखिएको मेटाकार्ड वा प्रिन्टेट प्रतिलिपि

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूह कार्य

**क्रियाकलाप**

- ✓ यस सत्रमा सहजकर्ताले सहभागीहरूलाई सूचकको सरलीकरण, स्थानीयकरण र अवस्था विश्लेषण भनेको के होला र किन गर्नुपर्छ ? भनी प्रश्न गर्नुहोस् ।
- ✓ सहजकर्ताले सहभागीहरूले भनेको सुनिसकेपछि हातेपत्रमा भय जस्तै सहजकर्ताले सूचकको स्थानीयकरण र स्थानीयकरणको औचित्यका बारेमा छलफल गर्नुहोस् ।
- ✓ अब सहजकर्ताले सूचकको सरलीकरण र स्थानीयकरणको विधि उदाहरण सहित प्रष्ट पार्नुपर्छ ।
- ✓ सहजकर्ताले सहभागीहरूलाई पाँच समूहमा विभाजन गर्नुहोस् । यसरी विभाजन गर्दा खेल विधिबाट गर्न सकिन्छ ।
- ✓ सहजकर्ताले प्रत्येक समूहबाट ११ जनालाई अगाडि आउन अनुरोध गर्नुहोस् । प्रत्येक समूहलाई गोला प्रथाबाट बाल बचाउ, विकास, संरक्षण, सहभागिता र संस्थागत विकास लेखिएका चिट्ठाहरू छान्नका लागि भन्नुहोस् ।
- ✓ सहभागीहरूलाई जसलाई जे परेको छ उक्त समूहले सोहि विषयसँग सम्बन्धित सूचकहरूको स्थानीयकरण र सरलीकरण गर्नुपर्ने बताउनुहोस् र सबै समूहलाई उक्त समूहसँग सम्बन्धित सूचकहरू प्रदान गर्नुहोस् ।
- ✓ अब समूहमा प्रत्येक सूचकहरूलाई सरलीकरण, आवश्यक सूचकहरूको थप गरी स्थानीयकरण गर्दै सबै विधिहरू उल्लेख गरी तयार गर्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ साथै कुनै ५ वटा सूचकको आधार वर्ष र हालको अवस्था समेत विश्लेषण गर्नका लागि भन्नुहोस् । यसका लागि ५० मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- ✓ सहभागीहरूलाई समूह कार्य गर्दा सहजकर्ताले आवश्यकता अनुसार सहजीकरण र नबुझेको खण्डमा प्रष्ट पार्न सहयोग गर्नुपर्छ ।
- ✓ सबै समूहको कार्य सक्किएपछि सहजकर्ताले क्रमशः सबै समूहलाई प्रस्तुतीकरण गर्ने अवसर दिनुपर्छ । प्रत्येक समूहको प्रस्तुतीकरणपछि अन्य समूहले आफ्नो केहि सुझाव भए राख्नका लागि अनुरोध गर्नुहोस् । साथै सहजकर्ताले पनि कुनै सल्लाह भए राख्नुपर्छ ।
- ✓ अन्त्यमा सबै समूहको प्रस्तुतीकरण सुनिसकेपछि सहजकर्ताले धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुपर्छ ।

**सन्दर्भ सामग्री १**

## सूचकहरूको सरलीकरण

**के गर्ने ?**

- विद्यमान सूचकहरूलाई सरल र मापनयोग्य बनाउने ।
- आवश्यक भएमा उप सूचकहरू बनाउने ।
- छुटेका सूचकहरू थपगर्ने ।

**कस्तो बनाउने**

<u>SMART</u> बनाउने:

- S: Specific (स्पष्ट)
- M: Measurable (मापन गर्न वा नाप्न सक्ने)
- A: Attainable (प्राप्त गर्न सक्ने)
- R: Realistic (यथार्थपरक, व्यवहारिक)
- T: Time (समय तोकिएको)

| न्यूनतम सेवा सूचकहरू | मापन योग्य सूचक (स्थानीयकरण) | हालको अवस्था (२०७..) | लक्ष्य (२०७..) | अनुगमन | |
|---|---|---|---|---|---|
| | | | | कहिले गर्ने ? | कसले गर्ने ? |
| ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने | ६ महिनाभित्र सुत्केरी भएका महिलाको संख्या | | | | |
| | जन्मेको १ घण्टाभित्र आमाको बिगौती दूध खुवाईएका शिशुको संख्या | | | | |
| | ६ महिनासम्म आमाको दूध मात्र खुवाईएका शिशुको संख्या | | | | |
| | ६ महिनासम्म आमाको दूध बाहेक अन्य खानेकुरा खुवाईएका शिशुको संख्या | | | | |
| | कम्तिमा दिनको ८ देखि १२ पटकसम्म आफ्ना बच्चालाई स्तनपान गराउने आमाहरूको संख्या | | | | |

| न्यूनतम सेवा सूचकहरू | मापन योग्य सूचक (स्थानीयकरण) | हालको अवस्था (२०७..) | लक्ष्य (२०७..) | अनुगमन | |
|---|---|---|---|---|---|
| | | | | कहिले गर्ने ? | कसले गर्ने ? |
| ५ वर्ष मुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने । | जन्म भएको ३५ दिन भित्रमा जन्मदर्ता गरेको बालबालिकाको संख्या | | | | |
| | ३६ दिनदेखि ५ वर्षभित्र जन्मदर्ता गर्ने बालबालिकाको संख्या | | | | |
| | ५ वर्ष भन्दा माथिका जन्मदर्ता गर्ने बालबालिकाको संख्या | | | | |
| स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ । | १० देखि १४ वर्षको उमेरमा विवाह भएका बालक/बालिकाको संख्या | | | | |
| | १५ देखि १८ वर्षको उमेरमा विवाह भएका बालक/बालिकाको संख्या | | | | |
| | बाल विवाह विरुद्ध नीति तयार पारी कार्यान्वयन भए/नभएको | | | | |

**सत्रको निष्कर्ष**

१) बालमैत्रीका सूचकहरूले कतिपय स्थान विशेष बालबालिकाको प्रमूख मुद्दालाई नसमेटेको पनि हुन सक्छ । त्यस्ता सूचकहरूलाई समेट्न तथा सूचकहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न सहज होस् भन्नाका लागि स्थानीयकरण गर्नु आवश्यक छ ।

२) सूचकलाई स्पष्ट र मापनयोग्य बनाउनका लागि सूचकको सरलीकरण आवश्यक छ ।

३) सूचकको सरलीकरण र स्थानीयकरण गर्दा प्राप्त हुन नसक्ने र अमूर्त कुराहरू राख्न हुँदैन ।

## सत्र १२ : बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणा पूर्व-तयारी (प्रोफाइल, लगानी, योजना, रणनीतिक योजना र स्थिति-पत्र)

**उद्धेश्य**ः यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणा पूर्व-तयारीका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**ः यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणाको पूर्व-तयारी गर्दा प्रोफाइल, स्थितिपत्र, लगानी योजना र रणनीतिक योजना निमार्णका बारेमा जानकारी पाउनेछन् ।

**समय**ः १ घण्टा १५ मिनेट

**पूर्व-तयारी**ः लगानी योजाना, स्थितिपत्र र रणनीतिक योजनाको खाका

**आवश्यक सामग्री**ः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**ः समूह छलफल

### क्रियाकलाप

- ✓ यस सत्रमा सहजकर्ताले बालमैत्री शासनको अवलम्बन र घोषणा पूर्व-तयारी (प्रोफाइल, लगानी योजना, रणनीतिक योजना र स्थितिपत्र)का बारेमा छलफल गर्दै छौँ भनी जानकारी दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई ४ जनालाई स्वतः स्फूर्त रूपमा अगाडि आउनका लागि अनुरोध गर्नुहोस् । सबै जनालाई १/१ वटा जीवजन्तुको नाम लेखिएको चिट दिनुहोस् र बाहिर जानका लागि अनुरोध गर्नुहोस् । आफूले बोलाएपछि आफूलाई जे परेको छ सोहि जीवजन्तुको आवाज निकाल्दै हलभित्र घुम्दै एउटा कुनामा गएर बस्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ भित्र रहेका सबै सहभागीहरूलाई एउटा/एउटा चिट्ठा छान्नका लागि अनुरोध गर्नुहोस् । अब बाहिरबाट आउने सहभागीले आफूलाई परेको जस्तै आवाज निकालेमा उसैको पछि उस्तै आवाज निकालेर हिड्न र ऊ जहा बस्छ त्यही बस्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ अब बाहिर रहेका सहभागीहरूलाई पाल पालो बोलाउनुहोस् ।
- ✓ सबै सहभागी ४ वटा कुनामा बसेपछि यो नै समूह भएको बताउनुहोस् ।
- ✓ अब सहभागीहरूलाई बालमैत्री अवलम्बन र कार्यान्वयनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तु एउटा समूहलाई, घोषणापूर्व तयार गरिनुपर्ने कुरा अर्को समूहलाई, प्रोफाइल र स्थितिपत्र बिच भिन्नता र यिनीहरूमा समेटिनुपर्ने विषयवस्तु अर्को समूहलाई; रणनीतिक योजना र लगानी योजनाको खाका र भिन्नता अन्तिम समूहलाई समूहमा छलफल गरी तयार गर्नका लागि अनुरोध गर्नुहोस् र यसका लागि १५ मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- ✓ सबै समूहको सक्किसकेपछि पालैपालो प्रस्तुत गर्नुपर्छ र सहजकर्ताले अरु समूहलाई केही थप गर्नुपर्ने वा केहि सूझाव भए राख्नका लागि अनुरोध गर्नुपर्छ । अन्त्यमा हातेपत्रमा भए जस्तै तयारीका विषयवस्तुहरू, प्रोफाइल, स्थिति-पत्र, लगानी योजना र रणनीतिक योजनाको खाकाहरू प्रस्तुत गरी सत्रको अन्त्य गर्नुपर्छ ।

## सन्दर्भ सामग्री १

### बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)मा समावेश गर्नुपर्ने मुख्य विषयवस्तुहरू

क) बालमैत्री स्थानीय शासनका सबै सूचक, चरण तथा प्रावधानहरूलाई समेट्ने गरी प्रोफाइल तयारीको विधि सहमतिमा तय गर्नुपर्छ ।

ख) सर्वेक्षण प्रश्नावली तय गर्दा सहि र तथ्यपरक सूचना प्राप्त हुने कुराको सुनिश्चितता गर्नुपर्छ ।

ग) परिचय अन्तर्गत भौगोलिक अवस्थिति, हावापानी, भू-उपयोग, विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू विश्लेषणात्मक रूपमा प्रस्तुत गर्नुपर्छ ।

घ) बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र भित्र बाल अधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री वडा/पालिका, विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएका व्यवस्था, राष्ट्रिय कानूनी व्यवस्था तथा प्रावधानहरू (अन्तर्राष्ट्रिय

व्यवस्था र अन्य व्यवस्थाहरू), बालमैत्री शासन स्थापनाका लागि अवसर र सम्भावनाहरू र बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू सम्बन्धमा कानूनी तथा तथ्यगत रूपमा प्रस्तुत गर्नुपर्छ ।

ङ) प्रोफाइल तयारीका क्रममा अध्ययन विधि प्रष्ट रूपमा उल्लेख गर्नुपर्छ । यसरी उल्लेख गर्दा तथ्याङ्क सङ्कलन विधि, अध्ययनको क्षेत्र, प्रश्नपत्रको निर्माणका विषयहरू बुझ्न सकिने गरी उल्लेख गर्नुपर्छ ।

च) जनसंख्या विश्लेषणमा जनसंख्याको बनावट, (घरमुलि, जाति, धर्म, मातृभाषा तथा परिवार संख्या, पेशा, बसोबास, अपाङ्गता, उपचार, स्वास्थ्य विवरण) बालबालिकाको उमेर, लिङ्ग, लगायतका आधारमा जनसांङ्कीय बनावट समेत उल्लेख गर्नुपर्छ ।

छ) बाल तथा मातृ स्वास्थ्य अन्तर्गत सुरक्षित मातृत्व, गर्भवती महिलाको स्वास्थ्य, खोप लगाउने बालबालिका सम्बन्धी विवरण, बालबालिकामा पोषणको स्थिति, बालबालिकामा देखा परेका मुख्य रोगहरू र तीनको उपचार व्यवस्था, परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण, प्रसूती पूर्व चारपटक र प्रसूती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण, आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण, सार्वजनिक तथा निजी चर्पी र सरसफाई सम्बन्धी विवरण, खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण, स्वँस्थ्य संस्था सम्बन्धी विवरण, परिवारको सदस्य विरामी भएमा उपचारका लागि जाने ठाऊ लगायतका विषयमा तथ्याङ्कीय रूपमा उल्लेख गर्नुपर्छ ।

ज) शैक्षिक अवस्थामा परिवारको शैक्षिक स्थिति, विद्यालय स्तरमा अध्ययन गरिरहेका बालबालिकाको विवरण, शैक्षिक संस्थाहरूको विवरण, विद्यार्थी विवरण, विद्यार्थी भर्ना दर, बालविकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण, घरबाट विद्यालय जान लाग्ने समय, विद्यालय भर्ना नभएका बालबालिकाको संख्या, विद्यालय छोड्ने, बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई, अनौपचारिक शिक्षा, विद्यालयमा फोहोरमैला व्यवस्थापनको विषय समावेश भएको हुनुपर्नेछ ।

झ) बाल संरक्षण अन्तर्गत जन्मदर्ता, जोखिममा परेका बालबालिका सम्बन्धी विवरण, बालश्रम, वालविवाह, बालबालिकामाथि हुने हिंसा, बालयौन शोषण तथा बेचबिखन सम्बन्धी विवरण, सडक बालबालिका, कुलतमा लागेका बालबालिकाको विवरण, संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण, विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका, सजाय, बालबालिकामाथि हुने विभेद, विद्यालयमा हुने यातना, सजाय, बालबालिका सम्बन्धी, ऐन २०७५ कार्यान्वयनको अवस्थाका बारेमा तथ्यपरक भइ चित्रण गर्नुपर्छ ।

ञ) आर्थिक विकासको विषयमा पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण, परिवारलाई आफ्नो उत्पादन तथा आम्दानीले खान पुग्ने अवधि, घरको प्रकार, इन्धन, सञ्चारका साधनहरू, ऋण, स्थानीय संघसस्थामा आवद्धता, बाल गरीबी, बालबालिकालाई अलग्गै कोठा भए नभएको विषयहरू समावेश गर्न सकिने छ ।

ट) विपद् जोखिम व्यवस्थापनमा प्रकोप तथा जोखिमको विवरण, प्रकोपबाट भएको क्षतिको विवरण, विपद् जोखिम व्यवस्थापनमा बालबालिकाको सवाल, विपद् जोखिम व्यवस्थापन सम्बन्धी सचेतनाको विवरणहरू पेश गर्नुपर्ने हुन्छ ।

ठ) बाल सहभागितामा योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता, बालक्लबहरूको विवरण, विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा सहभागिता, आदि विषयहरूको विवरण समावेश भएको हुनुपर्छ ।

ड) त्यस्तै बाल न्याय, आवधिक योजनामा बालबालिकाको विषय, बालमैत्री स्थानीय शासन कार्यन्वयनको अवस्था, परिवारका सदस्यहरूको जनचेतनामूलक तालीम प्राप्त गरेको विवरण पेश गर्नुपर्छ ।

ढ) सन्दर्भ सामग्री सूची पश्चात अनुसूचीमा बालमैत्री स्थानीय शासन समितिको विवरण, महिला स्वास्थ्य स्वयंसेविकाहरूको नामावली, निर्वाचित जनप्रतिनिधिहरू, बालमैत्री शासन गतिविधि र सर्वेक्षण प्रश्नावली समावेश गर्न सकिन्छ ।

न) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तय गरेका सूचकहरूको वर्तमान अवस्था, आधार वर्षको सूचकको अवस्था र स्रोतको विनियोजनको अवस्था र आधार समेत प्रोफाइलले समेटेको हुनुपर्छ ।

त) प्रोफाइत तयार गर्दा प्राप्त विवरणहरूको सूचनाको स्रोत स्पष्ट खुलाउनुपर्छ ।

**सन्दर्भ सामग्री २**

आवधिक लगानी योजनामा समेटिनुपर्ने मुख्य विषयहरू

क) पृष्ठभूमि गा/न.पा..को परिचय

ख) लगानी योजना तर्जुमाको उद्देश्य र लगानी योजना तर्जुमा प्रक्रिया (गा./न.पा..को स्रोत नक्सा भएमा राख्ने) गर्नुपर्छ।

ग) लगानी योजना तर्जुमाका क्रममा अप्नाइएको विधि स्पष्ट रूपमा खुलाउनुपर्छ।

घ) वस्तुस्थिति विश्लेषण अन्तर्गत स्थानीय तहको जनसंख्या, भौतिक पूर्वाधार, गा./न.पा..मा सेवा प्रदान गर्ने निकाय/जनशक्ति विवरण, गा/न.पा..मा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमहरू, समस्या तथा सम्भावना विश्लेषण, चुनौतीहरू र अवसरहरूका साथै अवस्था विश्लेषणमा सम्भव भएसम्म नक्सा, फोटो, चार्ट तथा ग्राफहरू राख्नुपर्छ।

ङ) लगानी योजनाको मुख्य खण्डमा परिचय, दूरदृष्टि/सोच/परिकल्पना (Vision), लक्ष्य (Goal), उद्देश्य (Objectives), नतिजा (Results), रणनीति (Strategies), प्रमुख कार्यक्रम, परिमाणात्मक परिलक्ष्य, योजना खाका, क्रियाकलाप, जनशक्ति लगायतका विषयवस्तु खुलाउनुपर्छ। यस खण्डमा स्थानीय तहको सूचक अनुसारको अवस्था विश्लेषणबाट निर्धारण गरिएका कमजोरदेखि सबल सूचकहरूलाई आधार बनाइ लगानीका क्षेत्र र बजेट निर्धारण गर्नुपर्छ।

च) अनुगमन तथा मूल्याङ्कन अन्तर्गत अनुगमनः वार्षिक/अर्धवार्षिक, चौमासिक, संयुक्त अनुगमन र अन्य (गा./न.पा..को विद्यमान पद्धति र प्रक्रिया अनुसार), समीक्षाँः चौमासिक, वार्षिक, अन्य (गा/न.पा..को विद्यमान पद्धति र प्रक्रिया अनुसार), मूल्याङ्कनः मध्यावधि, अन्तिम मूल्याङ्कन गा/न.पा..ले निर्धारण गर्न सक्ने), प्रतिवेदन (गा/न.पा..को विद्यमान पद्धति र प्रक्रिया अनुसार) लगायतका विषय समावेश गर्नुपर्छ।

छ) आवश्यकता अनुसार टेवल, फोटो लगायतका विषयहरू सन्दर्भ सामग्री सूचीपछि राख्न सकिनेछ।

**सन्दर्भ सामग्री ३**

बालबालिकाको स्थिति पत्रमा समेट्नुपर्ने मुख्य विषयहरू

क) स्थानीय तहको परिचयमा, पालिकाको चिनारी, बालमैत्री स्थानीय शासनको अवधारणा, बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता, बालबालिका सम्बन्धी विद्यमान ऐन कानूनहरू र बालमैत्री स्थानीय शासनका अवसर एंव चुनौतीहरू समावेश गर्नुपर्छ।

ख) बालबालिकाको विद्यमान अवस्था विश्लेषण गरी विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या, बालश्रमको अवस्था, सडक बालबालिका, बाल यौन शोषण र दुर्व्यवहारको अवस्था, अपाङ्गता भएका बालबालिका, बालबालिका सम्बन्धी घटनाहरू, बाल विवाहको अवस्था र बालबालिका र एच.आइ.भी एड्स सहित बालबालिकाको मुख्य सवालहरूलाई समेट्नुपर्छ।

ग) बाल अधिकार र बालबालिकाको अवस्थाको खण्डमा बाच्न पाउने अधिकार, बाल संरक्षण, बाल विकास र संस्थागत विकास अन्तर्गतका सूचकहरूको अवस्था खुल्ने गरी उल्लेख गर्नुपर्छ।

घ) बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थामा बालबालिकाको लागि स्थानीय विकास योजना, बालबालिकाको लागि लगानी योजना, योजनाको अनुगमन तथा मूल्याङ्कन र साझेदार तथा सहयोगी संस्थाहरूको भूमिका सारसंक्षेपमा उल्लेख गर्नुपर्छ।

ङ) बालबालिका सम्बन्धी भएका कार्यहरूको उपलब्धिमा दिगो विकास लक्ष्य र बालबालिका, बालशिक्षा, बालस्वास्थ्य, खाँनेपानी तथा सरसफाई लगायतका क्षेत्रमा भएका उपलब्धिहरूलाई संक्षेपमा उल्लेख गर्नुपर्छ।

च) सन्दर्भ सामग्री सूचीपछि आवश्यकता अनुसार टेवल, फोटो आदि अनुसूचीमा राख्न सकिनेछ।

**सन्दर्भ सामग्री ४**

## रणनीतिक योजनामा समावेश गर्नुपर्ने मुख्य विषयहरू

क) परिचय अन्तर्गत पालिकाको परिचय, रणनीतिक योजना तर्जुमा प्रक्रिया, रणनीतिक योजना तर्जुमाको औचित्य लगायतका विषयहरू समावेश गर्नुपर्छ ।

ख) स्थिति विश्लेषणमा पालिकाको अवस्था विश्लेषण, सूचकहरूको हालको अवस्था र हाल कार्यरत साझेदार र सहयोगी संस्थाहरू सम्बन्धी विषय समावेश गर्नुपर्छ ।

ग) रणनीतिक योजनाको मुख्य भागमा पृष्ठभूमि, रणनीतिक योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरू, बालमैत्री स्थानीय शासन सम्बन्धी सवाल र सुधार तथा निरन्तरताका लागि गरिने क्रियाकलापहरू, बजेट विश्लेषण र विनियोजनको विषय समावेश गर्नुपर्छ ।

घ) बालमैत्री घोषणाको निरन्तरताको लागि प्रमुख/साझेदार संस्थाहरूको भूमिका हाल कार्यरत संघ संस्थाहरूको विषयगत क्षेत्रका आधारमा गर्नुपर्छ ।

ङ) अनुमगन, समीक्षाँ, मूल्याङ्कन, प्रतिवेदनको व्यवस्थामा स्पष्ट खाका सहित पेश गर्नुपर्छ । सो विषयको निकायगत भूमिका समेत उल्लेख गर्नुपर्छ ।

च) लगानी योजना, वार्षिक योजना र अन्य रणनीतिक योजनाका सारसंक्षेप अनुसूचीमा उल्लेख गर्न सकिनेछ ।

## सत्रको निष्कर्ष

१) स्थानीय तहको अवस्था विष्लेषण र सूचकको आधार अवस्था मूल्याङ्कनपछि आवधिक लगानी योजना बनाई कार्यान्वयन गर्नुपर्छ ।

२) बालबालिकाको प्रोफाइल बालमैत्री अवलम्बन गरेपछि र स्थितिपत्र नियमित रूपमा (वार्षिक वा २/२ वर्षमा) प्रकाशन गर्नुपर्छ ।

३) सबै सूचकहरू पुरा भइसकेपछि बालमैत्री घोषणा गर्नुपूर्व कमजोर रहेका तथा जोखिमपूर्ण सूचकलाई समेट्दै समग्र बालबालिकाको विषयलाई ध्यान दिँदै बालमैत्री दिगोपनाका लागि रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्छ ।

# सत्र १३ : संरचनात्मक व्यवस्था, जिम्मेवार निकायहरू र जिम्मेवारी

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको संरचनात्मक व्यवस्था र जिम्मेवार निकायहरूका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासन अवलम्बन गर्दा संरचनात्मक व्यवस्था के-कस्तो छ; जिम्मेवार निकायहरू को-को हुन् र उनीहरूको के-कस्तो जिम्मेवारी रहन्छ भन्ने विषयमा जानकारी पाउनेछन् ।

**समय**:

**पूर्व-तयारी**: जिम्मेवार निकाय र जिम्मेवारी लेखिएको हातेपत्र


**आवश्यक** सामग्रीः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: नदि खेल

### क्रियाकलाप

- ✓ सहभागीहरूलाई यस सत्रमा हामी बालमैत्री स्थानीय शासनको संरचनात्मक व्यवस्था र जिम्मेवार निकायहरू, जिम्मेवारीका विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई हामी जिम्मेवारीको नदि खेल खेल्दैछौं भनी सबै सहभागीहरूलाई पहिले नै तयार गरेर राखिएको पानीको थोपा जस्तै आकारमा लेखिएको जिम्मेवार निकायको नाम लेखिएको मेटाकार्ड दिनुहोस् ।
- ✓ अब आफूलाई परेको निकायको बालमैत्री स्थानीय शासनमा हुने कुनै एक भूमिका सोही मेटाकार्डको अर्कोपट्टी लेख्नका लागि अनुरोध गर्नुहोस् । जसका लागि ३ मिनेटको समय दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई आफ्नो पानीको थोपालाई नदिमा लगेर टाँस्नका लागि अनुरोध गर्नुहोस् । यदि आफूलाई परेको संस्था वा निकाय संघीय तहको हो भने नदिको सुरुमा; प्रदेशको हो भने वीचमा र स्थानीय तह अन्तर्गत हो भने अन्तिममा टाँस्नका लागि भन्नुहोस् ।
- ✓ सबैले टाँसिसकेपछि सहजकर्ताले संघीय, प्रादेशिक र स्थानीय तहमा रहेका तहहरूको भूमिकाका बारेमा हातेपत्रमा भए जस्तै प्रस्तुत गर्नुपर्छ ।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रमुख प्रशासकीय अधिकृतको नेपाल सरकारसँगको कार्यसम्पादन सम्झौता लगायतका विषयवस्तु समेत प्रस्तुत गर्नुपर्छ । अन्त्यमा कसैको केही जिज्ञासा भए सम्बोधन गर्दै सत्रको समापन गर्नुपर्छ ।

## सन्दर्भ सामग्री १



## बालमैत्री स्थानीय शासन गाउँ/नगर समितिः

१) अध्यक्ष/प्रमुख, गाउँ/नगरपालिका -अध्यक्ष

२) उपाध्यक्ष/उप प्रमुख, गाउँ/नगरपालिका -उपाध्यक्ष

३) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

४) वडा अध्यक्ष (सबै)

५) गाउँ/नगर कार्यपालिका (सबै)

६) महाशाखा/शाखा प्रमूखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैर सरकारी संस्था समन्वय)

७) महिला/बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारीमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना – सदस्य

८) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य

९) गाउँ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

१०) गाउँ/नगरपालिका स्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

११) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय सामुदायिक संस्था वा समूह मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

१०) गाउँ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख (१ जना) – सदस्य

११) सामाजिक शाखा/महाशाखा प्रमुख -सदस्य-सचिव

### भूमिका

- पालिका स्तरीय बालमैत्री नीति, कार्यविधि तथा रणनीति तयारी गर्ने र पालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,
- बाममैत्री स्थानीय शासनको प्रवद्धन गर्ने,
- वार्षिक तथा आवधिक लगानी योजना, प्रोफाइल, स्थितिपत्र तथा रणनीतिक योजना तर्जुमामा सहयोग गर्ने,
- वडा र समुदाय स्तरको समितिको क्रियाशिलतामा सहजीकरण गर्ने,
- बालक्लब र सञ्जालको परिचालनमा सहयोग गर्ने,
- विभिन्न संघ संस्थाहरूसँग समन्वय स्थापित गर्ने
- अनुगमन, मूल्याङ्कन र निर्देशन दिने ।

## बालमैत्री स्थानीय शासन वडा समितिः

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

१) वडा अध्यक्ष -अध्यक्ष

२) वडा समिति सदस्य (सबै)

३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) -सदस्य

४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था

मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य

५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) -सदस्य

६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका -सदस्य

७) वडास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य

८) वडा सचिव -सदस्य–सचिव

**भूमिका**

- वडा स्तरको योजना तर्जुमा र बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा वडा समितिलाई पृष्ठपोषण गर्ने,
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने,
- बालक्लब गठन र परिचालन,
- वडामा सामुदायिक संस्था तथा निकायबीच समन्वय गराउने,
- अनुगमन तथा मूल्याङ्कन ।

## बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति

१) वडा समितिले तोकेको वडा सदस्य -अध्यक्ष

२) गाउँ/नगर पालिका वडा समितिमा सूचिकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू -सदस्य

३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू -सदस्य

४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू -सदस्य

**भूमिका**

- बालमैत्री स्थानीय शासन बस्ति स्तरको योजना तर्जुमा तयार गर्न सहयोग गर्ने ।
- पैरवी र कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।
- बालक्लब र समूहको गठन र परिचालन ।

**साझेदार जिम्मेवार तह/निकायको भूमिका**

| क्र. स. | साझेदार जिम्मेवार तह/निकाय | जिम्मेवारी भूमिका |
|---|---|---|
| १. | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग | ✓ बालमैत्री योजना र कार्यक्रमलाई सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन सञ्चालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयोग र समन्वय गर्ने,<br>✓ नेपाल सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्री बनाउने,<br>✓ बाल अधिकार सम्बन्धी सूचकहरूलाई गरीबी अनुगमन तथा विश्लेषण व्यवस्थासँग आवद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने, |
| २. | स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रूपमा कार्य गर्ने,<br>✓ प्रदेश तथा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,<br>✓ आवश्यकता अनुसार सम्बन्धित प्रदेश/स्थानीय तहलाई प्राविधिक सहयोग, सहजीकरण र पृष्ठपोषण उपलब्ध गराउने । |
| ३. | संघीय विषयगत मन्त्रालयहरू (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, स्वास्थ्य, शिक्षा, कानून, पूर्वाधार विकास, यातायात, श्रम, सम्बन्धी विषयगत मन्त्रालयहरू) | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनका लागि स्थानीय तहको सर्म्पक मन्त्रालयलाई सहयोग गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि केन्द्रबाट स्रोत विनियोजन र परिचालन गर्ने,<br>✓ बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरूको प्रादेशिक तथा स्थानीयस्तरमा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने,<br>✓ बाल अधिकार सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरूको पूर्ण कार्यान्वयनको खाका तयार गरी अनुगमन गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न प्रदेश तथा स्थानीय तहलाई सघाउने,<br>✓ प्रदेश तथा स्थानीय तहलाई बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने,<br>✓ स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पूर्वाधार विकास, यातायात, श्रम, कानून निर्माण लगायतका विषयमा संघीय नीति, योजना तथा कार्यक्रमहरूलाई बालमैत्री बनाउने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न कानून तर्जुमा एवं परिमार्जन गर्दा बाल अधिकार सम्बन्धी विषयलाई ध्यान दिने, |

| | | |
|---|---|---|
| ४. | राष्ट्रिय बाल अधिकार परिषद् | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीयस्तरको प्राविधिक तहको रूपमा काम गर्ने,<br>✓ बाल समितिहरूबाट सञ्चालन हुने कार्यक्रमलाई बालमैत्री बनाउने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न मातहतका निकाय र संघसंस्थालाई निर्देशन दिने,<br>✓ बालमैत्री स्थानीय शासनको क्षेत्रमा स्रोत विनियोजन र परिचालन गर्ने गराउने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यहरूको अनुगमन र मूल्याङ्कन गर्ने गराउने । |
| ५. | समाज कल्याण परिषद् | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू संघीय सरकारबीच समन्वय गर्ने गराउने, |
| ६. | बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरू | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नेपाल सरकार र स्थानीय तहहरूलाई सघाउने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने । |

| क्र. स. | साझेदार जिम्मेवार तह/निकाय | जिम्मेवारी भूमिका |
|---|---|---|
| १. | प्रदेश अर्थ मन्त्रालय तथा प्रदेश योजना आयोग | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,<br>✓ प्रदेश सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्री बनाउने,<br>✓ बालमैत्री योजना र कार्यक्रमलाई प्रदेश सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,<br>✓ प्रदेशस्तरमा बाल अधिकार सम्बन्धी सूचकहरूलाई गरीबी अनुगमन तथा विश्लेषण प्रणालीसँग आवद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने, |
| २. | स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालय | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी प्रदेशस्तर नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रूपमा कार्य गर्ने,<br>✓ स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,<br>✓ स्थानीय तहको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहित गर्ने, |
| ३. | प्रदेश सरकारका विषयगत मन्त्रालयहरू | ✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धनका लागि स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयलाई सहयोग गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि प्रदेशस्तरबाट स्रोत विनियोजन र परिचालन गर्ने,<br>✓ बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरूको केन्द्रीय नीतिको अधिनमा रहि स्थानीयस्तरमा बाल अधिकार सम्बन्धी कार्यहरू गर्न गराउन सहयोग गर्ने । |

**स्थानीय स्तरका साझेदारहरू**

| क्र. स. | साझेदार जिम्मेवार तह/निकाय | जिम्मेवारी भूमिका |
|---|---|---|
| १. | जिल्ला समन्वय समिति | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,<br>✓ बालमैत्री स्थानीय तह घोषणाको लागि स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने । |

| | | |
|---|---|---|
| २. | गाउँ/नगरपालिका | ✓ केन्द्र र प्रदेश तथा अन्य सरोकारवाला निकायबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,<br>✓ आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सम्पर्क व्यक्ति तोक्ने,<br>✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी सञ्चालित कार्यक्रमहरू समन्वयात्मक र एकीकृत ढङ्गबाट सञ्चालन गर्ने गराउने,<br>✓ बालक्लब/समूह तथा संजालहरूको विकासमा सहयोग पुऱ्याउने |
| ३. | बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँ/नगरस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिका स्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने। |
| ४. | गाउँ/नगर कार्यपालिकाका महाशाखा, शाखा, इकाई | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न क्रियाशील रहने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,<br>✓ सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने। |
| ५. | बालक्ल/संजाल, महिला संजाल तथा गैर सरकारी संस्था | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरूलाई परिचालन गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र विषयगत शाखालाई सहयोग गर्ने। |

| | | |
|---|---|---|
| ६. | गाँउ/नगर वडा समिति | ✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि वडास्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>✓ गाँउ/नगरपालिकाबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू आफ्नो कार्य क्षेत्रमा लागू गर्ने,<br>✓ आफ्नो वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना तर्जुमा र बजेट विनियोजन गर्ने गरी गाँउ/नगरपालिकामा पेश गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आफ्नो वडामा सम्पर्क व्यक्ति तोक्ने,<br>✓ आफ्नो वडालाई बालमैत्री वडा बनाउने । |
| ७. | बालमैत्री स्थानीय शासन वडा समिति | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको नीति तथा योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,<br>✓ बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने, |
| ८. | बालमैत्री स्थानीय शासन समुदाय समिति, सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था | ✓ बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने,<br>✓ बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरू गर्ने,<br>✓ बाल समूहहरूको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने । |

(माथि उल्लेख गरिएका सरोकारवालाहरूका साथै संवैधानिक आयोगहरू, नीजि क्षेत्र, विकासका साझेदार, बालक्लबका पूर्वसदस्यहरू, धार्मिक तथा सांस्कृतिक संघसंस्था र व्यक्तिहरू समेत बालमैत्री स्थानीय शासन लागू गर्न महत्त्वपूर्ण साझेदारहरू हुन् ।)

**सत्रको निष्कर्ष**

१) बालमैत्री स्थानीय शासन बहुप्रतिच्छेदित अवधारणा भएकाले यसको कार्यान्वयनका लागि संघीय तहमा अन्तर मन्त्रालय, प्रदेश मन्त्रालयहरू र स्थानीय सरकार सबैको एकीकृत पहल आवश्यक हुन्छ ।

२) बालमैत्री कार्यान्वयनका लागि बनाइएका समितिहरूको क्रियाशीलताले प्रभावकारी नतीजा प्राप्त गर्न सकिन्छ ।

३) बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न नेतृत्वदायी भूमिकामा संघमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय स्तरमा स्थानीय सरकार रहेका छन् ।

# सत्र १४ : बालबालिकाका प्रमुख सवालहरू

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालबालिकाका प्रमुख सवालहरूका बारेमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले राष्ट्रिय र स्थानीयस्तरका बालबालिकाका प्रमुख सवालहरू के-के हुन् भन्ने विषयमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा ३० मिनेट

**पूर्व-तयारी**: बालबालिकाका सम्भावित सवालहरूको सूची

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: मतदान र छलफल खेल

### क्रियाकलाप

- ✓ यस सत्रमा हामी बालबालिकाका प्रमुख सवालहरूका विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई हामी विभिन्न समुदाय, वर्ग र क्षेत्रलाई प्रतिनिधित्व गर्छौं स्थान विशेषका बालबालिका र अभिभावकहरूका सवालहरू पनि पृथक हुन सक्छन् भनी बालबालिकाका अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सवालका सन्दर्भहरूलाई समेत जोड्नुहोस् ।
- ✓ सहभागीहरूलाई आफूलाई महत्त्वपूर्ण लागेको प्रमुख ५ वटा सवालहरू मेटाकार्डमा लेख्नका लागि अनुरोध गर्नुहोस् । जसका लागि ५ मिनेटको समय रहेको समेत जानकारी दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई आफूले टिपेका सवालहरूलाई पालैपालो भन्नका लागि अनुरोध गर्नुहोस् । सहभागीहरूले भनेका कुराहरू सहजकर्ताले नदोहोरिने चार्ट पेपरमा वा भुईमा क्रमशः राख्दै जानुपर्छ ।
- ✓ सबै सवालहरू टिपिसकेपछि सहजकर्ताले सहभागीहरूलाई ३/३ वटा चक्लेट दिनुहोस् र आफूलाई महत्त्वपूर्ण लागेको ३ वटा सवालहरूमा १/१ वटा भोट हाल्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ यसरी सबै सहभागीहरूले आफूलाई महत्त्वपूर्ण लागेको सवालमा मतदान गरेपछि सहभागीहरूलाई प्राथमिकताका आधारमा प्रमुख ३ सवाललाई पहिचान गर्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ पहिलो प्राथमिकतामा रहेका तीन सवाल पहिचान भएपछि सहजकर्ताले सहभागीहरूलाई ३ समूहमा विभाजन गर्नुहोस् ।
- ✓ अब प्रत्येक समूहलाई १/१ वटा सवाल र सो को कारण र न्यूनीकरणको उपायका बारेमा समूहमा छलफल गरी प्रस्तुतीकरण गर्नका लागि अनुरोध गर्नुहोस् । सोका लागि २० मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- ✓ प्रस्तुतीकरणका क्रममा कसैको केही गुनासो वा सुझाव वा पृष्ठपोषण भए राख्नका लागि अवसर दिनुपर्छ ।
- ✓ अन्त्यमा सहजकर्ताले केहि थप्नुपर्ने वा कुनै विषयका बारेमा भन्नुपर्ने भएमा आफ्नो भनाइ राखेर सत्रको अन्त्य गर्नुपर्छ ।

### बालबालिकाका सम्भावित प्रमुख सवालहरू

#### क) बाल विवाह (कानूनी व्यवस्था)

बाल विवाह सम्बन्धी मुलुकी अपराध (संहिता) ऐन, २०७४ परिच्छेद -११ अनुसार विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । त्यस्तो विवाह भएको भए विवाह स्वतः बदर हुनेछ । उक्त विवाह गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । आ-आफ्नो इच्छाले वा अरूको करकापले होस, बाल विवाह गर्न पाईदैन । गरेमा स्वतः वदर हुन्छ । स्वईच्छाले गरेपनि सो विवाह कायम भएको मानिदैन । स्वइच्छाले भनेर विवाह गर्ने बालक बालिकालाई पनि मुद्धा लाग्नसक्छ र सजायको भागीदार हुनसक्छन् । तर बालबालिकालाई भने संजाय केही कम हुन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ६६(२)(ण) अनुसार बालबालिकासँग विवाह गर्नु गराउनु बालबालिका विरुद्धको कसूर मानिने छ र त्यस्तो कसूर गर्नेलाई दफा ७२(३)(ख) अनुसार पचहत्तर हजार रुपैयासम्म जरिवाना र तीन वर्षसम्म कैद हुन्छ ।

**ख) जन्मदर्ता**

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ का साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ का अनुसार नेपाल भित्र जन्मेका सबै बालबालिकाको पहिचान सुनिश्चित गरेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६को दफा १८ मा बालबालिकाको जन्मदर्ता सुनिश्चित गरिएको छ । जन्मदर्ताको सूचकका रूपमा आमा वा बुबा मध्ये कोहीपनि उपस्थित हुन नसक्ने भएमा परिवारको १८ वर्ष माथिको सदस्यले सूचना दिन सक्ने व्यवस्था गरेको छ । परिवारका सदस्य सूचक नभएका बालबालिकाको जन्मदर्ताको सूचनाका लागि संरक्षक वा माथवर र सो पनि नभए वडा अध्यक्षले सूचकको रूपमा सूचना दिनुपर्ने व्यवस्था छ ।

**ग) बालश्रम**

बालश्रम (निषेध र नियमित गर्ने ऐन), २०५६ मा बालबालिकालाई कुनैपनि जोखिमपूर्ण काममा लगाउन नहुने भनी उल्लेख गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकालाई उनीहरूको व्यत्तित्व विकासको अवसर दिनुपर्ने र श्रममा लगाउन नहुने भनी उल्लेख गरेको छ ।

**घ) इन्टनेटबाट हुने जोखिम तथा दुर्व्यवहार**

बढ्दो इन्टरनेटको पहुँच र असुरक्षित प्रयोगका कारण बालबालिकामा जोखिम र दुर्व्यवहार बढ्दो छ । खासगरी ग्रमिङ (हानी पुऱ्याउने उद्देश्यले सम्बन्ध राख्ने), छलकपट, यौन मनसायले गरिने दवाव, यौनजन्य सन्देश आदानप्रदान, बुलिङ र बालबालिकाको अश्लील चित्रण लगायतमा जोखिम तथा दुर्व्यवहारमा बालबालिका पर्नसक्ने देखिन्छ । त्यस्तै बाल विवाह र बालबालिकाको बेचबिखनको जोखिम पनि बढेको देखिन्छ भने इन्टरनेटको लतमा पनि बालबालिका पर्ने जोखिम रहन्छ ।

विद्युतीय कारोवार ऐन, २०६३ का अनुसार विभिन्न किसिमका साइबर गतिविधिलाई अपराध मानेको छ । यस ऐनले विद्युतीय सामग्री-कम्प्युटर, इन्टरनेटको प्रयोग गरी कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनेर रोक लगाएका सामग्रीहरू प्रसारण गर्न नहुने कुरा उल्लेख गरेको छ । कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाती र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल् पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्न नहुने कुरा उल्लेख गरेको छ । बाल अधिकार सम्बन्धी ऐन, २०७५ ले कसैलाई पनि बालबालिकाको चरित्रमा आघात वा निजलाई लाज ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना विवरण, फोटो, भिडियोको सिर्जना, सूचनाको सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, विक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउनु हुँदैन । कुनै शोध कार्य वा अनुसन्धान गर्नुपरेमा पहिचान गोप्य राखी उमेर र लिङ्ग मात्र प्रकाशन गर्नुपर्छ भन्ने कुरा उल्लेख छ ।

**ङ) कुपोषण**

**च) विद्यालय छोड्ने**

**छ) लागु पदार्थ दुर्व्यसन**

**ज) बाल दुर्व्यवहार**

**ञ) यौन हिंसा**

**ट) विपद् र महामारीमा बालबालिकाका विषय**

**ठ) बाल मानसिक स्वास्थ्य**

**ड) परम्परागत हानिकारक अभ्यासहरू**

**ढ) बालबालिकाको बेचबिखन तथा ओसारपसार**

**सत्रको निष्कर्ष**:

१) बालमैत्री स्थानीय शासन अवधारणाको प्रभावकारी कार्यान्वयनका लागि बालबालिकाको प्रमुख मुद्दाहरूको सुनुवाइ हुनुपर्छ।

२) बाल विवाह, बाल श्रम र बाल दुर्व्यवहार जस्ता विषयहरू नेपालमा बालबालिकाका प्रमुख सवालहरू हुन् ।

३) स्थान परिवेश र भौगोलिकता अनुसार बालबालिकाको सवालहरू पृथक पनि हुनसक्छन् ।

# सत्र १५ : बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि ध्यान दिनुपर्ने विषयहरू

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको दिगोपनाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले  बालमैत्री स्थानीय शासनलाई कसरी दिगोपना दिन सकिन्छ ? यसका लागि के-कस्ता कार्यक्रम, नीति, योजनाहरू आवश्यक पर्छ भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा

**पूर्व-तयारी**: घोषणापछि ध्यान दिनुपर्ने कुराहरू लेखिएको हातेपत्र

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: व्यक्तिगत प्रस्तुति र समूहकार्य

**क्रियाकलाप**

- ✓ यस सत्रमा बालमैत्री स्थानीय शासन घोषणा भएपछि निरन्तरताका लागि स्थानीय तह, विषयगत शाखा र सरोकारवालाको भूमिकाको विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ सहभागीहरूलाई बालमैत्री स्थानीय शासन घोषणापछि ध्यान दिनुपर्ने आफूलाई महत्त्वपूर्ण लागेको ३ वटा कुराहरू लेख्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- ✓ अब आफ्नो नजिकको सहभागीसँग छलफल गरी दोहोरिएको हटाउने र छुटेको थपेर एउटै सूची बनाउन अनुरोध गर्नुहोस् । त्यसपछि ४/४ जनाको समूह बनेर सोहि कार्य गर्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- ✓ अन्त्यमा सबै समूहको प्रस्तुतीकरण पछि सहजकर्ताले हातेपत्रमा भए जस्तै केही छुटेको भए थप गरेर सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री १**

**अभिलेख व्यवस्थापन**

- बालमैत्री अवलम्बन गर्ने गाउँ/नगर कार्यपालिकाबाट निर्णय गरी गाउँ/नगर सभाबाट पारित गरी अभिलेख सुरक्षित राख्ने,
- बालमैत्री कार्यान्वयनका लागि पर्याप्त छलफल गरी जिम्मेवारी, मानवीय तथा आर्थिक स्रोत, अवधी, विधि जस्ता कुराहरू खुल्ने गरी विस्तृत कार्ययोजाना बनाई अभिलेखीकरण तथा कार्यन्वयन गर्ने ।
- बालमैत्री आचारसंहिता तयार गरी सरोकारवाला सबैलाई प्रचारप्रसार गरी अभिलेख तयारी गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले उल्लेख गरे अनुसार सबै सरोकारवालाहरूको अर्थपूर्ण उपस्थितिमा बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि आवधिक लगानी योजना तयार गरी कार्यन्वयनका लागि कार्यपालिकाबाट पारित गर्ने ।
- नगर/गाउँ स्तरमा स्थापना भएका सबै बालक्लब तथा सञ्जालहरूलाई वडामा आवद्धता प्रदान गरी प्रमाणपत्र दिने साथै सबै बालक्लबको विवरण (नाम, ठेगाना, उद्देश्य, बालक बालिका, सम्पर्क व्यक्ति, जस्ता विवरण खुल्ने गरी) अभिलेखी(करण गर्ने ।
- विभिन्न समिति (जस्तै : बालमैत्री स्थानीय शासन समिति, बाल संक्षण तथा सम्वर्द्धन समिति)हरूको नियमित वैठक बसी भएका निर्णयहरूको अभिलेख राख्ने ।
- बालमैत्री स्थानीय शासन कार्यविधिले दिएको ढाँचामा थपघट गरी नियमित रूपमा बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेख गरिएका स्थानीय तहहरूको तोकिएका जिम्मेवारी पुरागर्ने ।

## स्रोत व्यवस्थापन

- बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूको उल्लेख्य भूमिका रहन्छ ।
- संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई शर्सत अनुदान/लक्षित कार्यक्रम सञ्चालन गर्न उपलब्ध अनुदान ।
- विकास साझेदारहरूले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रूपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य  सहयोगको रूपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम उपलब्ध थप वित्तीय सहयोग ।
- बालक्लबका पूर्व सदस्य, बाल अधिकारकर्मी, तथा सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूलाई स्रोत व्यक्ति, सहजकर्ता, सामाजिक परिचालक आदिका रूपमा परिचालन गर्न सकिनेछ ।
- स्थानीय स्तरमा सञ्चालित सहकारी, निजी व्यवसायिक प्रतिष्ठान, सार्वजनिक संस्थान लगायतले आफ्नो सामाजिक दायित्वका रूपमा यस अभियानमा आर्थिक, मानवीय वा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछन् ।
- बालमैत्री स्थानीय शासनका केही सूचकहरू प्राप्त गर्नका लागि छुट्टै आर्थिक स्रोत जुटाउनुपर्छ भन्ने पनि छैन । विभिन्न विकास कार्यक्रमहरूमा बालमैत्री ढंगबाट योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्दा पनि कतिपय सूचक पुरा गर्न सकिन्छ ।
- स्थानीय तहले बालबालिकाको लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कूल पूजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्नेछन् ।
- गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले आवधिक तथा वार्षिक योजनासँग सह-सम्बन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम सञ्चालनमा उपलब्ध सहयोग ।
- सर्म्पक संघीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतको आधारमा स्थानीय तहलाई उपलब्ध वार्षिक एकमुष्ट विशेष अनुदान/थप आर्थिक अनुदान ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई लक्षित समूह समुदायसम्म पुर्‍याउन बालक्लब, आमा समूह, युवाक्लब तथा सञ्जाल र सामाजिक संघ संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले स्थानीय सामाजिक संघसस्था र सञ्जालहरूको क्षमता अभिवृद्धि गर्न स्थानीय सरकारले लगानी गर्नुपर्छ ।
- नगरपालिका/गाउँपालिकाका बालबालिकासँग सम्बन्धित शाखा अन्तर्गत बालमैत्री इकाइ वा शाखा वा सम्पर्क व्यक्ति तोकी कार्यविभाजन गर्नुपर्छ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन र घोषणा पूर्व तयार पारिएको आवधिक र रणनीतिक योजनालाई सम्बन्धित तहको आवधिक तथा वार्षिक योजनामा समेत समावेश गरिएको हुनुपर्छ ।

## जनसहभागिता

- बालमैत्री स्थानीय शासनको अवधारणा कार्यन्वयन गर्नका लागि कुनै निश्चित व्यक्ति वा सस्थाको पहलले मात्र पुग्दैन । तसर्थ, अधिकतम जनसमुदायको सहभागिता गराउन पहल गर्नुपर्छ ।
- स्थानीय स्तरमा सञ्चालित सहकारी, होटेल व्यवसाय, निजी, सामुदायिक तथा सार्वजनिक व्यवसाय, फर्म, संघसस्था लगायतको महत्त्वपूर्ण भूमिका हुन्छ । उनीहरूलाई कसरीसँगसगै लैजाने भन्ने कार्ययोजना हुनुपर्छ ।
- समुदायका सबै जातजाती, भाषाभाषी, धर्म, वर्ग, सम्प्रदाय र संस्कृति मान्ने जनसमुदायको समावेशिता र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ ।

### अनुगमन मूल्याङ्कन

- सम्बन्धित सूचकहरू पुरा भएको सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र निर्देशन गर्ने ।
- बाल हिंसा, दुर्व्यवहार र जोखिमका घटनामा तत्काल कार्य गर्नका लागि संयन्त्रको संस्थागत विकास र स्तरोउन्नतिका लागि आवश्यक निर्देशन दिने ।
- बालबालिकाको क्षेत्रमा गरिएको लगानीको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण गर्ने ।

### सञ्जालीकरण (Networking) र साझेदारी

- बालमैत्री स्थानीय शासनका सूचकहरू, शासकीय व्यवस्था र बाल अधिकारका क्षेत्रमा काम गर्ने सामाजिक संघसंस्थाबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।
- स्थानीय तहले विषयगत संघ-संस्थाहरूको नक्साङ्कन गरी सञ्जालीकरण गर्ने ।
- स्थानीय तहमा हुने कार्यहरूमा एकरूपता कायम गर्न साथै कुनै स्थान वा विषयमा एकै प्रकृतिको काम दोहोरिने, कुनैमा नहुने समस्या समाधान गर्न  एकीकृत योजना बनाई कार्यान्वयन गर्ने ।

### सत्रको निष्कर्ष

१) सबै सूचकहरू पुरा भएको सुनिश्चितताका लागि बालमैत्री घोषणा पछिपनि बालमैत्री गतिविधिहरूलाई नियमितता दिनुपर्छ ।

२) बालमैत्री अवधारणाको दिगोपनाका लागि अभिलेख व्यवस्थापन, स्रोत व्यवस्थापन, जनसहभागिता, अनुगमन तथा मूल्याङ्कन र सञ्जालीकरण र साझेदारी महत्त्वपूर्ण छ ।

३) बालमैत्री स्थानीय तहले नीतिगत सुधार गर्दै अन्य कानूनले उल्लेख गरेका कुराहरू समेत पुरा गर्दै जनुपर्छ ।

# सत्र १६ : बालक्लब गठन मार्गदर्शन

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई बालक्लब गठन र सञ्चालनका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालक्लब कसरी गठन गर्ने ? कसरी सञ्चालन गर्ने, बालक्लबका सञ्जालहरू कसरी गठन र परिचालन गर्ने, बालक्लब गठन सञ्चालनका लागि कानूनी व्यवस्थाहरू के-कस्ता छन् ? बालक्लब कहाँ दर्ता र आवद्धता गर्ने भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा २० मिनेट

**पूर्व-तयारी**: बालक्लबका प्रकार, बालक्लबको नेतृत्व, सहजकर्ता सम्बन्धी व्यवस्था तथा दर्ता र आवद्धता सम्बन्धी हातेपत्र,


**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूहकार्य

### क्रियाकलाप

- ✓ यस सत्रमा सहजकर्ताले बालक्लब बारेमा छलफल गर्छौ भनी जानकारी दिनुहोस् ।
- ✓ तपाईंहरू मध्ये कोही पहिला कहिल्यै बालक्लबमा बस्नुभएको छ ? वा त्यसको बारेमा केही थाहा छ ? भनी सोध्नुहोस् । तपाईंहरूको विचारमा बालक्लब भनेको के होला ? यो कहाँ हुन्छ, यो किन चाहिन्छ जस्ता प्रश्नहरू गर्नुहोस् ।
- ✓ अब सहभागीहरूलाई ३ वटा समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई बालक्लबको आवश्यकता किन पर्छ, बालक्लबले के-के गर्न सक्छन् ? अर्को समूहलाई बालक्लबले गर्न नसक्ने कुराहरूका बारेमा छलफल गर्नका लागि अनुरोध गर्नुहोस् । प्रत्येक समूहलाई १० मिनेटको समय भएको जानकारी गराउनुहोस् ।
- ✓ प्रत्येक समूहलाई पालैपालो प्रस्तुतीकरणको अवसर दिनुहोस् । सबै समूहको प्रस्तुतीकरण सक्किएपछि थप गर्नुपर्ने वा छुटेको केही भए थप्नुहोस् ।
- ✓ त्यसपछि सहजकर्ताले बालक्लबका प्रकार, बालक्लबको नेतृत्व, सहजकर्ता सम्बन्धी व्यवस्था तथा दर्ता र आवद्धताका सम्बन्धमा हातेपत्रमा जस्तै प्रस्तुतीकरण र छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

### सन्दर्भ सामग्री १



**बालक्लब**


बालबालिकाको सांगठनिक स्वरुप नै बालक्लब हो । जहाँ बालबालिका भेला भई आफ्ना अधिकार र कर्तव्यका बारेमा छलफल गर्छन्, प्रतिभा प्रस्फुटनका विविध कार्यहरूको आयोजना गर्छन् र लोकतान्त्रिक विधि र प्रक्रियाको अभ्यास गर्दछन् । बाल अधिकार महासन्धिको धारा १५ ले बालबालिकाको सङ्गठनको अधिकारको सुनिश्चित गर्दछ । बालबालिकाको सहभागिताको अधिकार भनेको उनीहरूको मानव अधिकार पनि हो । बाल अधिकार महासन्धिले बालबालिकाको सहभागितालाई उनीहरूको विचार व्यक्त गर्ने अधिकार, सूचना प्राप्त गर्ने अधिकार, निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार र सङ्गठनको अधिकारको रूपमा व्याख्या गरेको छ ।

बालक्लबको सङ्गठन निर्देशिकाले बाल समूह भन्नाले सामान्यतया २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचारप्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ भनी परिभाषित गरेको छ ।

**बालक्बल के हो ?**

- धेरैजसो अवस्थामा सदस्यता, उद्देश्य, निर्वाचित नेतृत्व लगायतका विषयमा नियमहरू भएको एक औपचारिक संरचना जसले सामाजिक सेवाका लागि ढोका खुल्ला गर्दछ ।
- आफूसँग सरोकार राख्ने विषयहरूमा छलफल गर्ने र सिक्ने ठाउँ ।
- बाल अधिकारसँग सम्बन्धित मुद्दामा निर्णयमा पुग्ने र त्यसलाई समाधान गर्नको लागि साझा कार्यक्रम तय गर्ने थलो,
- केही अवस्थामा जिल्लास्तरमा समेत सञ्जाल भएको संस्था,
- कर्तव्य र अधिकारको सही बोध गर्ने थलो,
- ठूलो भएपछि गर्नुपर्ने कुरालाई सानैमा थाहा पाउने ठाउँ,
- नयाँ ज्ञान, सीप, अवसर, अनुभव आदानप्रदानको स्रोत,
- व्यक्तित्व तथा नेतृत्व विकासको अवसर पाउने थलो,
- सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने, बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने स्थान
- बाल सहभागिता वृद्धि गर्ने माध्यम,
- चेतना जगाउने, सिक्ने र सिकाउने माध्यम ।

**बाल समूह तथा सङ्गठनहरू मूलत ५ किसिमका छन्:**



**समुदायमा आधारित बाल समूहहरू :**

कुनै निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरू समुदायमा आधारित बाल समूहहरू हुन् । नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिन्छ ।

**विद्यालयमा आधारित बाल समूहहरू**

कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहहरू विद्यालयमा आधारित बालसमूहहरू हुन् ।

**विषयगत बाल समूहहरू**

समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर पनि बाल समूह गठन गर्न सकिन्छ । बालिकाहरूको सवालमा मात्र काम गर्न, जलवायु परिवर्तन र बाल अधिकारका विषयमा कार्य गर्न, एच. आइ. भि. एड्स. जस्ता विषयहरूमा कार्य गर्न विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिन्छ ।

**विशिष्टीकृत बाल समूह**

अन्तर्राष्ट्रिय रूपमा नै स्थापित स्वयंसेवा अभियान तथा संङ्गठनहरूले विशेष किसिमका स्वयंसेवी प्रकृतिका बाल समूह गठन गर्न सक्छन् । जस्तै जुनीयर रेडक्रस र स्काउट । यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन्छन् ।

**बाल समूह सञ्जाल**

स्थानीय स्तरमा सूचीकृत भएका बाल समूहहरू एक आपसमा भेलाभइ एकआपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामुहिक रूपमा प्रस्तुत गर्न बाल समूह सञ्जाल गठन गर्न सक्दछन् । यसरी बाल समूह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्दछन् ।

**बालक्लबले के गर्दछन् ?**

- बाल अधिकारको प्रचारप्रसार

  गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचारप्रसार गर्न सक्छन् ।

- बाल अधिकार अनुगमन

  स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर सुझाव प्रस्तुत गर्न सक्नेछन् ।

- सेवाका लागि सम्प्रेषण र सुझाव

  हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने ।

- शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू

  व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सीपहरू आर्जन गर्न्न सक्नेछन् ।

- सामुदायिक स्वयंसेवा

- निर्णय प्रक्रियालाई प्रभावित पार्ने


  सामूहिक रूपमा वा प्रतिनिधि मार्फत् बाल अधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्न सक्नेछन् ।




**बालक्लबले सञ्चालन गरिरहेका केहि गतिविधिहरू**

- जन्मदर्ता सम्बन्धी प्रचारप्रसार,
- विद्यालय भर्ना अभियान,
- बालश्रम शोषण, बाल विवाह तथा चेलिबेटी बेचबिखन विरुद्ध अभियान,
- जनचेतना, जातीय छुवाछुत, सामाजिक विकृति विरुद्ध सडकनाटक,
- सरसफाइ अभियान,
- बाल दिवस, शिक्षा लगायतका दिवसहरू मनाउने,
- बालबालिकालाई बाल विकास केन्द्र भर्नाका लागि घरदैलो,
- जाँड-रक्सी, जुवा-तास बिरुद्ध अभियान,
- भित्तेपत्रिका प्रकाशन,
- धुम्रपान निषेध/खुल्ला दिशामुक्त क्षेत्रको घोषणा,
- खेलकुद तथा सांस्कृतिक कार्यक्रम,
- हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला, वादविवाद पत्रलेखन, चित्रकला, गीत, कविता प्रतियोगिता,

- बाल अधिकार सम्बन्धी तथा नेतृत्व विकास तालीम तथा भेला,
- इन्टरनेट सुरक्षा सचेतना ।




**बाल समूहले गर्न नसक्ने कार्यहरू**

- कुनै राजनीतिक दल वा त्यसको भातृ सङ्गठनका पक्षपोषण वा विरोध गर्न ।
- समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य ।
- समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।
- हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू ।
- सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।
- उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरूको जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरू,
- बाल समूह, कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरू ।
- सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य,
- सामाजिक रूपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरू ।

**नेतृत्व**

- **बहुपदीय नेतृत्व**

  बाल समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व

- **चक्रीय नेतृत्व**

  निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जाने ।

- **संयोजन समूह**

  बाल समूहमा निश्चित संख्यामा संयोजन समूह बन्ने । बाल समूहको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्न ।

**बालक्लब सम्बन्धी थप व्यवस्थाहरू**

- बाल समूहको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय
- बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्छन् । उपसिमितिमा ३ देखि १५ जनासम्म सदस्य बन्न सक्नेछन् ।
- बाल समूहको नेतृत्वमा ५० प्रतिशत बालिका, १० प्रतिशत दलित, ५ प्रतिशत अपाङ्गता भएका सदस्यहरू हुनेछन् । लैङ्गिक तथा अल्पसंख्यक बालबालिका भएमा उनीहरूलाई समेत समावेश गराउन सकिनेछ ।
- एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाइनेछैन ।
- समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनुपर्दछ भने विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष हुनुपर्दछ ।
- एकै व्यक्ति बाल समूहको पदाधिकारीको रूपमा एक कार्यकाल भन्दा बढी समय बस्न हुँदैन ।

**आवद्धता तथा सूचीकरण**

- समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । वडा कार्यालयमा सूचीकृत भएका बाल समूह/सञ्जालको विवरण वडा कार्यलयबाट नियमित रूपमा गाँउपालिका तथा नगरपालिकामा पठाउनु पर्नेछ ।
- विद्यालयमा गठन भएका बाल समूहको आवद्धता स्वयं विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँपालिका वा नगरपालिकाको कार्यालयसँग रहनेछ ।
- बाल समूह सूचीकरण हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम, सम्पर्क ठेगाना र आवद्ध निकाय खुलाइएको हुनुपर्नेछ ।

**सहजकर्ता सम्बन्धी व्यवस्था**

- बाल समूहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितिमा मान्य हुनेछैन ।
- प्रत्येक बाल समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुन्छ ।
- सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरूलाई सही र उपयुक्त उपायहरू सुझाउने तथा स्रोतसम्म उनीहरूको पहुँच बनाउन सहयोग गर्नुपर्नेछ ।
- बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता व्यक्ति, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहनेछ ।
- सहजकर्ताको छनौट प्रक्रियामा बाल समूहको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ ।
- एक सहजकर्ताले अधिकतम १० वटा बाल समूहलाई सहयोग पुऱ्याउन सक्नेछ ।

## सत्रको निष्कर्ष

१) बालक्लब, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले दिएको अधिकार प्रयोग गर्दै बाल अधिकार प्रवर्द्धन र स्वयम् सेवा गर्न खोलिएको बालबालिकाको संस्था हो ।

२) बालक्लबले गर्ने गतिविधिहरू गैर दलीय तथा सामाजिक रूपमा सद्भाव र सहिष्णुतामा खलल् पार्ने खालका हुनुहुँदैन । वयस्कले बालक्लबका गतिविधिमा हस्तक्षेप गर्न हुँदैन ।

३) बालक्लब आफैँमा समावेशी हुनुपर्छ र बालक्लबको सञ्चालनका लागि बालक्लबले वयस्क सहजकर्ता छनौट गर्नेछन् ।

# सत्र १७ : बाल भेला (परिचय, विधि र सञ्चालन)

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई  बालभेलाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालभेला के हो ? योजना प्रक्रियाको बालभेला र बालसमूह वा सञ्जाल गठनकालागि गरिने भेला के हो ? यसको महत्त्व के-कस्तो रहेको छ । बालभेलाले योजना प्रक्रियालाई कसरी सहज बनाउँछ ? बालमैत्री स्थानीय शासन अवलम्बन गर्दा किन बालभेला जरुरी छ भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समय**: २ घण्टा ४० मिनेट

**पूर्व-तयारी**: बाल भेला सहजीकरणका लागि आवश्यक प्रश्नहरू

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: नमूना बाल भेला

### क्रियाकलाप

- ✓ यस सत्रमा बाल भेला यसको विधि आवश्यकता र सञ्चालका विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ सहभागीहरूलाई बाल भेला भनेको कसैलाई थाहा छ ? वा बाल भेलामा कहिल्यै सहभागी हुनुभएको छ ? भनी प्रश्न गर्नुहोस् ।
- ✓ सहभागीहरूको प्रतिक्रिया सुनिसकेपछि सहजकर्ताले बाल भेला, बाल भेलाको विधि प्रक्रिया, बाल भेला अघि, बाल भेलाको समयमा गर्नुपर्ने कुराहरू र बाल भेला पश्चात गर्नुपर्ने कुराहरूका बारेमा छलफल र प्रस्तुतीकरण गर्नुहोस् ।
- ✓ बाल भेलाको विधि र औजारको बारेमा समेत प्रस्तुतीकरण गरिसकेपछि सहजकर्ताले बाल भेलाको विधि जस्तै हामी नमूना बाल भेला गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ जसका लागि सहभागीहरूलाई ३ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहबाट १/१ जनालाई  अगाडि आउनका लागि अनुरोध गर्नुहोस् । ८ देखि ११ सम्मका बालबालिका, १२ देखि १८ वर्षसम्मका बालिका, १२ देखि १८ वर्षसम्मका बालक गरी लेखिएको चिट्ठा छान्नका लागि अनुरोध गर्नुहोस् ।
- ✓ अब प्रत्येक समूहलाई २/२ वटा बाल भेलाको औजारमा आफू जुन समूहमा पर्नुभएको छ सोहि अनुसार नमूना बाल भेला गर्नका लागि अनुरोध गर्नुहोस् । जसमा १ जना सहजकर्ता र बाकी सहभागीहरू आफूलाई परेको उमेर समूहको भूमिका निर्वाह गर्नका लागि अनुरोध गर्नुहोस् । प्रत्येक समूहलाई ५० मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- ✓ सबै समूहको सक्किएपछि बाल भेलामा जस्तै प्रस्तुतीकरण र सो पछि सवाल र समस्याको पहिचान र योजना निर्माण तथा प्राथमिकीकरण गर्नुहोस् ।
- ✓ अन्त्यमा केहि जिज्ञासा भए राख्नका लागि अनुरोध गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

### सन्दर्भ सामग्री

#### बालभेला

बालबालिकाको योजना छनौट गर्नुपूर्व बालबालिकाको बाल भेला गराई उनीहरूबाट आएका योजनाहरूको प्राथमिकता सहित वडागत रूपमा सम्बन्धित वडा तथा नगर/गाउँपालिकामा पेश गर्नुपर्ने भएको हुँदा स्थानीय सरकारको वार्षिक योजना तर्जुमा पूर्व हरेक वर्ष बाल भेला अनिवार्य रूपमा गराउनुपर्छ । स्थानीय सरकारका योजना छनौट गर्नुपूर्व बालबालिकाका योजना बनाउनका लागि गरिने बालबालिकाको भेला नै बालभेला हो ।

#### बालभेलाको महत्त्व

- बालभेलाले बालबालिका एक ठाउँमा जम्मा भई उनीहरूको समस्या, आवश्यकता र चाहनाहरूका बारेमा विचार राख्ने अवसर सिर्जना गर्छ ।
- यस्तो भेलामा छलफल गरी उनीहरूले आफ्ना वास्तविक आवश्यकता र प्राथमिकता निर्धारण गर्न सक्छन् ।

- तय गरिएका आवश्यकता र प्राथमिकताहरूलाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजन सम्बन्धी निर्णय गर्ने संरचना र पदाधिकारी समक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुनेगरी कार्य गर्ने अवसर सिर्जना गर्न सकिन्छ ।
- बालभेलाले बालबालिकाको अर्थपूर्ण सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।
- बालबालिका, बालक्लब, बाल सञ्जालको क्षमता विकासमा सहयोग पुग्छ ।
- बालबालिकालाई स्थानीय शासन र लोकतान्त्रिक पद्धतिमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

**बालभेला सञ्चालन पूर्व ध्यान पुऱ्याउनु पर्ने विषय**

- स्थानीय तह अर्थात् गाउँपालिका/नगरपालिका र वडा कार्यालयसँग समन्वय,
- बालबालिकालाई पायक पर्ने समय, मिति र स्थान तय गर्ने,
- बालभेलाको स्थान, मिति र समयबारे बालबालिका तथा बालक्लबलाई जानकारी दिने,
- बालबालिका वा बालक्लबसँग छलफल गरी बालभेलाको योजना तयार गर्ने,
- बालमैत्री स्थानीय शासन र बाल अधिकार बुझेको दक्ष सहजकर्ताको छनौट गर्ने,
- आवश्यक सामग्रीको तयारी,
- बालभेलाका विधिहरूको पूर्ण प्रयोग,
- आफ्नो स्थानीय तहको योजना प्रक्रिया र तय भएका मितिहरूका बारेमा जानकारी राख्ने,
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि पहल गर्ने ।

**बालभेला सञ्चालन गर्दा ध्यान पुऱ्याउनु पर्ने विषय**

- बालभेलामा पारित भएका मागहरूका बारेमा प्रत्येक सहभागीले आफ्ना बालक्लबमा गएर जानकारी गराउनु पर्ने कुरा बताउनुपर्छ,
- बालभेला सहजीकरणको विषयमा गहन र विस्तृत अध्ययन गर्नु पर्दछ ।


**बालभेला पश्चात ध्यान पुऱ्याउनु पर्ने विषय**

- बालभेलाले तर्जुमा गरेका योजनाहरूलाई बालमैत्री स्थानीय शासन समितिको सहजीकरणमा वडा समितिमापेश गरी बस्ती स्तरको योजना तर्जुमा प्रक्रियाभन्दा अगाडि निर्णय गराउनुपर्छ ।
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपि बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकाले बस्तीस्तरको योजना तर्जुमा हुँदा पेश गर्ने,
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपि सम्पूर्ण बालक्लबका सदस्यहरूसँग जानकारी गराउने ।
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपिसहित वडा भेला, वस्तीस्तरको भेला आदिमा प्रतिनिधित्व गर्ने सरोकारवालाहरू र बालबालिकालाई जानकारी गराई उनीहरूको सहभागितामा मागहरू पारित गराउन पहल गर्ने ।
- बालबालिकाका सरोकारवालाहरू फर्किएर बालक्लब र बालक्लब सञ्जालका साथसाथै वडास्तरमा भएका नागरिक समाजका समितिहरू, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षण समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बाल अधिकार सम्बन्धी संस्था तथा समूह जस्ता सङ्गठनहरूसँग पनि निरन्तर सम्पर्कमा रही समन्वय गर्नुपर्दछ ।
- बालभेलाको निर्णयलाई वस्ती, वडा हुँदै गाउँपालिका तथा नगरपालिकाको सभाबाट पारित गर्नका लागि पहल गर्ने ।

- सभाबाट पारित भएको प्रतिवेदनको अभिलेख राख्ने ।
- बालभेलाको प्रतिवेदन तयार पार्ने र सम्बन्धित स्थानीय तह, समूह, बालक्लब र बालक्लब सञ्जालमा दिने,
- बालबालिकाको निम्ति पारित गरिएका योजनाहरूको समयमै कार्यान्वयनको निम्ति पहल गर्ने,
- बालबालिकाका कार्यक्रम, त्यसको उपलब्धि, सवाल, कार्यक्रम र त्यसका उपलब्धि,
- निरन्तर कार्यक्रमको अवलोकन, पुनरावलोकन, अनुगमन र मूल्याङ्कन ।

**बालभेलामा सहभागी हुने बालबालिकाको उमेर र समूह**

- ८ देखि ११ वर्ष : बालक र बालिका
- १२ देखि १८ वर्ष : बालक
- १२ देखि १८ वर्ष : बालिका
- **समय**: एक दिन
- **कहिले**: बस्तीबाट योजना छनौट भन्दा पहिले ।




**क) बाल भेलाका औजारहरू**

**शरिर नक्साङ्कन**

**समय** : ३० मिनेट

**उद्देश्य** : सहभागी बालबालिकालाई बालभेला अघि र बालभेला पश्चात समाजमा आएका परिवर्तनको बारेमा पत्ता लगाउन मद्दत गर्नु ।

**विधि**:

- सहभागी बालबालिकालाई ८-११ वर्षका बालबालिका, १२-१८ वर्षका बालक र १२-१८ वर्षका बालिका गरी तीन वटा समूहमा विभाजन गर्ने,
- हरेक समूहमा दुई-चारवटा न्यूजप्रिन्टलाई जोडेर एउटै ठूलो कागज बनाई भुईमा बिछ्याउने,
- हरेक समूहमा भएका बालबालिकामध्ये सबैभन्दा सानो बालक या बालिकालाई त्यही ठूलो कागजमा सुत्न लगाउने,
- सुतेको शरीरको स्पष्ट चित्र आउने गरी दुवै जनालाई दुई तिरबाट मार्कर तथा मास्किङ् टेपले कागजमा शरीरको रेखाङ्कन गर्न लगाउने,

- शरीरका अङ्गसँग मिल्ने खालका प्रश्न गरी नक्साङ्कन गरिएको शरीरको चित्रको दाया भागमा बाल भेलाअघिको अवस्था र बाया भागमा बाल भेला पछिको अवस्थाको बारेमा लेख्न लगाउने ।

### ख) सहजीकरणका लागि केहि प्रश्नहरू

**टाउँको** : बाल भेलाअघि र पछि बालबालिकाको सोचमा के फरक देखिएको छ ?

**आँखा** : बाल भेलाअघि र पछि बालबालिका र उनीहरूका समस्याहरूलाई हेर्ने दृष्टिकोणमा के अन्तर छ ?

**कान** : बाल भेलाअघि र पछि वयस्कहरूले बालबालिकाका कुरा सुन्ने तरिकामा के-कस्तो फरक छ ?

**मुख** : बाल भेलाअघि र पछि बालबालिकासँग वयस्कले गर्ने व्यवहारमा के फरक छ ?

**हात** : बाल भेलाअघि र पछि बालबालिकाले निर्वाह गर्ने जिम्मेवारीमा के फरक छ ?

**मुटु** : बाल भेलामा सहभागी भई आ-आफ्ना विचार राख्न पाउँदा, आफ्ना समस्या बमोजिमको मागलाई स्थानीय निकायबाट पारित गरी कार्यक्रम गरी समस्याको समाधानको पहल गर्न पाउँदा कस्तो महसुस गरिरहनु भएको छ ?

**पेट** : बाल भेलाअघि र पछि बालबालिकाले भोग्ने गरेको समस्या के-के छन् ?

**खुट्टा** : बाल भेलाअघि र पश्चात बालबालिकाको पहुँचमा आएको परिवर्तन के छ ?

क) मन पर्ने ख) मन नपर्ने

**समय** : ३० मिनेट

**उद्देश्य** : सहभागी बालबालिकालाई आफ्नो गाउँ समाजमा आफूलाई मन परेको व्यवहार, परिवेश, वातावरण, ठाउँ, संरचना, सेवा आदि बारे चित्र मार्फत व्यक्त गर्न लगाउनु ।

- प्रत्येक समूहलाई ब्राउन पेपर, पेनसिल, इरेजर, कटर, साइनपेन र मैन कलर वितरण गर्ने ।
- एउटा ब्राउनपेपरलाई दुईभागमा पट्याउन लगाउने ।
- सहभागीलाई ब्राउनपेपरको एकभागमा गाउँ/नगरपालिका भित्र आफूलाई मन परेको र अर्को भागमा मन नपरेको वातावरण, व्यवहार, परिवेश, संस्कार, संरचना, पूर्वाधार जस्ता कुराहरूको चित्र बनाउन लगाउने ।

### सहजीकरणका लागि केहि प्रश्नहरू

#### आफ्नो गाउँ/नगरपालिकामा

क) साधारण वातावरण जुन हामीलाई मन पर्छ र मन पर्दैन ।

ख) व्यवहार जुन हामीलाई मन पर्छ र मन पर्दैन ।

ग) अन्य कुनै पनि मनपर्ने र मन नपर्ने कुराहरू । (परिवेश, संस्कार, संरचना, पूर्वाधार आदि)

### ग) जोखिम नक्साङ्कन

**समय** : ३० मिनेट

**उद्देश्य** :

सहभागी बालबालिकालाई आफू कहाँ सुरक्षित छु र कहाँ असुरक्षित छु भन्नेबारे चित्रद्वारा व्यक्त गर्न लगाउनु ।

सुरक्षित र असुरक्षित स्थलको पहिचान गरी योजना निर्माणमा सहयोग पुऱ्याउनु ।

**विधि**:

- सहभागीहरूलाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहमा यथावत बस्न लगाउने ।

- प्रत्येक समूहलाई एक-एकवटा ब्राउनपेपर, पेनसिल, इरेजर, कटर, साइनपेन र मैन कलर वितरण गर्ने ।
- सहभागीलाई प्रकोप, वातावरण र संरक्षणको हिसाबले सुरक्षित, असुरक्षित स्थान र क्षेत्रको चित्र बनाउन लगाउने ।
- चित्र बनाउँदा सबै सहभागीको विचार चित्रमा प्रतिबिम्बित हुने कुरामा सहजकर्ताले विशेष ध्यान दिने ।
- चित्र तयार गरिसकेपछि सुरक्षित स्थानलाई रातो रंगको थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने ।
- असुरक्षित स्थानलाई कालो रंगको थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने ।
- समूह कार्य सकिसकेपछि प्रस्तुती गर्न लगाउने र धन्यवाद दिने ।

### घ) हामी कस्तो परिवेश चाहन्छौं ? (Visioning)

**समय** : एक घण्टा

**उद्देश्य** : सहभागी बालबालिकाले बालमैत्री गाउँ/नगरपालिकाको परिकल्पना तयार गर्नु ।

चित्रको माध्यमबाट बालबालिकाले आफूले चाहेको बालमैत्री स्थानीय तहको चित्रण गर्नु ।

**सामग्री** : ब्राउन पेपर, मार्कर, साइनपेन, पेन्सिल, इरेजर, कटर, मैन कलर आदि ।

**विधि**

- सहभागीहरूलाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहमा पुनः यथावत बस्न लगाउने ।
- प्रत्येक समूहलाई ब्राउनपेपर, पेनसिल, इरेजर, कटर, साइनपेन र मैन कलर वितरण गर्ने ।
- सहभागीहरूलाई पाँच मिनेटसम्म आँखा चिम्म गर्न लगाउने ।
- आँखा चिम्म गरेर तपाईं कस्तो गाउँ समाज देख्न चाहनुहुन्छ भनी कल्पना गर्न लगाउने ।
- सहभागी बालबालिकालाई आफूले चाहेको गाउँ समाजमा कस्ता संरचना, व्यवहार, संस्कार हुनुपर्ला र कस्तो समाज देख्न चाहन्छौं भन्ने विषयमा छलफल गरी चित्र बनाउन लगाउने ।

### सत्रको निष्कर्ष

१) बालबालिकाको आवाजलाई स्थानीय, प्रदेश र संघीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गर्न स्थानीय तहको सबै बालबालिकाको प्रतिनिधित्व गरी हुने भेला नै बाल भेला हो ।

२) बाल भेलामा सबै बालबालिकाको आवाजलाई समेट्न शरीर नक्साङ्कन, मन पर्छ/मन पर्दैन, जोखिम नक्साङ्कन र परिकल्पना औजारको प्रयोग गरी बालमैत्री ढङ्गबाट सहजीकरण गर्नुपर्छ ।

३) भेलामा सबै बालबालिकाको अर्थपूर्ण सहभागिता भएको सुनिश्चित गर्नुपर्छ ।

# सत्र १८ : स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई स्थानीयतहको योजना तर्जुमा प्रक्रिया भित्र बाल सहभागिता कस्तो छ भन्ने विषयमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले स्थानीयतहहरूले योजना तर्जुमा गर्दा त्यस भित्र हुने बाल सहभागिताका बारेमा जानकारी पाउनेछन् ।

**समय**: ४० मिनेट

**पूर्व-तयारी**: योजनाका चरणहरू लेखिएको हातेपत्र

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: छलफल

### क्रियाकलाप

- ✓ यस सत्रमा हामी स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल सहभागिताका विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- ✓ अब सहभागीहरूलाई वर्तमान व्यवस्था अनुसार योजना तर्जुमा कहिले कहिले र कति चरणमा हुन्छ होला भनी सोध्नुहोस् ।
- ✓ सहभागीहरूको प्रतिक्रिया सुनेपछि सहजकर्ताले सहभागीहरूको प्रयासलाई धन्यवाद दिँदै स्थानीय तहको योजना तर्जुमाका चरणहरू हाते पत्रमा भए जस्तै छलफल गर्नुहोस् ।
- ✓ योजना तर्जुमाको चरणहरू छलफल गर्दा कुन समयमा कुन चरण हुन्छ भन्ने पनि छलफल गराउनुपर्छ ।
- ✓ अब सहभागीहरूलाई बाल भेला कुन बेला गर्नुपर्ला भनी छलफल गर्नुहोस् ।
- ✓ हातेपत्रमा भए जस्तै बस्ती स्तरको भेलामा बाल सहभागिता, वडा समिति मार्फत योजना तर्जुमा समितिमा बालबालिकाको योजना पेश, नगर स्तरमा नगर सञ्जालबाट बालबालिकाको योजना प्रस्तुत गर्ने विषयवस्तुहरू हातेपत्रमा भए जस्तै छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

### सन्दर्भ सामग्री

### स्थानीय तह योजना प्रक्रिया

**पहिलो चरण** :

स्थानीय तहको पहिलो चरण संघीय र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्नु हो । यो चरणमा स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा ४ र ५ बमोजिम वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने अधिकार छ । यसै गरी स्थानीय सरकारलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय हस्तान्तरण मार्फत आफूले प्राप्त गर्ने स्रोतको पहिचान गर्ने अधिकार छ । यसै गरी संघीय सञ्चित कोषबाट सशर्त अनुदान, समपूरक अनुदान वा अन्य विशेष अनुदान प्राप्त गर्ने अधिकार छ । यी सबै सम्भावित अनुदान र वित्तीय हस्तान्तरणका खाका तथा यसका मार्गदर्शन वैशाखको पहिलो साताभित्र स्थानीय तहले प्राप्त गरेपछि स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सुरु हुन्छ ।

**दोस्रो चरण** :

यस चरणमा स्थानीय सरकारको विशेष क्रियाशिलता आवश्यक पर्दछ । सबैभन्दा पहिले स्थानीय तहको वस्तुगत विवरण आवश्यक पर्छ । यस्तो विवरणमा भौगोलिक, सामाजिक र आर्थिक पूर्वाधार लगायतको यथार्थ विवरण चाहिन्छ । गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ । यो समितिले राजस्वका स्रोत, दायरा र दरको समेत प्रस्ताव गर्नेछ । गाउँ/नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ । यो समितिले पहिलो चरणमा प्राप्त हुने वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ । यो समितिले

विषयगत क्षेत्रको सीमा, कार्यक्रमको प्राथमिकीकरण र विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्नेछ। यो समितिले वडा तह र बस्ती स्तरमा योजना छ, सुझावको ढाँचा र बस्ती स्तरको योजना छ, सुझावको मिति समेत तय गरी सूचना जारी गर्नेछ।

**तेस्रो चरण** :

तेस्रो चरणमा बस्ती, टोल स्तरबाट योजना छ सुझाव गरिन्छ। एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन्। यस्ता टोलहरूमध्येबाट वडाले आवश्यक मात्रामा क्लस्टर बनाएको हुन्छ। वडा भेलामा बस्ती स्तरका सबै नागरिकलाई जम्मा गरिएको हुन्छ।

बस्ती स्तरीय भेला आयोजना गर्न वडा सदस्यको नेतृत्वमा टोली खटाइएको हुन्छ। बस्ती तथा टोलको योजना छ, सुझावमा सबै समुदायको अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नुपर्दछ। बालबालिकाको पनि बेग्लै भेला गराउनु अर्थपूर्ण हुन्छ।

**चौथो चरण** :

वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्र समेत छुट्याएर प्राथमिकता दिनुपर्दछ। यो प्रक्रियामा बालाबालिकासँग सम्बन्धित कार्यक्रम वडा स्तरीय बालभेलाबाट प्राथमिकीकरण गर्नुपर्दछ।

**पाँचौं चरण** :


वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुंगो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरू सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ। यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, संस्थागत पूर्वाधार, वित्तीय व्यवस्थापन सम्बन्धी विषयगत सूची तयार गर्नेछ। यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराईन्छ। यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक आयोजना तथा कार्यक्रमको प्रस्ताव तयार हुन्छ।

**छैठौं चरण** :

गाउँ तथा नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेका वार्षिक कार्यक्रम नगर तथा गाउँ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ।

**सातौं चरण** :

सातौं तथा अन्तिम चरणमा यसरी पेश भएका नीति र कार्यक्रम नगर/गाउँ सभाले दफावार छलफल गरी पारित गर्नेछन्। पारित भएका कार्यक्रम अन्तिम हुनेछन् भने यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ।



यसरी हेर्दा बालभेला योजना तर्जुमा प्रक्रियाको दोस्रो र तेस्रो चरणको बीचमा गरिसक्नु पर्छ। बाल भेलाबाट आएका योजनाहरूलाई प्राथमिकताका आधारमा लिखित रूपमा वडा बालक्लब सञ्जालले वडा समिति, नगर/गाउँ बालक्लब सञ्जालले नगर/गाउँ कार्यपालिकामा पत्रसहित पेश गर्नुपर्छ।

बाल भेलामा सहभागी हुने बालबालिका विभिन्न बस्तीबाट प्रतिनिधित्व गरेका हुन्छन्। त्यसैले उनीहरू बस्ती स्तरको भेलामा पनि सहभागी भएर बाल भेलाबाट आएका उक्त बस्तीसँग सम्बन्धित विषयहरू पेश गर्न सक्नेछन्।

### सत्रको निष्कर्ष

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बजेट दिग्दर्शन अनुसार स्थानीय तहको योजना तर्जुमाको ७ चरणहरू छन्।

२) बालबालिकाको योजना तथा सवालहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नका लागि बाल भेला समयमै आयोजना गर्नुपर्छ।

३) बाल भेलामा प्राथमिकीकरण गरी आएका योजनाहरूलाई लिखित रूपमा वडा समिति र कार्यपालिकामा पेश गर्नुपर्छ।

# खण्ड ग

# समापन औपचारिक

# सत्र १९ : सहजीकरण, सीप र गुण

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई असल सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरूका बारेमा सहभागीहरूबीच छलफल गर्नु रहेको छ ।

**अपेक्षित उपलब्धि** यस सत्रको अन्त्यपछि सहभागीहरूले असल सहजकर्ता कस्तो हुन्छ र के-के कुराहरूमा विचार पुर्‍याउनुपर्छ भन्ने जानकारी प्राप्त गर्नेछन् ।

**समय**: १ घण्टा ३० मिनेट

**पूर्व-तयारी**: असल सहजकर्ताले गर्न हुने र नहुने कुराहरूको सूची

**आवश्यक सामग्री**: मेटाकार्ड, मार्कर, चार्ट पेपर

**विधि**: जोडी छलफल

**क्रियाकलाप**

- ✓ सहजकर्तालाई हामी यस सत्रमा सहजकर्तामा हुनुपर्ने गुणहरू के-के हुन् । सहजीकरणका क्रममा के-कस्ता कामहरू गर्न हुन्छ के-के कुराहरू गर्न हुँदैन भन्ने विषयमा छलफल गर्दैछौँ भन्ने जानकरी गराउनुहोस् ।
- ✓ सहभागीहरूलाई २/२ जनाको जोडी बन्नका लागि भन्नुहोस् ।
- ✓ त्यसपछि तपाईंले आफ्नो जीवनमा कुनै विषय वस्तु (विवाद, सामुहिक छलफल, मुद्दा)मा सहजीकरण गर्नु भएको हुन सक्छ । त्यसरी सहजीकरण गर्दा कतिपय सन्दर्भमा साझा निष्कर्ष निस्किएर समस्याको समाधान भएको पनि हुन सक्छ नभएको पनि हुन सक्छ । त्यसरी सहजीकरण गर्दा के कारणले समाधान हुनु/नहुनुको कारण के होला छलफल गर्नुहोस् ।
- ✓ छलफलपछि आफूलाई महत्त्वपूर्ण लागेको ३ वटा कारणहरूको सूची बनाउनका लागि भन्नुहोस् । यसका लागि १० मिनेटको समय दिनुहोस् । केहि जोडिहरूलाई आफ्नो भनाइ राख्ने अवसर दिनुहोस् ।
- ✓ सहभागीहरूको भनाइका आधारमा सहजीकरण के हो ? के होइन भन्ने विषयमा छलफल गर्नुहोस् ।
- ✓ त्यसपछि प्रत्येक जोडीलाई मेटाकार्ड दिनुहोस् । असल सहजकर्ताले गर्न सक्ने कुराहरू र गर्न नहुने कुराहरू मध्ये आफ्नो समूहलाई उपयुक्त लागेको कुनै १/१ वटा कुराहरू लेख्नका लागि ५ मिनेट समय दिनुहोस् ।
- ✓ यो बीचमा सहजकर्ताले गर्न हुने कुराहरू हरियो चार्ट पेपरमा र गर्न नहुने कुराहरू रातो चार्ट पेपरमा लेखेर चार्ट पेपर टाँसेर राख्नुहोस् ।
- ✓ सहजकर्ताले आफ्नो समूहले सकिसकेपछि आफूलाई मन लागेको समूहमा केहि नभनी उक्त मेटाकार्ड दिनका लागि भन्नुहोस् । अब सबै समूहलाई आफूलाई अर्को समूहले दिएको कुराहरू अध्ययन गरी गर्न हुने, नहुने, कतापट्टी पर्छ, चार्ट पेपरमा टाँस्नका लागि भन्नुहोस् ।
- ✓ सहभागीले तयार गरेको सूचीका आधारमा सहजीकरणका सीपहरूको बारेमा छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।

### सन्दर्भ सामग्री

सहजीकरण भन्नाले कुनै पनि विषयवस्तुमा सहभागीहरू बीच सहज वातावरणको सिर्जना गरी छलफल चलाउने वा सिक्ने सिकाउने प्रक्रियालाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सहयोग पुऱ्याउने प्रक्रिया हो । यो एउटा सीप पनि हो जुन गरेर मात्र सिक्न सकिन्छ । सहजीकरणको क्रममा सहजकर्ताले सहभागीहरूलाई विषयवस्तुमा छलफल गर्न, निचोड निकाल्न तथा समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ ।

विश्वास तथा खुल्लापनको वातावरणको सिर्जना गर्नु ।

कुनै पनि व्यक्ति, समूह वा टोलीलाई निश्चित लक्ष्य प्राप्त गर्न सहयोग गर्नु ।

प्रभावकारी प्रक्रिया अपनाई चाहेको नतीजा प्राप्त गर्न सक्षम बनाउनु ।

| सहजीकरण के हो ? | सहजकरण के होइन ? |
|---|---|
| प्रश्नमाथि छलफल गर्नु ? | छलफल नगरी आफैँ उत्तर दिनु । |
| समस्या समाधान गर्न सहयोग गर्नु । | आफैँ समस्या समाधान गरिदिनु । |
| विकल्पको खोजी गर्न सहयोग गर्नु । | सिकाई दिनु, समस्याहरूको विकल्प बताईदिनु । |
| सबैले प्रयास गरेमा नजान्ने भन्ने केहि छैन भन्ने विचार राख्नु । | मलाई मात्र थाहा छ भन्ने सोच राख्नु । |
| अरुको विचारको आदर, प्रसंसा गर्नु । | अरुको विचारलाई हतोत्साही गर्नु । |
| निचोड/सारांश निकाल्न सहजीकरण गर्नु । | आफैं निर्णय वा निचोड दिनु । |

**विषयवस्तु प्रवेस**: हरेक पाठलाई रोचक र सहभागी केन्द्रित बनाएर लैजानका लागि विषयवस्तुसँग सान्दर्भिक हुने खेल, भूमिका अभिनय, गीत, चुट्किला, लघुकथा, काटुन, तस्वीर, चित्रकला (रोचक प्रसंग) आदिको प्रयोग गर्ने जसले गर्दा सहभागीको ध्यान सजिलै विषयवस्तुतर्फ तानियोस् । त्यसको लगत्तै रोचक प्रसंगसँग विषयवस्तुलाई लिङ्क गरी प्रस्तुतीकरण अघि बढाउने ।

**विस्तृत क्रियाकलाप**: यो खण्ड पाठ योजनाको मुख्य भाग (Body Part) हो र सबै भन्दा धेरै समय सहजकर्ताले यहीँ खर्चनु पर्दछ । हरेक शीर्षक र त्यस अन्तर्गतका उपशीर्षकहरूमा सिलसिलाबद्ध ढंगले विस्तृत क्रियाकलाप अघि बढाउने ।

**संक्षेपीकरण**: सहभागीहरूलाई हरेक पाठमा छलफल भएका विषयवस्तुहरूमा तुरुन्त पूनरावलोक गर्न सजिलो होस् भनी सहजकर्ताले आफूले प्रस्तुत गरेका विषयहरूको सार निकाल्न ...........

**बुझाई परीक्षण**: सहजकर्ताले हरेक सत्रको अन्त्यमा सहभागीले बुझे नबुझेको जाँच गर्नुपछ ।

### असल सहजकर्ताका गुणहरू

**अवलोकन**: सहजकर्ताले सबै सहभागीहरूको सक्रिय सहभागिता र सहज उपस्थिति सुनिश्चित गरी सहभागीहरूको गतिविधि र चासोका विषयलाई परिपालना गर्नु ।

**श्रवण**: सहभागीहरूको विचार तथा प्रतिक्रियालाई सुनेर आवश्यक सम्बोधन गर्ने प्रयास गर्नु ।

प्रश्न गर्ने सीप: सहभागीहरूलाई सहज र चाखलाग्दो तथा सम्मानजनक किसिमले प्रश्न सोध्नु ।

**प्रस्तुतीकरण**: समय, गति, ध्वनिको स्तर आदिको सामञ्जस्यताका साथ विषयवस्तुलाई सरल ढङ्गले प्रस्तुत गर्नु ।

**भाषा**: सहभागी स्तर, परिवेश र उमेर समूह अनुसार उपयुक्त हुने; बुझ्न सरल हुने भाषाशैलीको प्रयोग गर्नु ।

**व्यक्तित्व र हाउभाउ**: परिवेश सुहाउँदो पहिरन, आत्मविश्वासी व्यक्तित्व र विषयवस्तु अनुकूल हाउभाउ गर्नु ।

**प्रशंसनीय प्रतिक्रिया**: सहभागीको विचार तथा जिज्ञासामा धैर्यताका साथ प्रशंसनीय प्रतिक्रिया दिनु ।

**समय**: समयमा सत्र सुरु गरी समयमानै सक्नु ।

**विषयकेन्द्रित**: छलफलमा हुने/हुन सक्ने विषयान्तरलाई न्यूनीकरण गर्दै विषयकेन्द्रित छलफल गर्नु ।

# सत्र २० : सहजीकरण अभ्यास

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई प्रशिक्षणका न्यूनतम विषयहरूमा अभ्यस्त बनाउनु रहेको छ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यपछि सहभागीहरूले तालीम सहजीकरणका आधारभूत विषयहरूमा जानकार हुनेछन् ।

**समय**: ३ घण्टा

**पूर्व-तयारी**: सहजकर्ताले सहभागीहरूलाई दिने विषयहरूको सूची पहिलेनै तयार पारेर राख्नुपर्छ ।

**विधि**: समूह कार्य

**क्रियाकलाप**:

- ✓ सहजकर्ताले हामीले अघिल्लो सत्रमा सहजकर्ता, सहजकर्ताको भूमिका, सहजकर्ताले ध्यान दिनुपर्ने विषय लगायतका विषयमा छलफल गर्‍यौं । यस सत्रमा हामी सहजीकरण गर्ने विषयमा अभ्यास गर्छौं भनी जानकरी दिनुहोस् ।
- ✓ अब सहजकर्ताले ३/३ जनाको समूह विभाजन गर्नुहोस् । यसरी विभाजन गर्दा सहजकर्ताले लैङ्गिकता, भौगोलिक अवस्था र अन्य विविधतालाई विचार पुर्‍याउनुपर्छ ।
- ✓ सहजकर्ताले सबै समूहलाई तालीम अवधिमा छलफल भएका विषयवस्तु समेटिने गरी १/१ वटा विषयहरू सहजीकरणका लागि प्रदान गर्नुहोस् ।
- ✓ प्रत्येक समूहलाई आफूलाई परेको विषयवस्तुमा छलफल गरी सबै जना समेटिने गरी प्रस्तुतीकरणका लागि तयारी गर्नका लागि १५ मिनेटको समय दिनुहोस् । प्रत्येक समूहले प्रस्तुतीकरणका लागि १० मिनेटको समय प्राप्त गर्ने र सोका लागि समूहका सबैको सक्रिय सहभागिता हुनुपर्ने बताउनुहोस् ।
- ✓ अब पालैपालो प्रत्येक समूहका लागि प्रस्तुतीकरणका लागि समय दिनुहोस् । यसरी प्रस्तुतीकरण गर्दा प्रस्तुतकर्ताले अन्य सहभागीहरूलाई तालीम दिँदैछु भन्ने विचार गर्नका लागि भन्नुहोस् र बाँकी रहेका समूहलाई उक्त समूहको प्रस्तुतीकरणमा आफ्नो समूहलाई राम्रो लागेको र सुधार गर्नुपर्ने १/१ वटा बुँदा टिपोट गर्नका लागि भन्नुहोस् ।
- ✓ प्रत्येक समूहले आफ्नो प्रस्तुतीकरण सकेपछि अन्य सहभागीलाई आफ्नो जिज्ञासा वा सुझाव राख्नका लागि भन्नुहोस् । सहजकर्ताले पनि आफूले टिपोट गरेका कुराहरू (राम्रा र सुधार गर्नुपर्ने कुराहरू) प्रस्तुत गर्नुहोस् ।
- ✓ यसरी सबै समूहले प्रस्तुत गरिसकेपछि सहजकर्ताले सत्रको संक्षेपीकरण गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री १**

**सहजीकरणका लागि विषयवस्तुहरू**

बालबालिकामा किन लगानी गर्ने ?

बाल अधिकार

बालबालिका सम्बन्धी नीतिगत व्यवस्था

बालमैत्री स्थानीय शासनको अवधारणा

बालमैत्री स्थानीय शासनको सिद्धान्त र रणनीति (कार्यनीति)

बालमैत्री स्थानीय शासनका सूचकहरू

बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण र सरलीकरण

बालमैत्री अवलम्बन, कार्यान्वयन र घोषणा गर्दा ध्यान दिनुपर्ने विषयवस्तुहरू

बाल भेला र योजना तर्जुमा

बाल सहभागिता

# सत्र २१ : कार्ययोजना निमार्ण

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई कार्ययोजना निमार्ण कसरी गर्ने ? भन्ने विषयमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले कार्ययोजना कसरी निमार्ण गर्ने ? भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समय**: १ घण्टा

**पूर्व-तयारी**: कार्य योजनाको कार्यान्वयनका लागि उपयुक्त समूह विभाजनको सूची

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: समूह कार्य

**क्रियाकलाप**

- ✓ अब हामी तालीमको अन्तिममा आइपुगेका छौं अहिलेसम्म तालीममा कुनै गुनासो, जिज्ञासा वा छलफलका विषय भए सोध्नका लागि समय उपलब्ध गराउनुहोस् ।
- ✓ अब हामी कार्ययोजना निर्माण गर्न गइरहेका छौं भनी नमूना कार्ययोजना प्रस्तुत गर्नुहोस् । साथै कार्ययोजना निर्माणका लागि ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्नुहोस् ।
- ✓ त्यसपछि सहजकर्ताले आवश्यकता अनुसार एउटै कार्यालय, स्थान वा तालीमको सन्दर्भ अनुसार समूह विभाजन गरी कार्ययोजना निर्माणका लागि अनुरोध गर्नुपर्छ। कार्ययोजना तयारीका लागि ३० मिनेटको समय भएको जानकारी दिनुहोस्।
- ✓ सबै समूहको सकिएपछि प्रस्तुतीकरण र छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

**कार्ययोजनाको नमूना**

| क.स. | क्रियाकलाप | बजेट | जिम्मेवारी | | | समय सिमा |
|---|---|---|---|---|---|---|
| | | | कार्यान्वयन | समन्वय | सहयोग | |
| १. | बालमैत्री आचार संहिता तयारी | २१,३०० | गा. पा. | बालमैत्री स्थानीय शासन समिति | | २०७७ चैत २ गतेसम्म |
| २. | बालबालिकाको प्रोफाइल प्रकाशन | १,५०,००० | वडा | गाउँपालिका | सामाजिक संघ संस्थाहरू | २०७७ वैशाख २१ गतेसम्म |

# सत्र २२ : तालीम पश्चातको परीक्षण

**उद्देश्य**: सहभागीहरूको बालमैत्री स्थानीय शासनका तालीमको प्रभावकारिता परीक्षण गर्नु ।

**अपेक्षित उपलब्धि**: तालीमको प्रभावकारिताको बारेमा जानकारी हासिल हुनेछ ।

**समय**: १० मिनेट

**पूर्व-तयारी**: सहजकर्ताले तालीम पश्चातको परीक्षण प्रश्नावली पहिले नै सबै सहभागीहरूलाई पुग्ने गरी तयारी गरी राख्नु पर्नेछ ।

**विधि**: प्रश्नोत्तर

**क्रियाकलाप**:

सबै सहभागीहरूलाई सहजीकरण पुस्तिकामा भएजस्तै तालीम पश्चातको परीक्षणका प्रश्नहरू वितरण गर्नुहोस् ।

सहभागीहरूलाई प्रश्नपत्रको माथि आफूले सुरुको दिनमा राखेको संकेत वा चिन्ह राख्न भन्नुहोस् ।

**तालीम पश्चातको परीक्षण**

१. बाल अधिकार सम्बन्धी महासन्धि कहिले पारित भएको थियो ?

क) १९९० सेप्टेम्बर १४ ख) १९८९ सेप्टेम्बर २० ग) १९८९ नोभेम्बर २० घ) १९८९ नोभेम्बर २०

२. बाल अधिकार सम्बन्धी महासन्धिमा कतिवटा धारा छन् ?

क) ४३ ख) ५४ ग) ४ घ) १६

३. बाल अधिकार सम्बन्धी महासन्धिलाई कति पक्षमा विभाजन गर्न सकिन्छ ?

क) ९ ख) ५४ ग) ७ घ) ४

४. बालमैत्री स्थानीय शासनका कतिवटा सूचकहरू छन् ?

क) ४२ ख) २७ ग) ५१ घ) ३९

५. बालमैत्री स्थानीय शासनका कतिवटा सिद्धान्तहरू छन् ?

क) ७ ख) ४ ग) २ घ) ९

६. पूर्ण खोप कुन अधिकार अन्तर्गत पर्छ ?

क) बाल सहभागिता ख) बाल संरक्षण ग) बाल बचाउ घ) बाल विकास

७. तलका मध्ये कुन भनाइ सर्वोत्तम हित अन्तर्गत पर्छ ?

क) रामको छोरा मोबाईल नभइ खाना खान्न भनेपछि रामले उसलाई मोबाईलमा गेम खेल्न दिन्छ ।

ख) सीता आत्नी छोरी रुन्छे भनेर दादुराको खोप लगाउन नलैजाने विचारमा छिन् ।

ग) १४ जना मात्र विद्यार्थी भएर बन्द हुन लागेको विद्यालयलाई नगरप्रमुखले ती विद्यार्थी अर्को विद्यालयसम्म पुग्न गाऱ्हो हुने भन्दै बन्द नगर्ने निर्णय गर्छन् ।

घ) कुनै पनि होइन ।

८) बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि कति अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था छ ?

क) ७०% ख) ८०% ग) ९०% घ) १००%

९) स्थानीय सरकार सञ्चालन ऐनमा वडालाई बालमैत्री बनाउने कुरा कसको कर्तव्य अन्तर्गत राखिएको छ ?

क) जि. स. स. ख) पालिका ग) पालिका प्रमुख/अध्यक्ष घ) वडा समिति

१०) पालिकालाई बालमैत्री घोषणा गर्नका लागि स्वीकृति दिने निकाय कुन हो ?

क) कार्यपालिका ख) जि. स. स. ग) प्रदेश सरकार सम्पर्क मन्त्रालय घ) संघीय सम्पर्क मन्त्रालय

११. बालमैत्री स्थानीय शासन भनेको के हो ?

.............................................................................................................................................................
.............................................................................................................................................................
..........................................

१२. बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण भनेको के हो ?

.............................................................................................................................................................
.............................................................................................................................................................
..........................................

१३. आवधिक लगानी योजना र रणनीतिक योजना बीचको भिन्नता के होला ?

.............................................................................................................................................................
.............................................................................................................................................................
..........................................

माथि उल्लिखित प्रश्नको उत्तर पेज नं. ८३ मा रहेको छ ।

## सत्र २३ : समग्र तालीमको पुनरावलोकन तथा मूल्याङ्कन र समापन

**उद्देश्य**: यस सत्रको उद्देश्य सहभागीहरूलाई तालीमको पुनरावलोकन तथा मूल्याङ्कनका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि**: यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले तालीमको पुनरावलोकन र मूल्याङ्कन बारेको जानकारी पाउनेछन् ।

**समय**: २० मिनेट

**पूर्व-तयारी**: मुटु आकारमा काटिएको मेटाकार्ड

**आवश्यक सामग्री**: चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि**: लेखन

**क्रियाकलाप**

- ✓ यस सत्रमा सहजकर्ताले तालीमको पुनरावलोकन र मूल्याङ्कन गर्न लागिएको जानकारी दिनुहोस् ।
- ✓ त्यसपछि सहजकर्ताले मुटु आकारमा पहिले नै काटेर राखिएको मेटाकार्ड उपलब्ध गराउनुहोस् ।
- ✓ अब सहभागीहरूलाई उक्त मुटुको दायाँतिर यस तालीमपछि आफूले सिकेको आफूलाई महत्त्वपूर्ण लागेको कुनै ३ वटा कुराहरू लेख्नका लागि अनुरोध गर्नुहोस् । त्यस्तै बायाँतिर यस तालीमपछिको आफ्नो १ वटा प्रतिवद्धता लेख्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी गराउनुहोस् ।
- ✓ सहभागीहरूको सबैले लेखिसकेपछि सहजकर्ताले सबै मेटाकार्ड जम्मा गर्नुहोस् ।
- ✓ अब सहजकर्ताले तालीम मूल्याङ्कन फारम र तालीम पश्चातको परीक्षण पत्र दिनुहोस् र यसका लागि १० मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- ✓ तालीममा सहजर्ताले कम्तिमा १ जना महिला, १ जना पुरूष र १ जना अन्य (आफ्नो पहिचान खुलाउन चाहने भएमा मात्र) तालीमको बारेमा प्रतिक्रिया वा आफ्नो भनाइ राख्ने अवसर दिनुपर्छ । (आयोजकले औपचारिक समापन राखेको पनि हुन सक्छ । सोहि कार्यक्रममा पनि सहभागीको भनाइ राख्न सकिन्छ ।)
- ✓ अन्त्यमा सबैलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्दै तालीमको औपचारिक अन्त्यका लागि आयोजकलाई  समय उपलब्घ गराउँदै विदा लिनुपर्छ ।
- ✓ आयोजकले तालीमको औपचारिक समापन गर्न सक्नेछन् ।

**उत्तरहरूः**

**तालीम पूर्व र पश्चातको परीक्षक प्रश्नका उत्तरहरूः**

प्रश्न नं.: १. (ग), २. (ख), ३. (घ), ४. (ख), ५. (क), ६. (ग), ७. (ग), ८. (ख), ९. (घ), १०. (ग)

**बाल अधिकार र बालबालिका केन्द्रित नीति तथा कानूनी व्यवस्थाहरू सम्बन्धी प्रश्नका उत्तरहरूः**

प्रश्न नं.: १. (ग), २. (ग), ३. (घ), ४. (ख), ५. (घ), ६. (क), ७. (ग), ८. (घ), ९. (ख), १०. (ङ), ११. (ग), १२. (ख), १३. (क), १४. (ग), १५. (ख),

## सन्दर्भ सामग्री

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी सन् , सन् १९८९, संयुक्त राष्ट्र संघ ।

बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

बालश्रम (निषेध र नियमित) ऐन, २०५६, नेपाल सरकार ।

नेपालको संविधान,  नेपाल सरकार ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, नेपाल सरकार ।

बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका, २०७७, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च ।

बालभेला सञ्चालन र सहजीकरण हाते पुस्तिका, २०७४ नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाडौं ।

बालभेला सञ्चालन र सहजीकरण पुस्तिका, २०७४ युनिसेफ नेपाल । इन्टरनेटमा बालबालिकाको सुरक्षा सम्बन्धी तालीम सहजीकरण पुस्तिका, २०७८, नेपाल दुरसञ्चार प्राधीकरण, युनिसेफ नेपाल, सिर्जनशिल समाज नेपाल ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, नेपाल सरकार ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, नेपाल सरकार ।

विद्युतीय कारोबार ऐन, २०६३, नेपाल सरकार ।

बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४ नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाडौं ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

सुरक्षा परिषद्को १६१२ घोषणा, संयुक्त राष्ट्र संघ ।

बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९, संयुक्त राष्ट्र संघ ।

दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन ।

दिगो विकास लक्ष्य, सन् २०१५, संयुक्त राष्ट्र संघ ।

Accesed from https://www.unicef.org/nepal/ on 04/01/2021.




## बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चका सदस्य संस्थाहरू

## बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको परिचय

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रवद्धन गर्न लागिपरेका बालक्लवका पूर्व सदस्यहरूको नेतृत्वमा सन् २०१७ मा स्थापना गरिएको राष्ट्रिय सञ्जाल हो। सातै वटा प्रदेशको प्रतिनिधित्व हुने गरी १५ वटा संस्थाहरू सदस्य रहेको यस मञ्चको सचिवालय जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ। यसले संघीय, प्रदेश सरकार, विकासका साझेदार संस्था नागरिक संघ संगठन सरोकारवालाहरूसँगको समन्वय र हरेक स्थानीय तहमा बालबालिकाको समेत अर्थपूर्ण सहभागितामा बालबालिका केन्द्रित विकास तथा लगानी योजनाको निमार्ण तथा कार्यन्वयनका साथ बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्दछ।

हाल यसले बालमैत्री स्थानीय शासनको विषयमा सरोकारवालाको क्षमता अभिवृद्धि, सचेतना बृद्धि, अभियान, पैरवी, वकालत र सकारात्मक सिकाईका, प्रमाण माध्यमबाट अत्यधिक सीमान्तकृत र पिछडिएका बालबालिकाको बालमैत्री स्थानीय शासनमा मूलधार र समावेशीकरण सुनिश्चित गरी मुलुकमा बालमैत्री स्थानीय शासनको विषयलाई सुदृढीकरण गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, विकासका साझेदारहरू सहित सबै सरोकारवालाहरूको समन्वय, सहयोग र साझेदारीमा काम गरिरहेको छ।

N-CFLG Forum
For the Children

**बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च**
**Secretariat; Jagriti Child and Youth Concern Nepal (JCYCN)**
Lalitpur Metropolitan City-03, Nayabato, Sanepa, Nepal
**Phone:** +977 -1-5554717 | **Email :** ncflgforum@gmail.com
**Web :** www.ncflgforum.org